जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक २७ • २०८३ साल आषाढ २ गते मंगलबार (16 June, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।–

## बजेट महत्वाकांक्षीले कार्यान्वयनमा समस्या : प्रतिपक्षी दलहरु

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ल्याएको बजेट महत्वाकांक्षी रहेकाले कार्यान्वयनमा समस्या हुने प्रतिपक्षी दलहरुले बताएका छन् ।

सोमबार प्रदेश अर्थमन्त्री युवारज भट्टराईले ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाको बजेट प्रदेश सभामा प्रस्तत गरेका छन् । जुन चालु आव भन्दा ५ अर्ब ८४ करोड ४७ लाख ५१ हजार बजेट आगामी आर्थिक वर्षभन्दा कम रहेको छ। चालु आवमा ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजारको बजेट रहेको छ ।

बजेट बारे प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद एवं पूर्वअर्थमन्त्री संजय यादवले बजेट पूर्ण रुपमा महत्वाकांक्षी रहेकाले कार्यान्वयनमा समस्या आउने बताए ।

उनले भने 'बजेटमा सरकारको प्राथमिकता के हो भन्ने बारे उल्लेख नै गरेको छैन । सरकारले भन्न के चाहेको छ भन्ने कुरा आफै स्पष्ट छैन । गौरवको आयोजनाहरु समेटिएको छैन, अधिकांश बजेट मन्त्रीहरुले आफ्नै जिल्लाका क्षेत्रमा लगेको बुझिएको छ । यसले प्रष्ट हुन्छ कि बजेट महत्वाकांक्षी हो ।'

हामीले शुरुदेखि नै गौरवका आयोजना र अधुरा योजनाहरु सम्पन्न तथा ६४ वटै निर्वाचन क्षेत्रमा समान हिसाबले विनियोजन गर्ने गरी बजेट ल्याउन माग गर्दै आएका थियौं । बजेट हेर्दा प्राथमिकता र आवश्यकतामाथि कुनै ध्यान नपुऱ्याई बजेट ल्याएकाले यसको कार्यान्वयनमा समस्या हुनेछ ।

यो भन्दा पनि त अचम्भ कुरा के हो भने संघीय सरकारबाट प्राप्त सशर्त रकम जोडेर कूल विनियोजित प्रस्तुत गरिन्छ । तर प्रस्तुत गरिएको बजेटमा ४१ अर्ब १३ करोड ८६ लाख भनिएको छ । तर सशर्त अनुदान जोड्दा ४९ अर्ब २४ करोड हुन जान्छ । मन्त्रालयगत विवरणमा पनि सशर्त जोडेर राखिएको छ । यदि यो बजेट पास भयो भने सशर्त अनुदानको रकम कार्यान्वयनमा समस्या आउने निश्चित छ । यसले के देखाउंछ अर्थमन्त्रीको अपरिपक्वता हो । बिना अध्ययन र सल्लाह सुझावको बजेट प्रस्तुत गरिएको हो ।

त्यस्तै अर्का प्रतिपक्षी जनमत पार्टीका सांसद एवं पूर्व अर्थमन्त्री महेश यादवले पनि बजेट रकममा देखिएको हेरफेरले अर्थमन्त्री अपरिक्व र अयोग्य रहेको देखिन्छ भने । उनले पनि बजेट आवश्यकता र प्राथमिकतामा आधारित नभई महत्वाकांक्षी रहेकाले कार्यान्वयनमा समस्या देखिन्छ ।

### 'मेड इन मधेश, समृद्ध प्रदेश'

# मधेश प्रदेशको बजेट ४१ अर्ब १३ करोड ८६ लाख

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट ल्याएको छ। यो चालु आर्थिक वर्षको बजेटभन्दा ५ अर्ब ८४ करोड ४७ लाख ५१ हजार रुपैयाँ कम हो। चालु आर्थिक वर्ष २०८२/०८३ का लागि ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँको बजेट ल्याइएको थियो ।

सोमबार बसेको प्रदेश सभाको बैठकमा अर्थमन्त्री युवराज भट्टराईले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेका हुन् । प्रस्तुत बजेटअनुसार चालुतर्फ १४ अर्ब ६६ करोड ३२ लाख २९ हजार रुपैयाँ तथा पुँजीगततर्फ २६ अर्ब ४७ करोड ५३ लाख ७१ हजार रुपैयाँ खर्च गर्ने प्रस्ताव गरिएको छ। कुल बजेटमध्ये चालुतर्फ ३५.६४ प्रतिशत र पुँजीगततर्फ ६४.३६ प्रतिशत विनियोजन गरिएको छ ।

बजेट स्रोत अनुमानअनुसार संघीय सरकारको सशर्त अनुदानबाहेक आन्तरिक राजस्व तथा विविध शीर्षकबाट ११ अर्ब २२ करोड ७५ लाख रुपैयाँ, संघीय राजस्व बाँडफाँडबाट १२ अर्ब ८३ करोड रुपैयाँ, संघीय सरकारबाट वित्तीय अनुदानतर्फ ९ अर्ब ४९ करोड ५९ लाख रुपैयाँ तथा चालु आर्थिक वर्षको नगद मौज्दातबाट बाँकी ६ अर्ब ८ करोड ५ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।

अर्थमन्त्री भट्टराईका अनुसार संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानतर्फ ७ अर्ब ८४ करोड ८५ लाख रुपैयाँ, सशर्त अनुदानतर्फ ८ अर्ब १० करोड २८ लाख रुपैयाँ, समपूरक अनुदानतर्फ ९४ करोड रुपैयाँ तथा विशेष अनुदानतर्फ ७० करोड रुपैयाँ गरी कुल १७ अर्ब ५९ करोड २७ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।



विनियोजन विधेयकअनुसार आगामी आर्थिक वर्षदेखि करको दर र दायरा दुवै विस्तार गर्ने नीति लिइएको छ । साथै, प्रदेशमा सञ्चालित इँटा उद्योगहरूबाट वातावरण करस्वरूप वार्षिक ७५ लाख रुपैयाँ अतिरिक्त राजस्व संकलन गर्ने व्यवस्था गरिएको अर्थमन्त्री भट्टराईले जानकारी दिए ।

'मेड इन मधेश, समृद्ध प्रदेश' नारासहित अघि बढेकोप्रदेश सरकारले नीति तथा कार्यक्रममा कृषि क्षेत्रको विकासलाई विशेष प्राथमिकता दिएको छ । आगामी आर्थिक वर्षका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई ३ अर्ब ७७ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ।

त्यस्तै, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका लागि २ अर्ब ४४ करोड रुपैयाँ, शिक्षा तथा संस्कृति कल्याण मन्त्रालयका लागि २ अर्ब ९० करोड रुपैयाँ, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि ५ अर्ब ९५ करोड रुपैयाँ, भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि १२ अर्ब १ करोड रुपैयाँ, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका लागि ३ अर्ब ७७ करोड रुपैयाँ, श्रम तथा यातायात मन्त्रालयका लागि ३३ करोड १० लाख रुपैयाँ, वन तथा वातावरण मन्त्रालयका लागि १ अर्ब ३३ करोड रुपैयाँ, गृह, सञ्चार तथा कानून मन्त्रालयका लागि ६८ करोड ३४ लाख रुपैयाँ तथा युवा तथा खेलकुद मन्त्रालयका लागि १ अर्ब ४० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

मधेश प्रदेशलाई नेपालको औद्योगिक तथा लजिस्टिक्स केन्द्रका रूपमा विकास गर्न 'वीरगन्ज-सिमरा-हेटौंडा औद्योगिक करिडोर' तथा पथलैयामा 'बहु-मोडल लजिस्टिक्स हब' निर्माण कार्यलाई तीव्रता दिइने जनाइएको छ । साथै, सीमापार आर्थिक सम्भावनालाई उपयोग गर्न भारतको बिहार राज्यसँगको साझेदारीमा कृषि आपूर्ति शृंखला र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'मधेश-बिहार आर्थिक करिडोर' अवधारणालाई अघि बढाइनेछ ।

प्रदेशभित्र रहेका बेरोजगार जनशक्तिको यकिन तथ्यांक संकलन गरी उनीहरूको सीप तथा योग्यताको विवरण समेटिएको अनलाइन 'प्रादेशिक श्रम बैंक' स्थापना गरिनेछ । प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रबाट सञ्चालित विकास निर्माणका आयोजनाहरूमा सोही श्रम बैंकमार्फत जनशक्ति परिचालन गर्ने व्यवस्था गरिने नीति लिइएको छ ।

मानवपुँजीनिर्माणलाईरणनीतिकमहाअभियानका रूपमा अघि बढाउन 'मधेश पोषण मिसन २०८३' सञ्चालन गरिनेछ । यस अभियानअन्तर्गत मातृ तथा शिशु मृत्युदर घटाउने लक्ष्यसहित गर्भधारणदेखि शिशुको दुई वर्ष उमेरसम्मको अवधिलाई लक्षित गरी 'गर्भवती आमा पोषण प्याक' वितरण गरिनेछ । साथै, विद्यमान 'मुख्यमन्त्री पोषण कोसेली' कार्यक्रमलाई थप प्रभावकारी बनाइने जनाइएको छ ।

## निलम्बित मेयर थापासहित ८ जनाको सुनुवाइ सऱ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्लाहीको बागमती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापासहित ८ जनाविरुद्धको भ्रष्टाचार मुद्दाको सुनुवाइ असार १५ गतेका लागि पेशी सरेको विशेष अदालतले जनाएको छ ।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र सदस्यहरू डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासमा सुनुवाइका लागि पेसी तय भएको मुद्दा 'हेर्न नभ्याइने' भएपछि पेसी सरेको छ ।

सो मुद्दामा यसअघि ४ पटक साक्षी बुझ्ने आदेश भइसकेको छ भने एक पटक बहस नोट मगाउने आदेश भएको बताइएको छ । २०८२ जेठ ४ मा अख्तियार दुरुपयोगअनुसन्धान आयोगले मेयर थापासहित उपमेयर लिलाकुमारमोक्तानरपूर्वमन्त्री विजयकुमारविरुद्ध जनही ५६ करोड ७१ लाख रुपैयाँ बिगो माग दाबी गरेको थियो ।



त्यस्तै विमलकुमार पोखरेल, सागर पौडेल, विश्वराज पोखरेल, निरञ्जन लामिछाने, विजयकुमार, गोकुल भुजेल र लीला कुमारी मुक्तानलाई विपक्षी रहेका छन् । निलम्बित मेयर थापासहितले माछापोखरी निर्माणका नाममा पोखरीसमेतका गैरकानुनी संरचना निर्माण गरी साबिक वन ऐन, २०४९ तथा प्रचलित वन ऐन, २०७६ बमोजिम कसुर गरेको अभियोग लगाएको छ ।

आयोगका अनुसार बागमतीको वडा नं. ४ र १२ मा पर्ने सागरनाथ वन विकास परियोजनाको वन क्षेत्र अतिक्रमण गरी ढुङ्गा, गिट्टी, बालुवा र माटो उत्खनन गरेर बनेको खाल्डोमा माछापोखरी निर्माणका नाममा सङ्घ र प्रदेशबाट करोडौँ रकम माग गरी हिनामिना गरेको अभियोग छ ।

मधेस प्रदेश सरकारबाट पटक-पटक माछाविहीन पोखरीका लागि अनुदान लिइएको, निर्माण पूरा नभएको अवस्थामा तत्कालीन आर्थिक मामिला तथा योजना मन्त्री विजयकुमारले एमओयूमा हस्ताक्षर गरी ३० करोड रुपैयाँ अनुदान दिएको अभियोगसमेत लागेको छ ।

## वैकल्पिक मोर्चाको कार्यदल



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सून्य सिट रहेका जनमत पार्टीले 'राष्ट्रिय वैकल्पिक मोर्चा' गठनको पहल गर्ने निर्णय गरेको छ ।

श्रम संस्कृति पार्टी, उज्यालो नेपाल पार्टी र प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) लाई एउटै मोर्चा बनाउन पहल गर्ने निर्णय गरेको हो ।

राजनैतिक सिद्धान्त, विचार र लक्ष्य मिल्ने दलहरूसंग पार्टी एकीकरण तथा मोर्चाबन्दी गर्नको लागि वार्ता टोलीसमेत गठन गरेको जनमत पार्टीले जनाएको छ ।

जनमत पार्टीले नरेन्द्र चौधरीको संयोजकत्वमा ३ सदस्यीय वार्ता कार्यदल गठन गरेको केन्द्रीय सचिवालय प्रमुख राजेशकुमार मण्डलले जानकारी दिए ।

नेता चौधरीले जनाए अनुसार सो वार्ता कार्यदलमा डा. जयकान्त राउत र प्रमोदकुमार गुप्ता सदस्य रहेका छन् ।

सूचना !

एनसेल आजियाटा लिमिटेडको नाम र लोगो दुरुपयोग गर्दै कम्पनीले आफ्नो वार्षिकोत्सवको अवसरमा नगद रकम जित्ने मौका दिईरहेको भन्दै विभिन्न फेसबुक पेज र लिङ्कहरुमार्फत प्रयोगकर्तालाई प्रलोभनमा पार्दै स्क्यामरहरुले भ्रामक पोस्ट, स्क्रिनसट, कमेन्ट तथा सन्देशहरु प्रचार प्रसार गरिरहेको जानकारीमा आएकोले सजग रहन र त्यस्ता प्रचारसँग सम्बन्धित पेज वा लिङ्कमा क्लिक गरी आफ्ना व्यक्तिगत विवरण नदिन हुन अनुरोध गर्दछौं।

यस प्रकारका अनाधिकृत रुपमा सञ्चालित पेज, लिङ्क वा वेबसाइटका झुटा प्रचारमा विश्वास गर्दा आफ्नो व्यक्तिगत विवरण चोरी हुने, अकाउन्ट ह्याक हुने जस्ता जोखिम रहन्छन्। यस कम्पनीले त्यस्तो कुनै योजना सञ्चालन नगरेको स्पष्ट पार्न चाहन्छौं र आधिकारिक रुपमा उपलब्ध गराएको सूचना वा कम्पनीको आधिकारिक वेबसाइट र सामाजिक सञ्जाल पेजमा उपलब्ध जानकारीलाई मात्र विश्वास गर्नहुन अनुरोध गर्दछौं।

Ncell



# सीमा क्षेत्रको बाँध अग्लो बनाउँदा, गौर डुबानको जोखिममा



चन्द्रपुर । रौतहटको गौर र भारतको बैरगनिया सीमामा भारतीय पक्षले एकतर्फी रूपमा बनाएको बाँध मर्मतको बाहनामा झन् अग्लो र बलियो बनाएको छ। सीमा क्षेत्रको दशगजा वा त्यसको नजिक दुवै देशको सहमतिबिना कुनै पनि भौतिक संरचना निर्माण, विस्तार वा परिवर्तन गर्न नपाइने नियम भए पनि भारतीय पक्षले बाँध मर्मतको बाहनामा झन् अग्लो र बलियो बनाएको हो ।

छिमेकी देशको भूभागमा डुबान वा अन्य वातावरणीय क्षति नपुर्याउनका लागि एउटा देशले आफ्नो सिमानामा यस्तो संरचना बनाउने प्रावधान छैन । बैरगनिया क्षेत्रको बाँधकै कारण वर्षायाममा बाढीको बहाव थुनिने र त्यसले सदरमुकाम गौरसहित दर्जनौँ नेपाली गाउँहरू डुबानमा पर्दै आइरहेको स्थानीय अमित केशरीले बताउनुभयो ।

भारतले आफ्नो भूमि बैरगनियालगायतका बिहारको सहर डुबानबाट बचाउन सीमा क्षेत्रमा १५ फिट अग्लो र पाँच किलोमिटर लामो बाँध बनाएपछि नेपालतिर डुबान हुने गरेको केशरीले बताउनुभयो । भारतीय पक्षले बैरगनियाको पूर्वी क्षेत्रस्थित बाँधको तीनवटा ढोका सुलीसगेट बन्द गर्दै आएका कारण हरेक वर्ष गौर नगर क्षेत्र डुबानमा पर्दै आइरहेको उहाँले बताउनुभयो ।

गौर डुबानमा परेपछि नेपालीले बाँध भत्काउने र सुलीसगेट खोल्छ भनेर भारतीय सीमा सुरक्षा बल (एसएसबी)को टोली हतियारसहित २४सै घण्टा बाँधमा बस्दै आइरहेका केशरीले जानकारी दिनुभयो ।

बाँध अग्लो हुँदा नेपालतर्फबाट बग्ने लालबकैया र वाग्मती नदीको पानीले निकास नपाउने र पानी 'ब्याक' भएर नेपाली बस्तीमा पस्ने गरेको नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका सचिव तथा गौरवासी गौतम श्रेष्ठले जानकारी दिनुभयो ।

बैरगनिया क्षेत्रको रिङ बाँधमा माटो थपिँदा वर्षायाममा बाढीको बहाव रोकिने र यसले सदरमुकाम गौर र आसपासका क्षेत्रहरू पूर्ण रूपमा डुबानमा पर्ने गरेको श्रेष्ठले बताउनुभयो । गौरमा बाढीको पानी निकास नहुँदा ठूलो धनजनको क्षति हुँदै आइरहेको छ । केही वर्षअघि तत्कालीन प्रमुख जिल्ला अधिकारी किरण थापाको पालामा यसरी नै माटो थप्न लाग्दा नेपालका तर्फबाट स्थानीय प्रशासन र सुरक्षा निकाय (सशस्त्र प्रहरी)ले कडा आपत्ति जनाएपछि काम रोकिएको थियो । नेपाल-भारत दुई देशबीचको सहमतिअनुसार सीमारेखाको निश्चित दूरीभित्र एकतर्फी रूपमा बाँध वा सडकजस्ता अग्ला संरचना बनाउन निषेध गरिएको गौर नगरपालिकाका पूर्व नगरप्रमुख अजयकुमार गुप्ताले बताउनुभयो । तर भारतले आफ्नो भूमि डुबानबाट जोगाउन लगाएको बाँध मर्मतको बाहनामा माटो थपेको र चौडाइ पनि बढाइरहेको पूर्व नगरप्रमुख गुप्ताले बताउनुभयो ।

भारतले एकतर्फी रूपमा पूर्वमा वाग्मती नदीदेखि र पश्चिमतर्फ बकैया नदीपारि बन्जराहा गाउँसम्मको पाँच किलोमिटर क्षेत्रसम्म बाँध निर्माण गरेका कारण बर्सेनि गौर नगर क्षेत्र डुबानमा पार्दै आएको उहाँले बताउनुभयो ।

विसं २०७७ मा आफू नगरप्रमुख हुँदा गौर नगरपालिका-२ महादेवपट्टि गाउँस्थित रहेको बकैया नदीमा तटबन्ध गर्दा भारतीय पक्षले अवरोध गरेको तर अहिले भारतले मनपरी ढङ्गले बाँध मर्मतका नाममा अग्लो तथा बलियो बनाइरहेको पूर्व नगरप्रमुख गुप्ताले बताउनुभयो । नेपाल-भारत सीमा क्षेत्रमा भारतले निर्माण गरेको बाँधमुनिको सुलीसगेट (पानी निकास हुने ढोका) बन्द गरेपछि गौरवासी झन् समस्यामा पर्दै आइरहेको उहाँले बताउनुभयो । बाँध र सुलीसगेट नखोलेका कारण गौर हरेक वर्ष डुबानमा परिरहेको उहाँको भनाइ छ ।

यता रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले भारतीय समकक्षी सितामाढी जिल्लाका प्रमुख (डिएम) रुचि पाण्डेसँग बाँधमा माटो थप्ने काम भएको भन्दै ध्यानाकार्षण गराएको बताउनुभयो । डिएम पाण्डेले आफूलाई भारतीय केन्द्रीय सरकारबाटै बाँध मर्मतको काम भएको जानकारी गराएको प्रजिअ भुसालले बताउनुभयो ।

दुई देशको सीमा र अन्तरराष्ट्रिय सन्धिसँग जोडिएको विषय भएकाले केन्द्र सरकारले कूटनीतिक नोट पठाएर यसको स्थायी समाधान खोज्न आवश्यक रहेको भन्दै विगतका मधेस प्रदेशका मुख्यमन्त्रीहरूले सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् ।

भारतले एकपक्षीय रूपमा बाँध बाधेपछि रौतहटको राजदेवी नगरपालिकाको बेलबिछुवा, ब्रम्हपुरी लक्ष्मीपुर, सदरमुकम गौरका नौवटै वडा र इशनाथ नगरपालिकाको बैरिया, औरैया र बन्जरहा गाउँ बर्सेनि डुबानमा पर्दै आएको छ। सो क्षेत्रमा हरेक वर्ष डुबानका कारण करोडौँको धनजन तथा बालीनालीको क्षति हुँदै आइरहेको छ। रासस

# फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले विभिन्न चार वटा मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय ठहर भई फरार रहेका एक प्रतिवादीलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पर्साको पकाहामैनपुर गाउँपालिका-२ निवासी ३४ वर्षीय राजेश सहनी रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । उनलाई वीरगञ्ज महानगरपालिका-१२ क्षेत्रबाट पक्राउ गरिएको हो ।




जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको फैसला कार्यान्वयन विशेष टोलीले जेठ २९ गते साँझ करिब ६ बजे सहनीलाई नियन्त्रणमा लिएको प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) हरि बहादुर बस्नेतले जानकारी दिए ।

प्रहरीका अनुसार सहनीविरुद्ध बैंकिङ कसूर तथा चेक अनादरसम्बन्धी चार वटा मुद्दामा अदालतबाट कैद र जरिवानाको फैसला भइसकेको थियो । पर्सा जिल्ला अदालतको २०८१ असार ३० गतेको फैसलाअनुसार बैंकिङ कसूर मुद्दामा उनलाई २ दिन कैद तथा ३ लाख ६० हजार रुपैयाँ जरिवाना सजाय तोकिएको थियो ।

त्यसैगरी, काठमाडौं जिल्ला अदालतको २०८१ असार ९ गतेको फैसलाअनुसार अर्को बैंकिङ कसूर मुद्दामा १ वर्ष ५ महिना ५ दिन कैद र १५ हजार रुपैयाँ जरिवाना ठहर भएको थियो ।

यस्तै, चेक अनादरसम्बन्धी दुई छुट्टाछुट्टै मुद्दामा पर्सा जिल्ला अदालतले २०८१ मङ्सिर २५ गते र २०८० असार २६ गतेको फैसलामार्फत जनही १ हजार रुपैयाँका दरले जरिवाना सजाय तोकेको थियो ।

पक्राउ परेका सहनीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी थप कारबाहीका लागि पर्सा जिल्ला अदालतमा पेश गरिएको प्रहरीले जनाएको छ ।

# बागमतीको बजेट ६६ अर्ब ९३ करोड ३३ लाख ३३ हजार



बागमती । बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि रु ६६ अर्ब ९३ करोड ३३ लाख ३३ हजारको बजेट सार्वजनिक गरेको छ ।

बागमती प्रदेश सभाको आजको बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले उक्त बजेट सार्वजनिक गर्नुभएको हो ।

"समृद्ध बागमतीको अभियानः सुशासन, प्रविधि र उत्पादन" भन्ने मूल नीतिलाई कार्यान्वयन गर्दै उद्यमशीलतामार्फत स्वरोजगारी र रोजगारीको विकास गर्ने मन्त्री तामाङले बताउनुभयो ।

चालूतर्फ २२ अरब ९६ करोड १९ लाख ३० हजार र पूँजीगत तर्फ ४३ अर्ब ९७ करोड १४ लाख तीन हजार विनियोजना गरिएको जानकारी मन्त्री तामाङले दिनुभयो ।

सरकारले खर्च ब्यहोर्ने स्रोतहरूको अनुमान गर्दै कर राजस्व ३० अर्ब १५ करोड छ लाख ६८ हजार, अन्य राजस्वतर्फ सात अर्ब ७३ करोड ९९ लाख १२ हजार तथा सङ्घीय वित्तीय हस्तान्तरण १५ अरब ३१ करोड ४८ लाख हुने उल्लेख गरेको छ ।

चालू आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र विविध प्राप्ति रु १२ अर्ब ७६ करोड ७९ लाख ५३ हजार र अन्य संस्थाबाट ऋण लगानी फिर्ता रु ९६ करोड हुने बजेट वक्तव्यमा उल्लेख छ ।

चालू आर्थिक वर्षमा मुलुकको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने अनुमान हुँदा बागमती प्रदेशको ५.४० प्रतिशत रहने अनुमान रहेको बताउँदै अर्थमन्त्री तामाङले मुलुकको प्रतिव्यक्ति आय एक हजार ५३५ अमेरिकी डलर रहँदा बागमती प्रदेशको प्रतिव्यक्ति आय सबै प्रदेशभन्दा बढी दुई हजार ६४४ अमेरिकी डलर रहने प्रक्षेपण गरिएका बताउनुभयो ।

मुलुकको साक्षरता दर ७६.२ प्रतिशत हुँदा बागमती प्रदेशको ८२.१ प्रतिशत रहेको बजेटमा उल्लेख छ । मुलुकको निरपेक्ष गरिबी २०.२७ प्रतिशत र बहुआयामिक गरीबी १७.४ प्रतिशत रहँदा बागमती प्रदेशमा निरपेक्ष गरिबी १२.५९ प्रतिशत र बहुआयामिक गरिबी ७.० प्रतिशत मात्र रहेको अर्थमन्त्रीले बताउनुभयो ।

क्षेत्रगत कार्यक्रमका रुपमा स्थानीय तहका लागि प्रदान गरिने वित्तीय हस्तान्तरणका लागि छ अरब ९१ करोड ५७ लाख ३८ हजार विनियोजन गरिएको छ । मुख्यमन्त्री तथा विशेष कार्यक्रमका रुपमा मुख्यमन्त्री विपन्न आवास कार्यक्रम, प्रशासनिक खर्च बचत, मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम, युवा स्वरोजगार ब्याज अनुदान जस्ता कार्यक्रम अघि सारिएको छ ।

मन्त्रालयगत रुपमा आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयका लागि ७२ करोड ७७ लाख ५७ हजार, उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयका लागि पाँच अरब ३७ करोड ५५ लाख ७४ हजार रुपैयाँ, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयका लागि छ अरब ७१ करोड ७७ लाख २४ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयका लागि नौ अर्ब छ करोड दुई लाख ३९ हजार, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयका लागि आठ अर्ब ९० करोड ६१ लाख ८५ हजार, भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि रु २५ अर्ब ६० करोड ८ लाख ४८ हजार विनियोजन गरिएको अर्थमन्त्रीले बताउनुभयो । रासस

# प्रभावकारी सेवा प्रवाहका माध्यमबाट मुलुकलाई प्रगतिको मार्गमा अग्रसर गराऔँः राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले सुशासनका माध्यमबाट प्रभावकारी सेवा प्रवाह गरी देशलाई प्रगतिको मार्गमा अग्रसर गराउनु आजको आवश्यकता भएको बताउनुभएको छ ।

लोकसेवा आयोगको ७६औँ वार्षिकोत्सवका अवसरमा सोमबार यहाँ आयोजित समारोहमा उहाँले जनताको विकासको चाहना पूरा गर्नु अहिलेको आवश्यकता भएको बताउनुभयो ।

राष्ट्रपति पौडेलले भन्नुभयो, "सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि बलिदान गरेका जनताको चाहना मुलुकको चौतर्फी विकास हो । अभीष्ट पूरा गर्न आधुनिक समयमा हाम्रो राज्य संयन्त्रलाई समयानुकूल, अझ जनमुखी, सेवामुखी, प्रविधिमैत्री र परिणाममुखी बनाउन आवश्यक छ ।"


स्वउत्प्रेरित, अनुशासित, आचरणशील, नैतिकवान्, जिम्मेवार तथा राष्ट्रप्रति समर्पित कर्मचारीले यो भूमिकालाई परिणामुखी बनाउन सक्ने विश्वास व्यक्त गर्दै राष्ट्रपतिले प्रविधि र 'स्मार्ट' सेवा प्रवाहका माध्यमबाट कर्मचारीतन्त्रले नागरिकको मन जित्नुपर्नेमा जोड दिनुभयो ।

संविधानले अङ्गीकार गरेको समावेशी लोकतन्त्रको मर्मअनुरुप स्थापित योग्यता प्रणालीको रक्षा गर्नु र यसको जगलाई अझ मजबुत बनाउनु पर्ने खाँचो औँल्याउँदै राष्ट्रपतिले भन्नुभयो, "आयोगप्रतिको भरोसा एवं यसले अवलम्बन गरेका सिद्धान्त र प्रणालीका कारण परिश्रमि युवाले लोकतान्त्रिक शासन व्यवस्थामा आफ्नो भविष्य सुरक्षित देख्न पाएको यथार्थलाई हामीले बिर्सन हुँदैन । विगतमा हासिल गरको अनुभव, ज्ञानसँगै विश्वव्यापीरुपमा विकसित यससम्बन्धी सिद्धान्त र प्रणालीको अध्ययनका आधारमा आफ्ना कामलाई भविष्यमा अझ परिस्कृत गर्न आयोगले योगदान गर्ने ठानेको छु ।"

लोकसेवा आयोगको कार्यक्षेत्र विस्तारसँगै आफ्ना कार्य सम्पादनलाई प्रविधिमैत्री, वैज्ञानिक, व्यवस्थित र गुणस्तरीय बनाउँदै भावी योजना निर्धारण गर्नुपर्ने चुनौती कायम छ भन्दै राष्ट्रपति पौडेलले वार्षिकोत्सवको क्षणमा विगतको कामका समीक्षा गरी योजना तर्जुमा गर्न सुझाव दिनुभयो ।

उहाँले राज्य सञ्चालनमा आवश्यक सरकारी निकायमा स्थायी सरकारका रुपमा रहने योग्य कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको लोकसेवा आयोगले साढे सात दशकको अवधिमायोग्यता, निष्पक्षता र स्वच्छताको मूल सिद्धान्तका जगमा रहेर प्रभावकारी तवर काम गरेकामा आयोगको सराहना गर्नुभयो । रासस

# शिक्षामन्त्रीसँग स्विट्जरल्याण्डका राजदूतको शिष्टाचार भेटवार्ता



काठमाण्डु । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसँग नेपालका लागि स्विटजरल्याण्डका महामहिम राजदूत ड्यानिएल मेउलीले शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा सोमबार भएको भेटमा उहाँहरुबीच आपसी हित, द्विपक्षीय सम्बन्ध, विकास सहायता परिचालन र स्विस सरकारले नेपालको शिक्षा क्षेत्रमा गर्दै आएको सहयोग तथा शिक्षा क्षेत्रमा फराकिलो साझेदारिता अभिवृद्धिलगायत विषयमा छलफल भएको छ ।

स्विटजरल्याण्ड नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षामा लामो समयदेखि सहयोग गर्दै आइएको विकास साझेदार हो । विशेषगरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को क्षेत्रमा सहयोग गर्दै आएको छ । नेपालमा स्विस सरकारको सपोट एजेन्सी 'स्विस एजेन्सी फर डेभलपमेन्ट एन्ड को अपरेसन' (एसडिसी) को सहयोगमा सिटिइभिटीमार्फत तीन परियोजना 'नेस्नल भोकेस्नल क्वालिफिकेस सिस्टम', इन्हयान्सड स्किल फर सस्टेनेवल एन्ड रिवार्डिङ इम्प्लोइमेन्ट' र क्वालिटी टेक्निकल एन्ड भोकेस्नल एजुकेसन एन्ड ट्रेनिङ फर युथ' सञ्चालनमा रहेका छन् ।

भेटमा शिक्षामन्त्री पोखरेलले नेपाल र स्विटजरल्याण्डबीच नेपालको विकास तथा शिक्षा क्षेत्रमा स्विटजरल्याण्ड सरकारले गर्दै आएको सहयोगका लागि धन्यवाद दिनुभयो ।

उहाँले सिटिइभिटीसम्बन्धी ऐनको मस्यौदाको प्रक्रियामा रहेको र प्राविधिक शिक्षालाई समय सान्दर्भिक बनाउन विज्ञ समूहबाट राय परामर्श लिइरहेको यसलाई छिट्टै संसद्मा पेस गर्ने तयारी रहेको जानकारी गराउनुभयो ।

मन्त्री पोखरेलले नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा स्विस सरकारले उपलब्ध गराउँदै आएको सहयोगको निरन्तरताको अपेक्षा गर्नुभयो ।

सरकारको प्राथमिकता र आगामी कार्यक्रमबारे जानकारी गराउँदै सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री पोखरेलले स्विटजरल्याण्ड सरकारका तर्फबाट प्रविधि शिक्षामा मात्र नभएर आगामी दिनमा डिजिटाइजेसन, समावेशी शिक्षालगायत क्षेत्रमा पनि स्विस सरकारसँग सहकार्य गर्न सकिने धारणा राख्नुभयो ।

मन्त्री पोखरेलले नेपाल सरकारले सातै प्रदेशमा विशेष अटिजम विद्यालय स्थापना गर्ने नीतिअनुरूप काम अघि बढिरहेको तथा डिजिटाइजेसन, समावेशी शिक्षाको क्षेत्रमा सहयोग र सहकार्यको सम्भावना रहेको कुरा व्यक्त गर्नुभयो । उहाँले विद्यालय तहदेखि नै रोजगारमुखी शिक्षामा जोडदिनुपर्नेरकाठमाडौंमहानगरपालिकामा सञ्चालित 'बुकफ्री फ्राइडे' कार्यक्रम प्रभावकारी रहेको र त्यसलाई पाठ्यक्रममै राखेर देशभर विस्तार गर्ने योजना रहेको जानकारी गराउँदै, प्राविधिक शिक्षालाई प्राथमिकता दिएर अगाडि बढ्नेगरी सरकार लागिपरेको उल्लेख गर्नुभयो ।

उक्त भेटमा राजदूत मेउलीले नेपालको शिक्षा क्षेत्रमा स्विटजरल्याण्ड सरकारले गर्दै आएको सहयोगलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले नेपाल सरकारले लिएको अवधारणालाई जहिले पनि सहयोग तथा सहकार्य गर्न स्विस सरकार तयार रहेको बताउनुभयो । राजदूत मेउलीले हाल शिक्षा क्षेत्रमा सञ्चालनमा रहेका तीन वटा परियोजनालाई एउटै बनाएर थप प्रभावकारी बनाउने गरी अघि बढ्ने शिक्षामन्त्रीसमक्ष जानकारी गराउनुभयो । रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : वैदेशिक क्षेत्रमा गरेको श्रम लगानीबाट फाइदा हुनेछ ।
वृष : बोलीमा मिठास रहेको छ । बोलीको प्रभावले राम्रो काम बन्नेछ ।
मिथुन : काममा अवरोध सिर्जना हुनेछ ।
कर्कट : श्रमको राम्रो प्रतिफल प्राप्त हुनेछ ।
सिंह : सोचेका काम बन्नेछन् । साथीको सहयोग प्राप्त हुनेछ ।
कन्या : आम्दानीको दृष्टिले महत्वपूर्ण दिन रहेको छ ।
तुला : बौद्धिक तथा राजनीतिक क्षेत्रको लगानीबाट आम्दानी बढ्नेछ ।
वृश्चिक : चन्द्रमाले तपाईको राशिमा गोचरी गर्दैछन् ।
धनु : आयुर्वेदिक चिकित्साको क्षेत्रको लगानीमा श्रम भए प्रगति हुनेछ ।
मकर : शिक्षाको लगानीमा लाभ हुनेछ । स्वास्थ्य क्षेत्रमा राम्रो प्रगति हुनेछ ।
कुम्भः परिवार र समाजमा तपाईको कमजोरीको खोजी हुनेछ ।
मीनः ग्रह कमजोर भएकाले झुटा आरोप लाग्न सक्छन् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मधेश प्रदेशको आर्थिक वर्ष २०८३/८४ को बजेटको पूर्ण पाठ



**माननीय सभामुख महोदय,**

१. यस गरिमामय प्रदेश सभा बैठकमा मधेश प्रदेश सरकारको अर्थमन्त्रीको हैसियतले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त गौरवको अनुभूति भएको छ।

२. नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र सामाजिक न्यायका निम्ति जनयुद्ध, जन आन्दोलन, मधेस विद्रोह लगायतका आन्दोलनमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरूप्रति म भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दछु। घाइते तथा बेपत्ता हुनुभएका सम्पूर्ण योद्धाहरूप्रति सम्मान व्यक्त गर्दछु।

३. मधेशी, आदिवासी, दलित, जनजाति, महिला, मुस्लिम, थारु तथा सीमान्तकृत समुदायहरूले समतामूलक समाज निर्माणका लागि गरेको त्याग र बलिदानलाई स्मरण गर्दै, उहाँहरूले देखेको समृद्धिको सपनालाई साकार पार्ने अटुट प्रतिबद्धता यस बजेटमार्फत व्यक्त गर्न चाहन्छु।

४. राजनीतिक सङ्घर्षबाट प्राप्त उपलब्धिहरूलाई अब आर्थिक रूपान्तरण र नागरिकको जीवनस्तर सुधारसँग जोड्नुपर्ने ऐतिहासिक अभिभारा हाम्रो काँधमा छ। प्रदेशको विशिष्ट पहिचान र यहाँ रहेको उल्लेख्य जनसाङ्ख्यिक लाभलाई समुचित उपयोग गर्दै "मेड इन मधेश, समृद्ध प्रदेश" को साझा सङ्कल्पलाई साकार पार्ने दिशामा यो बजेट परिलक्षित छ।सीमित स्रोतसाधन र सङ्घीय सरकारबाट बेलाबखत हुने अनुदान कटौतीका बाबजुद, परम्परागत तथा निर्वाहमुखी आर्थिक प्रणालीलाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै प्रदेशभित्रै उद्यमशीलता र रोजगारीका अवसरहरू सिर्जना गर्न प्रदेश सरकार दृढ सङ्कल्पित छ।उर्वर कृषि भूमिको उच्चतम उपयोग, नवप्रवर्तनलाई प्रोत्साहन र न्यायोचित स्रोत वितरणमार्फत सुशासनको प्रत्यक्ष अनुभूति गराउँदै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु नै हाम्रो प्रमुख ध्येय हो।

## क. आर्थिक स्थिति र चालू आर्थिक वर्षको समीक्षा

**सभामुख महोदय,**

अब म प्रदेशको वर्तमान समष्टिगत आर्थिक अवस्था र चालू आर्थिक वर्षको बजेट कार्यान्वयनको यथार्थ चित्रण यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु।

५. राष्ट्रिय अर्थतन्त्रमा देखिएका विविध उतारचढावका बिचमा पनि मधेश प्रदेशले आफ्नो आर्थिक गतिविधिलाई चलायमान बनाउन निरन्तर प्रयास गरिरहेको छ। चालु आर्थिक वर्षमा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेशको योगदान १३.१ प्रतिशत अर्थात् रु. ८ खर्ब ६३ अर्ब रहने अनुमान गरिएको छ। चालु आर्थिक वर्ष मधेश प्रदेशको आर्थिक वृद्धिदर १.३१ प्रतिशत रहने अनुमान छ। यसै गरी आर्थिक गतिविधिमा आएको क्रमिक सुधारसँगै चालु आर्थिक वर्षमा मधेश प्रदेशको प्रतिव्यक्ति आय ९३४ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

६. प्रदेशको अर्थतन्त्रको संरचनात्मक अवस्थाको विश्लेषण गर्दा, मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको हिस्सा अधिक रहेको देखिन्छ। चालु आर्थिक वर्ष सेवा क्षेत्रको योगदान ५२.९ प्रतिशत रहने अनुमान छ भने अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रको योगदान ३५.० प्रतिशत र उद्योग क्षेत्रको योगदान १२.२ प्रतिशत रहने अनुमान गरिएको छ।अर्थतन्त्रलाई दिगो, सबल, समावेशी र आत्मनिर्भर बनाउन अनुत्पादक क्षेत्रको लगानीलाई निरुत्साहित गर्दै कृषि र उद्योग जस्ता वास्तविक उत्पादनशील क्षेत्रमा लगानी बढाउनु पर्ने टड्कारो आवश्यकता छ। यसै यथार्थलाई मनन गर्दै, प्रदेश सरकारले आगामी दिनमा तुलनात्मक लाभ बढी भएका उद्योगहरूको प्रवर्द्धन र कृषि क्षेत्रको आधुनिकीकरण र यान्त्रीकरणमा थप लगानी केन्द्रित गर्ने नीति लिएको छ।

७. बजेट कार्यान्वयन तथा खर्चको अवस्थातर्फ दृष्टिगत गर्दा, चालू आर्थिक वर्षका लागि विनियोजित कुल बजेट रु. ४६ अर्ब ९८ करोड ३३ लाख मध्ये आर्थिक वर्षको अन्त्यसम्ममा रु. २७ अर्ब ७९ करोड अर्थात् कुल विनियोजनको करिव ५९.१५ प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ।कुल सरकारी खर्चलाई विश्लेषण गर्दा, चालु खर्चतर्फ रु. ९ अर्ब ७० करोड र पुँजीगत खर्चतर्फ रु. १८ अर्ब ९ करोड खर्च हुने अनुमान गरिएको छ।प्रदेशको प्रशासनिक खर्चको आकार बढ्दै गएको वर्तमान अवस्थालाई नियन्त्रण गर्न अनुत्पादक क्षेत्रका फजुल खर्चहरू कटौती गर्ने र पुँजीगत खर्चको क्षमता अभिवृद्धि गर्दै विनियोजन दक्षता बढाउने कार्य प्रदेश सरकारको उच्च प्राथमिकतामा रहेको छ।साना र टुक्रे योजनाहरूको चापलाई कम गर्दै परिणाममुखी ठुला आयोजनाहरूमा स्रोत केन्द्रित गरिनेछ।

८. प्रदेशको राजस्व सङ्कलन तथा स्रोत परिचालनको यथार्थलाई हेर्दा अधिकांश वित्तीय स्रोत अझै पनि सङ्घीय अनुदानमै निर्भर रहेको अवस्था छ। प्रदेशको आन्तरिक आयको हिस्सा बढाउने ठुलो चुनौतीका बिच, चालू आर्थिक वर्षमा आन्तरिक राजस्व तथा विविध प्राप्तिबाट रु. १३ अर्ब ३६ करोड, सङ्घ सरकारबाट प्राप्त हुने राजस्वबाट रु. १२ अर्ब ८० करोड र वित्तीय समानीकरण अनुदानबाट रु. ७ अर्ब ७२ करोड १९ लाख प्राप्त हुने अनुमान छ।

## ख. आगामी आर्थिक वर्षको बजेटका उद्देश्य, प्राथमिकता र रणनीतिहरू

**माननीय सभामुख महोदय,**

माथि उल्लिखित पृष्ठभूमि र "मेड इन मधेश, समृद्ध प्रदेश" को साझा सङ्कल्पलाई साकार पार्न आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका लागि निम्न उद्देश्यहरू तय गरिएको छः

९. उत्पादन र रोजगारी वृद्धिः कृषि र उद्योग क्षेत्रको आधुनिकीकरण र नवप्रवर्तनमार्फत प्रदेशभित्रै रोजगारी र उद्यमशीलताका अवसरहरू व्यापक रूपमा सिर्जना गर्ने।

१०. मानव विकास र सामाजिक न्यायः शिक्षा, स्वास्थ्य र पोषणको गुणस्तर सुधार गर्दै सीमान्तकृत र विपन्न वर्गलाई सामाजिक न्यायसहितको राज्यको प्रतिफल सुनिश्चित गर्ने।

११. दिगो पूर्वाधार र वातावरणीय सन्तुलनः साधन स्रोतलाई रणनीतिक र अधुरा आयोजनामा केन्द्रित गरी दिगो पूर्वाधार निर्माण गर्ने र चुरे संरक्षण तथा जल पुनर्भरणमार्फत वातावरणीय सन्तुलन कायम गर्ने।

१२. सुशासन र पारदर्शी सेवा प्रवाहः शून्य ढिलासुस्ती, प्रविधिको उच्चतम प्रयोग र नतिजामुखी प्रशासनमार्फत नागरिकलाई सुशासनको प्रत्यक्ष अनुभूति गराउने।

यी उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमका प्राथमिकताहरू निर्धारण गरिएको छः

१३. कृषि क्षेत्रको रूपान्तरणः बीजवृद्धि, यान्त्रीकरण, सिँचाइ विस्तार र बिचौलिया संयन्त्र खारेज गरी सिधै किसानलाई अनुदान (Direct Subsidy) उपलब्ध गराउने कार्य सरकारको उच्च प्राथमिकतामा रहेको छ।

१४. नवप्रवर्तन र उद्यमशीलताः 'मधेश स्टार्ट-अप फन्ड' र 'नवप्रवर्तन मधेश फन्ड' मार्फत युवाहरूलाई बीउ पुँजी (Seed Capital) र सहुलियतपूर्ण कर्जा दिई स्वरोजगार बनाउने विषयलाई प्राथमिकतामा राखिएको छ।

१५. गुणस्तरीय शिक्षा र प्राविधिक सीपः आवासीय नमुना विद्यालय निर्माण, स्टिम (Science, Technology, Engineering, Arts / Mathematics) शिक्षाको प्रयोग र 'एक जिल्ला, एक प्राविधिक शिक्षालय' मार्फत श्रम बजारको माग अनुरूपको जनशक्ति उत्पादन।

१६. सर्वसुलभ र विशिष्टीकृत स्वास्थ्य सेवाः प्रादेशिक अस्पतालहरूको विशिष्टीकृत अस्पतालमा स्तरोन्नति, पूर्ण स्वास्थ्य बीमा कभरेज अभियान र टेलिमेडिसिन सेवाको विस्तार।

१७. रणनीतिक र अधुरा पूर्वाधार आयोजनाः नयाँ र पूर्व तयारी नभएका टुक्रे योजनाहरूलाई पूर्णतः निषेध गर्दै निर्माणको अन्तिम चरणमा रहेका र रणनीतिक महत्त्वका सडक, सिँचाइ र खानेपानी आयोजनाहरू सम्पन्न गर्ने।

**सभामुख महोदय,**

उल्लिखित उद्देश्य र प्राथमिकताहरू प्राप्त गर्न बजेट कार्यान्वयनका देहायका रणनीतिहरू अवलम्बन गरिनेछः

१८. नतिजामा आधारित स्रोत परिचालनः परम्परागत बजेट विनियोजन प्रणालीलाई विस्थापित गर्दै हरेक मन्त्रालयको बजेटलाई सोझै उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणको लक्ष्यसँग आबद्ध गरिनेछ।

१९. कठोर वित्तीय अनुशासन र मितव्ययिताः एक करोडभन्दा कम रकमका योजनामा बजेट नछर्ने, नयाँ सवारी साधन खरिदमा रोक लगाउने र अनुत्पादक खर्च कटौती गरी पुँजीगत निर्माणमा लगाउने रणनीति अख्तियार गरिनेछ।

२०. डिजिटल र नतिजामुखी सुशासनः प्रदेश प्रशासनमा 'शून्य फाइल पेन्डिङ' (Zero File), 'मुख्यमन्त्री ड्यासबोर्ड' मार्फत प्रत्यक्ष अनुगमन र कर्मचारीको सुविधालाई कार्यसम्पादनसँग सिधै आबद्ध गर्ने नीति लिइनेछ।

२१. सङ्घ र स्थानीय तहसँग सघन सहकार्यः तीन तहबिचको बजेट तथा कार्यक्रममा हुने दोहोरोपन पूर्ण रूपमा अन्त्य गर्दै 'एकीकृत बजेट म्यापिङ प्रणाली' लागू गर्ने र जनचासोका कार्यक्रमहरू स्थानीय तहमा सशर्त अनुदानको रूपमा हस्तान्तरण गर्ने रणनीति लिइएको छ।

**सभामुख महोदय,**

यस गरिमामय सभाबाट पारित भएको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमलाई आधार मानी स्रोतको यथार्थपरक बाँडफाँटसहित देहायका क्षेत्रगत कार्यक्रमहरू प्रस्तुत गरेको छु।

## ग. कृषि, सिंचाइ तथा भूमि व्यवस्था

२२. "उत्पादनशील मधेश, आत्मनिर्भर देश" र "Madhesh can feed the Nation" अभियानलाई सार्थकता दिन धान, गहुँ, मकै लगायतका प्रमुख बालीहरूको बीउ उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउन 'बीज वृद्धि परियोजना' कार्यान्वयनमा ल्याएको छु। यसका लागि आवश्यक कृषि पूर्वाधार निर्माण र किसानलाई उन्नत बीउ खरिदमा सिधै अनुदान दिन बजेट विनियोजन गरेको छु।

२३. कृषि अनुदानलाई वास्तविक किसानसम्म पुऱ्याउन बिचौलिया संयन्त्र खारेज गरी राज्यले दिने सेवा सुविधा सिधै उनीहरूको हातमा पुऱ्याउन 'डिजिटल किसान परिचयपत्र' वितरण कार्यलाई पूर्णता दिइनेछ। मधेश प्रदेशलाई दूध, माछा, मासु र तरकारीमा आत्मनिर्भर बनाउन परम्परागत अनुदान प्रणालीलाई खारेज गरी 'उत्पादन र नतिजामा आधारित नगद अनुदान प्रणाली' (Direct Subsidy) यसै आर्थिक वर्षबाट पूर्ण रूपमा लागू गरिनेछ। कृषकले उत्पादन गरी बजारमा पठाएको परिमाणका आधारमा सोझै बैङ्क खातामा प्रोत्साहन रकम पठाइनेछ।

२४. किसानहरूले बिचौलिया बिना आफ्नो कृषि उपजको बजार मूल्य सिधै प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले प्रादेशिक 'मधेश कृषि वस्तु एक्सचेन्ज' स्थापना गरिनेछ। साथै, हावाहुरी, खडेरी र बाढी जस्ता प्राकृतिक प्रकोपबाट हुने नोक्सानी न्यूनीकरण गर्न बिमा प्रिमियममा ५० प्रतिशत प्रादेशिक अनुदानसहित 'प्यारा मेट्रिक बाली बिमा' कार्यक्रमलाई व्यापक रूपमा विस्तार गरिनेछ।

२५. "कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार" अभियान अन्तर्गत रासायनिक मलको अत्यधिक प्रयोगले माटोमा बढेको अम्लीयपन कम गर्न र उत्पादकत्व बढाउन 'माटो परीक्षण घुम्ती प्रयोगशाला' सञ्चालन गरिनेछ। स्थानीय स्तरमा प्राङ्गारिक र जैविक मल उत्पादन गर्ने कृषक समूह, सहकारी तथा निजी क्षेत्रलाई मेसिनरी खरिदमा ५० प्रतिशत अनुदान र विशेष सहुलियतको व्यवस्था मिलाएको छु। कृषिजन्य उद्योग स्थापनाका लागि सार्वजनिक-निजी साझेदारी (PPP) मोडेलमा पूर्वाधार विकास गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ।

२६. "किसानको शान, मधेशको मखान" सङ्कल्पलाई मूर्तरूप दिन मखान खेतीको व्यावसायिक विकास, प्रशोधन र ब्रान्डिङ गर्न विशिष्टीकृत जोन निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु। साथै, उखु किसानहरूका लागि मल, बीउ र आधुनिक उपकरणमा सहुलियत दिन 'उखु खेती उत्पादन सुधार परियोजना' सञ्चालनमा ल्याएको छु।

२७. कृषिमा यान्त्रीकरण बढाउन ड्रोन, सेन्सर र अन्य 'स्मार्ट कृषि प्रविधि' प्रयोग गर्ने युवा तथा व्यावसायिक किसानलाई ५० प्रतिशतसम्म विशेष पुँजीगत अनुदान दिइनेछ। उत्पादनको सिजनमा कृषि उपजले बजार नपाएर कुहिनुपर्ने वा सस्तोमा बेच्नुपर्ने बाध्यताको अन्त्य गर्न सार्वजनिक-सहकारी साझेदारी मोडेलमा हरेक जिल्लामा न्यूनतम एउटा 'बहुउद्देश्यीय शीत भण्डार (Cold Store) तथा कृषि सङ्कलन केन्द्र' निर्माण कार्यलाई तीव्रता दिइनेछ।

२८. खण्डीकृत जग्गा र बाँझो जमिनलाई अधिकतम उपयोग गरी व्यावसायिक खेती गर्न 'मधेश प्रदेश उत्पादन तथा रोजगारी कार्यक्रम' (फ्ल्यागसिप कार्यक्रम) सञ्चालन गरिनेछ। यस अन्तर्गत ५० देखि १०० बिघासम्म जग्गा एकीकरण र चक्लाबन्दी गरी १० भन्दा बढी कृषक सम्मिलित ठुलो स्केलको खेती (जस्तैः सुगन्धित धान र प्याज), पशुपन्छी पालन र वनजन्य व्यवसाय गर्ने नमुना कृषि फर्महरू स्थापना गरिनेछ। यस्ता फर्महरूमा वैदेशिक रोजगारीबाट फर्केका (रिटर्नी) युवाहरूलाई जोड्दै प्रदेश सरकारले 'म्याचिङ फन्ड' को रूपमा पुँजीगत अनुदान उपलब्ध गराउनेछ।

२९. कृषि उत्पादन लागत घटाउन सिँचाइमा प्रयोग हुने विद्युत् महसुलमा छुट दिने व्यवस्थालाई निरन्तरता दिँदै यसका लागि नेपाल विद्युत् प्राधिकरणलाई भुक्तानी गर्न यथेष्ट रकम विनियोजन गरेको छु। डिजेल पम्पको प्रयोगलाई विस्थापित गर्न साना तथा सीमान्तकृत किसानलाई लक्षित गरी ५० प्रतिशतसम्म अनुदानमा 'सौर्य ऊर्जामा आधारित भूमिगत सिँचाइ (Solar Pump)' कार्यक्रमलाई प्रदेशभरि व्यापक रूपमा विस्तार गरिनेछ।

३०. सिँचाइ आयोजनाहरूको प्रतिफल सुनिश्चित गर्न 'कमान्ड एरिया डेभलपमेन्ट प्रोग्राम' सञ्चालन गर्न र सतह सिँचाइ नपुगेका क्षेत्रमा नयाँ सिँचाइ प्रविधि जडानमा किसानलाई अनुदान दिन रकम विनियोजन गरेको छु।

३१. तराई-मधेशको भूमिगत जल स्तर घट्दै गएको गम्भीर अवस्थालाई मध्यनजर गर्दै भूमिगत जल पुनर्भरण (Groundwater Recharge) का लागि चेक ड्याम तथा रिचार्ज पोखरी निर्माण गर्न बजेट छुट्याएको छु। ऐतिहासिक पोखरीहरूको सरसफाइ, सौन्दर्यीकरण र गहिरो बनाउने कार्य गरी तिनलाई सिँचाइ, माछा पालन, पर्यटन र जल चक्र सन्तुलनको बहुउद्देश्यीय उपयोगमा ल्याउने 'सार्वजनिक पोखरी संरक्षण अभियान' लागू गरिनेछ।

३२. कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गर्दै प्रदेशलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने माथि उल्लिखित लगायत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतबाट सञ्चालन हुने कार्यक्रमका लागि रु. ३ अर्ब ७७ करोड विनियोजन गरेको छु।

## घ. उद्योग, वाणिज्य, उद्यमशीलता र रोजगारी

३३. स्वदेशी कच्चा पदार्थमा आधारित नवप्रवर्तन र उद्यमशीलतालाई प्रवर्द्धन गर्न युवाहरूमा रहेको नवीन सोचलाई समेट्दै 'मधेश स्टार्ट-अप फन्ड' तथा 'नवप्रवर्तन मधेश फन्ड' स्थापना गरिनेछ। यस फन्डमार्फत उत्कृष्ट व्यावसायिक योजना भएका नव उद्यमी तथा युवाहरूलाई बिना धितो सहुलियतपूर्ण ब्याजदरमा कर्जा, मेन्टरसिप र व्यवसाय सञ्चालनका लागि बीउ पुँजी (Seed Capital) का साथै प्रविधि हस्तान्तरण उपलब्ध गराइनेछ।

३४. "आफ्नै प्रदेश, आफ्नै रोजगारी" नारालाई व्यवहारमा उतार्न एक हजार भन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योगहरूलाई प्रदेश करमा छुट तथा 'रोजगारदाता सम्मान' प्रदान गरिनेछ। बजारको माग अनुरूप महिला तथा युवा लक्षित ई-कमर्स र अनलाइन मार्केटिङ तालिम सञ्चालन गरी कम्तीमा एक हजार 'नयाँ डिजिटल उद्यमी' तयार गर्न विशेष तालिम कार्यक्रमका लागि पर्याप्त रकम छुट्याइएको छ।

३५. स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रदेशमा आकर्षित गर्न विद्यमान लगानी सम्बन्धी कानुनमा आवश्यक संशोधन गरिनेछ। प्रदेशमा लगानीमैत्री वातावरण निर्माण गर्न उद्योगी व्यवसायीहरूलाई एउटै छानामुनिबाट सम्पूर्ण सेवा उपलब्ध गराउने उद्देश्यले 'एकद्वार सेवा प्रणाली' सञ्चालनमा ल्याइनेछ। यसै एकद्वार प्रणालीमार्फत एकै दिनमा उद्योग दर्ता र फर्म दर्ता गर्ने व्यवस्था मिलाइनेछ।

३६. प्रदेशका विशिष्ट उत्पादनहरू जस्तैः आँप, मखान, माछा, उखु लगायतका वस्तुहरूलाई ब्रान्डिङ, प्याकेजिङ र गुणस्तर प्रमाणीकरण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गरिनेछ। उत्पादक र खरिदकर्तालाई प्रत्यक्ष जोड्न आधुनिक सुविधा सम्पन्न 'मधेश ट्रेड हब' निर्माण गरिनेछ। महिला, सीमान्तकृत समुदाय र साना उद्यमीद्वारा सञ्चालित घरेलु तथा साना उद्योगका उत्पादनलाई बजार सुनिश्चित गर्न प्रदेश सरकार र अन्तर्गतका सम्पूर्ण निकायहरूले खरिद गर्ने सामानमा 'स्वदेशी तथा प्रादेशिक वस्तु उपयोग अनिवार्य' गर्ने नीतिलाई कडाइका साथ लागू गरिनेछ।

३७. मधेशलाई नेपालको औद्योगिक र लजिस्टिक्स केन्द्रको रूपमा विकास गर्न 'वीरगन्ज-सिमरा-हेटौंडा औद्योगिक कोरिडोर' र पथलैयामा 'बहु-मोडल लजिस्टिक्स हब' निर्माणको कार्यलाई तीव्रता दिइनेछ। सीमा पार आर्थिक सम्भावनालाई पुँजीकृत गर्न भारतको बिहारसँगको संयुक्त साझेदारीमा कृषि आपूर्ति शृङ्खला र पर्यटन जोड्ने 'मधेश-बिहार आर्थिक कोरिडोर' को अवधारणा अघि बढाइनेछ।

३८. प्रदेशभित्र रहेका बेरोजगार जनशक्तिको यकिन तथ्याङ्क सङ्कलन गरी उनीहरूको सीप र योग्यताको विवरणसहितको अनलाइन 'प्रादेशिक श्रम बैङ्क' स्थापना गरिनेछ। प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रबाट सञ्चालन हुने विकास निर्माणका आयोजनाहरूमा यही श्रम बैङ्कमार्फत जनशक्ति परिचालन गर्ने व्यवस्था गरिनेछ।

३९. वैदेशिक रोजगारीबाट ज्ञान, सीप र पुँजी आर्जन गरी फर्केका युवाहरूको अनुभवलाई स्वदेशमै सदुपयोग गर्न 'रिटर्नी सीप-पुँजी परिचालन कार्यक्रम' सञ्चालन गरिनेछ। उनीहरूले सिकेको सीपसँग सम्बन्धित उद्यम सञ्चालन गर्न चाहेमा प्रदेश सरकारले विशेष सहुलियतपूर्ण कर्जा र प्रविधि उपलब्ध गराउनेछ।

४०. उद्योग, वाणिज्य तथा पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि माथि उल्लिखित लगायत उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय अन्तर्गतबाट सञ्चालन हुने कार्यक्रमका लागि रु. २ अर्ब ४४ करोड विनियोजन गरेको छु।

## ङ. शिक्षा, सीप विकास र संस्कृति

४१. "अप्पन बच्चाके स्कुल पठाऊ, साक्षरता के दीप जलाऊ" नारालाई सार्थक बनाउन विपन्न र सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित गरी सघन साक्षरता अभियान सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ।

४२. सामुदायिक विद्यालयहरूमा विद्यार्थीको ड्रपआउट दर (बिचैमा कक्षा छाड्ने दर) रोक्न सङ्घीय सरकारले सञ्चालन गरेको दिवा खाजा कार्यक्रममा प्रदेश सरकारबाट प्रति विद्यार्थी थप रकम अनुदान दिइनेछ। यो अनुदान रकमबाट 'पोषणयुक्त स्थानीय उत्पादनमा आधारित खाजा' खुवाउनुपर्ने व्यवस्था गरिनेछ।

४३. शिक्षक दरबन्दी न्यून रहेका सामुदायिक विद्यालयहरूमा पठनपाठनलाई निरन्तरता दिन 'प्रदेश स्वयंसेवक शिक्षक' र विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणका लागि 'विद्यालय नर्स' कार्यक्रमलाई आधारभूत तहसम्म विस्तार गर्न आवश्यक पारिश्रमिक तथा व्यवस्थापन खर्चको प्रबन्ध मिलाइएको छ।

४४. शिक्षक दरबन्दी न्यून रहेका सामुदायिक विद्यालयहरूमा पठनपाठन सुधार्न विशेष गरी विज्ञान, गणित र अङ्ग्रेजी विषयका लागि 'प्रदेश स्वयंसेवक शिक्षक' परिचालन गरिनेछ। साथै, गरिब तथा पिछडिएका घरपरिवारका जेहेन्दार विद्यार्थीहरूलाई इन्जिनियरिङ, मेडिसिन जस्ता उच्च प्राविधिक विषयमा अध्ययन गराउन छुट्टै 'प्रदेश छात्रवृत्ति कोष' स्थापना गरिनेछ।

४५. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर उकास्न विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित (STEAM) पद्धतिमा आधारित प्रयोगात्मक शिक्षण सिकाइ सञ्चालन गर्न र डिजिटल तथा स्मार्ट बोर्डहरू जडान गर्न लक्षित अनुदानको व्यवस्था मिलाइएको छ।

४६. प्रदेशका प्रत्येक जिल्लामा कम्तीमा एउटा विद्यालयलाई 'मुख्यमन्त्री नमुना विद्यालय' घोषणा गरी 'आवासीय नमुना विद्यालय' (Residential Model School) को रूपमा स्तरोन्नति तथा भौतिक पूर्वाधार निर्माण गरिनेछ। यस्ता विद्यालयहरूमा स्मार्ट बोर्ड, ई-लाइब्रेरी, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याब स्थापना गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

४७. बेरोजगार युवालाई स्वदेशमै रोजगारी दिलाउन 'एक जिल्ला, एक प्राविधिक शिक्षालय' नीतिलाई प्रभावकारी रूपमा अघि बढाइनेछ। कृषि, सूचना प्रविधि, अटो मोबाइल र हस्पिटालिटी जस्ता श्रम बजारमा उच्च माग भएका विषयहरूमा छोटो अवधिका परिणाममुखी सीपमूलक तालिमहरू सञ्चालन गरिनेछ।

४८. मधेशको समृद्ध भाषा (मैथिली, भोजपुरी, बज्जिका), कला, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न 'मधेश प्रज्ञा प्रतिष्ठान' लाई साधन स्रोत सम्पन्न बनाइनेछ। लोपोन्मुख संस्कृतिहरूको डिजिटल अभिलेखालय स्थापना गर्दै प्रदेशस्तरमा अन्तर्राष्ट्रिय सांस्कृतिक महोत्सव आयोजना गरिनेछ।

४९. शिक्षा, सीप विकास, भाषा, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि माथि उल्लिखित लगायत शिक्षा तथा संस्कृति कल्याण मन्त्रालय अन्तर्गतबाट सञ्चालन हुने कार्यक्रमका लागि रु. २ अर्ब ९० करोड विनियोजन गरेको छु।

## च. स्वास्थ्य, जनसंख्या र सामाजिक न्याय

५०. "मेरो स्वास्थ्य - मेरो जिम्मेवारी" नारालाई सार्थकता दिन स्थानीय तहको सह-लागतमा सबै वडाहरूमा 'नागरिक आरोग्य सेवा केन्द्र' स्थापना तथा उपकरण खरिद गरिनेछ। मधेश प्रदेशका नागरिकले विशिष्टीकृत उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य गर्न प्रादेशिक अस्पताल जनकपुरलाई मुटु, मिर्गौला र क्यान्सर रोगको उपचार सेवासहितको सुविधा सम्पन्न शिक्षण अस्पतालमा स्तरोन्नति गरिनेछ। यसका अतिरिक्त प्रादेशिक अस्पतालहरूमा ज्येष्ठ नागरिक, अति विपन्न र अपाङ्गता भएका व्यक्तिहरूका लागि विशिष्टीकृत उपचार युनिट निर्माण गरी सञ्चालनमा ल्याइनेछ।

५१. तराई-मधेशमा मुख्य स्वास्थ्य समस्याको रूपमा रहेको सर्प दंश (Snakebite) को उपचारलाई सर्वसुलभ बनाउन आधारभूत स्वास्थ्य केन्द्रहरूमा एन्टि-स्नेक भेनम (Anti–snake venom) सहितको 'सर्प दंश उपचार केन्द्र' विस्तार गरिनेछ। साथै, डेंगु तथा औलो जस्ता सरुवा रोग नियन्त्रणमा विशेष ध्यान दिइनेछ।

५२. सङ्घीय सरकारसँगको समन्वयमा मिर्गौला रोग उपचार केन्द्र र ट्रमा सेन्टरको निर्माण सुरु गर्न तथा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार विकास कार्यलाई गति दिइनेछ।

५३. अति विपन्न, दलित र सीमान्तकृत समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा ल्याउन उनीहरूको स्वास्थ्य बीमाको प्रिमियम प्रदेश सरकारले बेहोर्ने गरी स्थानीय तहसँगको लागत साझेदारीमा 'पूर्ण स्वास्थ्य बीमा कभरेज अभियान' लागू गरिनेछ।

५४. ग्रामीण क्षेत्रका स्वास्थ्य चौकी तथा आधारभूत अस्पतालहरूलाई प्रादेशिक अस्पतालसँग भर्चुअल माध्यमबाट जोड्न 'टेलिमेडिसिन सेवा' विस्तार गरिनेछ। बिरामीले समयमै एम्बुलेन्स नपाउने समस्या अन्त्य गर्न प्रदेशका सबै सरकारी तथा निजी एम्बुलेन्सहरूलाई जिपिएस प्रणालीमा आबद्ध गरी कल प्राप्त हुनासाथ नजिकको एम्बुलेन्स परिचालन हुने व्यवस्था मिलाउन 'एकीकृत प्रादेशिक एम्बुलेन्स प्रेषण केन्द्र' सञ्चालन गरिनेछ।

५५. प्रदेशको मानव पुँजी निर्माणलाई रणनीतिक महाअभियानका रूपमा अघि बढाउन 'मधेश पोषण मिसन २०८३' सञ्चालन गरिनेछ। यस अभियान अन्तर्गत मातृ तथा शिशु मृत्युदर घटाउन गर्भधारणदेखि शिशुको दुई वर्षसम्मको अवधिलाई लक्षित गरी 'गर्भवती आमा पोषण प्याक' वितरण गरिनुका साथै विद्यमान 'मुख्यमन्त्री पोषण कोसेली' कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। यसका अतिरिक्त, प्रदेशभरिका महिलाहरूको स्वास्थ्य रक्षाका लागि 'निःशुल्क स्तन तथा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ घुम्ती शिविर' सञ्चालन गरिनेछ।

५६. दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादनसँग जोड्दै रैथाने उद्योगहरूबाट उत्पादित पौष्टिक युक्त पीठो प्रयोग गरी 'खेतदेखि थालसम्म विद्यालय खाजा' कार्यक्रमलाई अनिवार्य गरिनेछ। यसका लागि 'एक पालिका, एक पोषण उत्पादन केन्द्र' स्थापना गर्न सार्वजनिक-निजी साझेदारी (PPP) गरिनेछ।

५७. विगतको 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमलाई परिमार्जन गर्दै "शिक्षित छोरीः सुरक्षित मधेश, उद्यमशील नारीः समृद्ध प्रदेश" सङ्कल्पका साथ महिलाहरूलाई प्राविधिक सीप सिकाउन र सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान उपलब्ध गराउन 'मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम' कार्यान्वयनमा ल्याइनेछ, जसअन्तर्गत सामुदायिक विद्यालयबाट अध्ययन गरेका र प्राविधिक शिक्षा पढ्न चाहने छात्राहरूलाई पूर्ण छात्रवृत्तिको व्यवस्था समेत मिलाइनेछ।

५८. सडक आश्रित मानवहरूको उद्धार तथा पुनर्स्थापनाका लागि 'सुरक्षित आवास' निर्माण गरिनेछ भने सडक बालबालिका तथा ज्येष्ठ नागरिकको पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापनाका लागि स्थानीय तहसँग सघन सहकार्य गरिनेछ।

५९. सघन दलित बस्तीलाई लक्षित गरी 'नमुना होमस्टे' सञ्चालन गर्ने तथा प्रदेश दलित सशक्तीकरण ऐन' को प्रभावकारी कार्यान्वयन गर्दै अति विपन्न र भूमिहीन दलित परिवारका लागि 'जनता आवास तथा आयआर्जन कार्यक्रम' सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६०. बढ्दो लागु औषध दुर्व्यसन र मानसिक स्वास्थ्य समस्या न्यूनीकरणका लागि विद्यालय र सार्वजनिक स्थलहरूमा योग तथा ध्यान अभियान सञ्चालन गरिनेछ।साथै, प्रदेशस्तरीय अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना गर्ने कार्यलाई अगाडि बढाइनेछ।

६१. न्यायमा पहुँच नभएका सीमान्तकृत, दलित, महिला, गरिब तथा असहाय नागरिकको न्याय पाउने अधिकार सुनिश्चित गर्न सबै जिल्लाहरूमा कानुनी सहायता डेस्क स्थापना गरी निःशुल्क वकिल उपलब्ध गराउनुका साथै स्थानीय तहका न्यायिक समितिहरूसँगको समन्वयमा 'घुम्ती निःशुल्क कानुनी सहायता शिविर' सञ्चालन गरिनेछ।

६२. विगतमा सञ्चालित 'महेन्द्र नारायण निधि आवास' र 'मदन भण्डारी आवास' कार्यक्रमलाई एकीकृत तथा सुदृढ गर्दै, प्रदेशभित्रका विपन्न तथा घरविहीन नागरिकलाई सुरक्षित आवासको व्यवस्था मिलाउन 'मुख्यमन्त्री आवास कार्यक्रम' सञ्चालन गरिनेछ।

६३. प्रदेशका नागरिकको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न माथि उल्लिखित लगायत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतबाट सञ्चालन हुने कार्यक्रमका लागि रु. ५ अर्ब ९५ करोड विनियोजन गरेको छु।

## छ. भौतिक पूर्वाधार, यातायात र ऊर्जा

६४. सीमित स्रोत र साधनलाई अनुत्पादक रूपमा छरिएर खर्च गर्ने प्रवृत्तिको अन्त्य गर्दै निर्माणाधीन अधुरा आयोजनाहरूलाई सम्पन्न गर्न उच्च प्राथमिकता दिइएको छ। स-साना टुक्रे योजनामा बजेट छर्ने प्रवृत्तिको अन्त्य गर्दै चालु प्रकृतिका र क्रमागत आयोजना तथा कार्यक्रमबाहेक रु.१ करोडभन्दा कम रकमका विकास निर्माण योजनाहरूमा बजेट विनियोजन गरिने छैन। सडक, पुल र भवन निर्माणका सम्पूर्ण योजनाहरूलाई 'बहु वर्षीय प्रादेशिक पूर्वाधार गुरुयोजना' मा समावेश गरेर मात्र कार्यान्वयनमा लैजाने व्यवस्था मिलाइएको छ।

६५. प्रदेशको कृषि उत्पादनलाई बजारसम्म सहज रूपमा पुऱ्याउन पूर्व-पश्चिम राजमार्ग र हुलाकी राजमार्गलाई जोड्ने उत्तर-दक्षिण सडक सञ्जालहरूको स्तरोन्नति गरी 'मधेश कृषि कोरिडोर' को रूपमा विकास गरिनेछ। प्रादेशिक सडक सञ्जाल गुरुयोजना अन्तर्गत निर्माणाधीन सडकहरूको स्तरोन्नति र प्रत्येक निर्वाचन क्षेत्रमा बाह्रै महिना चल्ने पक्की पुल निर्माणका लागि बजेट विनियोजन गरेको छु।हुलाकी राजमार्ग अन्तर्गत पर्ने धनुषा र सिरहा जोड्ने कमला नदीमा वैकल्पिक पुल निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।


६६. प्रदेश सरकार मातहतका सडकहरूलाई बाह्रै महिना सुरक्षित र यातायात योग्य राख्न खाल्डाखुल्डी देखिए लगत्तै मर्मत गर्ने प्रणाली विकास गर्न 'सडक मर्मत द्रुत टोली' गठन गरी परिचालन गरिनेछ। प्रदेशका प्रमुख व्यापारिक केन्द्र र जनघनत्व बढी भएका सहरहरूमा बढ्दो ट्राफिक चापलाई व्यवस्थित गर्न सार्वजनिक-निजी साझेदारी मोडलमा विद्युतीय सवारी चार्जिङ स्टेसन, विश्रामलय र स्मार्ट पार्किङ सुविधासहितको 'स्मार्ट प्रादेशिक बसपार्क' निर्माण कार्य अघि बढाइनेछ।

६७. आगामी दिनमा निर्माण हुने प्रदेश सरकारका सबै प्रशासनिक तथा सार्वजनिक भवनहरू र पर्यटकीय स्थलहरू अनिवार्य रूपमा अपाङ्गता तथा बालबालिकामैत्री, भूकम्प प्रतिरोधी, वर्षाको पानी सङ्कलन गर्ने प्रविधि (Rain–water Harvesting) र सौर्य ऊर्जा जडित हुने गरी 'हरित भवन मापदण्ड' कडाइका साथ लागू गरिनेछ।

६८. तराई-मधेशमा सुख्खायाममा हुने खानेपानीको चरम अभाव र आर्सेनिकको समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न स्थानीय तहसँगको सहकार्यमा 'एक गाउँ, एक डिप बोरिङ' र स्वच्छ खानेपानी अभियान' सञ्चालन गरी घरघरमा धारा जडान गरिनेछ। नवीकरणीय ऊर्जाको प्रयोग बढाउन र विद्युत् महसुल खर्च घटाउन प्रदेशका सम्पूर्ण सरकारी कार्यालय, अस्पताल र ठुला विद्यालयहरूको छानामा 'रुफटप सोलार प्रणाली' जडान गर्नुका साथै उत्पादित विद्युत् ग्रिडमा पठाउन नेपाल विद्युत् प्राधिकरणसँगको समन्वयमा नेट मिटरिङ प्रणाली लागू गरिनेछ।

६९. यातायात व्यवस्था कार्यालयहरूमा हुने भिडभाड र बिचौलियाको प्रभावलाई निरुत्साहित गर्न सवारी

(बाँकी पृष्ठ ५ मा)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मधेश प्रदेशको क्रान्तिकारी बजेट

मधेश प्रदेशको आगामी आर्थिक वर्षको लागि सार्वजनिक गरिएको बजेटलाई क्रान्तिकारी भनिएको छ । सरकारले गत वर्षको तुलनामा केही कम ४१ अर्ब १३ करोड ८६ लाखको बजेट ल्याएको छ र  प्रदेश सरकारले बजेट कम भनिए पनि विगतका केही शीषर्क केही बाहेकका समेत जोडिएर बजेट बढी समेत भएको देखिन्छ। बजेटमा कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, वनलगायतका क्षेत्रलाई प्राथमिकतामा राखिएको छ। बजेटमा चालुतर्फ कुल विनियोजनको ३५ दशमलव ५४ प्रतिशत अर्थात् १४ अर्ब ६६ करोड ३२ लाख २९ हजार रुपैयाँ र पुँजीगततर्फ ६४ दशमलव ३५ प्रतिशत अर्थात् २६ अर्ब ४७ करोड ५३ लाख ७१ हजार रुपैयाँ खर्च प्रस्ताव गरिएको छ। प्रदेशको धेरै कार्यक्रमहरुलाई बजेटमा समावेश गरिएको छ। बेटी पढाउ, बेटी बचाउ नयाँ रुपमा सरकारले ल्याएको छ। बजेटमा सरकारी सवारी साधन खरिद नगर्ने प्रतिबद्धता जनाउँदै त्यो शीर्षकमा बजेट बिनियोजन नगरिएको बताइएको छ। कमला नदीमा बैकल्पिक पुल निर्माणका लागि बजेट बिनियोजन गरिएको छ। रामजानकी रंगशालाको लागिपनि बजेट बिनियोजन गरिएको छ। बजेटको क्रान्तिकारी पक्ष भनेको उपभोक्ता समिति मार्फत गरिने कार्यलाई पूर्ण रुपमा रोक लगाउनु हो। सरकारले बजेटमा १ करोडको भन्दा कम रकमको योजना समावेश नगरेको बताएको छ। मधेश प्रदेशलाई उपभोक्ता समिति मार्फत हुने कामले अत्यधिक बदनाम गराएको छ। मधेश प्रदेशमा भ्रष्टाचार हुने कारणहरु मध्ये उपभोक्ता समितिलाई पहिलो नम्बरमा राखिएको छ। उपभोक्ता समिति मार्फत हुने काममा व्यापक अनियमितता हुने र बजेट बनाइने क्रममा नै ठेकदारहरुसित अग्रिम कमिसन लिएर योजनाहरु राखिने गरिएको आरोप लाग्दै आएको थियो। यस पटक भने त्यो प्रवृतिलाई निरुत्साहित गर्न बजेटमा उपभोक्ता मार्फत कार्य हुने साना योजनाहरुलाई समावेश गरिएको छैन्। टुक्रे योजनाहरुलाई समावेशगर्दा उपभोक्ता समिति मार्फत काम हुने र त्यस्ता योजनाहरु बेचबिखन गरिन्थ्यो। मधेश प्रदेश सरकारले यस पटक ठूलै आँट गरेको छ। हुन त गत वर्षपनि उपभोक्ता मार्फत काम नगराउने प्रतिबद्धता सरकारले जनाएको थियो। तर सांसद र कयौं मन्त्रीहरुको कारण योजनाहरु टुक्रयाएर उपभोक्ता समिति मार्फत नै कार्य भएको थियो। उपभोक्ता समिति मार्फत कार्य हुँदा मन्त्री, सांसदहरुले कमिसन पाउने र कार्यकर्ताहरुले काम गराउँदा केही रकम जोगाउने गर्थे ।त्यसबाट कार्यकर्ताहरुलाई समेत सन्तुष्ट पारिन्थ्यो। तर त्यसले सरकारलाई निकै बदनाम गराएको थियो ।यस पटक सरकारले त्यसमा कठोर बनेको छ। बजेटमा सरकारले पर्यटन क्षेत्रको विकासलाई महत्व दिएको छ। समग्रमा बजेट भाषण राम्रो रहेपनि त्यसको कार्यान्वयन पक्ष कस्तो हुने ?भने प्रश्न छ। मधेश प्रदेशमा बजेट जहिलेपनि कम खर्च भएको छ। महत्वाकांक्षी योजनाहरु भन्दा बजेट कार्यान्वयन हुन सक्ने योजनाहरुमा जोड दिन आवश्यक छ।

# विकास राजनीति हो !

दीपकराज सापकोटा र डा. उत्तम शर्मा

विकास कहिल्यै पनि तटस्थ हुँदैन। यो समय, सन्दर्भ र मानवीय आकांक्षाहरूद्वारा निर्देशित हुने एक गतिशील राजनीति हो।

प्रगति भनेको अगाडि बढ्नु मात्र होइन – यो अगाडि बढ्ने क्रममा हामीले रोज्ने विकल्पहरूको समष्टि पनि हो। सही ढंगले गरिएमा विकासले समाजको रूपान्तरण गर्छ। गलत बाटो समातेमा यसले गतिहीनता र प्रणालीगत परनिर्भरता मात्रै निम्त्याउँछ।

तर दुर्भाग्यवश, धेरैजसो विकास कार्यक्रमहरू ती लक्षित समुदायको वास्तविक धरातलभन्दा निकै टाढा बसेर बनाइन्छन्।

स्रोतसाधनले सम्पन्न परिवेशमा, चाहे पश्चिमा देशका राजधानीहरू हुन् वा विकासोन्मुख देशका सुविधासम्पन्न सहरहरू हुन्, तयार पारिएका खाकाहरूलाई स्थानीय समुदायमा एउटा तयारी समाधानका रूपमा थोपरिन्छ। यो अभ्यास दुइटा त्रुटिपूर्ण मान्यतामा आधारित छ। एक, स्थानीय मानिसहरू आफूलाई समस्या भएको विषयमा अनभिज्ञ छन्। अर्को, उनीहरूलाई परिवर्तन गरेर 'हामी जस्तै' बनाउनुपर्छ।

यी दुवै मान्यताले स्थानीयको आत्मनिर्णयको अधिकार नकार्छन् र असमानतालाई बढावा दिन्छन्। नीना मंकले आफ्नो किताब द आइडियलिस्टमा उल्लेख गरेझैं, वास्तविक चुनौती सहायता वितरण गर्नु होइन, सहायता बिना पनि टिकिरहन सक्ने प्रणालीगत सुधारको निर्माण गर्नु हो। वास्तविक विकासको सुरूआत अपनत्वबाट हुन्छ। यसका वास्तविक संवाहक तिनै हुन् जो चुनौतीहरूको सामना गरिरहेका छन् - चाहे ती व्यक्ति, परिवार, समुदाय वा सिंगो राष्ट्र नै किन नहुन्!

परिवर्तन तब सम्भव हुन्छ जब मानिसहरू आफ्नो वर्तमान अवस्था अब स्वीकार्य छैन भन्ने निर्णयमा पुग्छन्, त्यसबाट बाहिर निस्किन आफै प्रयास गर्छन्, सहयोगका लागि सम्बन्धित निकाय वा व्यक्तिहरूसम्म पुग्छन् र अझ राम्रो व्यवस्थाको माग र काम समेत गर्छन्। जब उनीहरू आफै अपुग वित्त, ज्ञान वा साझेदारीको खोजी गर्छन्, तब मात्र विकास सहयोगले त्यो रूपान्तरणलाई थप गति दिन सक्छ। एरिस्टोटलले भनेका थिए– निर्माणकर्ताहरू निर्माण गर्दागर्दै नै निर्माणकर्ता बन्छन्। ठिक त्यसैगरी, समुदायहरू बाहिरबाट शासित भएर होइन, आफै शासन सञ्चालन गरेर मात्र आत्मनिर्भर बन्न सक्छन्।

यद्यपि, स्थानीय अपनत्वका लागि आफ्नै आन्तरिक तयारी र गृहकार्य बलियो हुन आवश्यक छ। धेरैजसो अवस्थामा, सरकार र समुदायहरू आफूलाई वास्तवमा के चाहिएको हो भन्ने कुराको स्पष्ट र तथ्यमा आधारित बुझाइ बिना नै साझेदारीमा प्रवेश गर्छन्। नेपाल जस्ता देशहरूमा सरकार आफैले आयोजना मूल्यांकन दस्तावेज (एब्म) तयार गर्ने नेतृत्व विरलै लिन्छ।

जब दातृ निकायका परामर्शदाताहरूले हाम्रा विकास कार्यक्रमका आधारभूत दस्तावेजहरू लेख्छन्, तब हामीले अप्रत्यक्ष रूपमा आफ्नो विकासको भाष्य उनीहरूलाई सुम्पिरहेका हुन्छौं। जब कागजात नै बाह्य हुन्छ, तब प्राथमिकताहरू पनि दातृ निकायको बुझाइ अनुसार तय हुन्छन्, आवश्यकता अनुसार होइन।

मागमा आधारित परिवर्तनको सुरूआत कुनै बाह्य साझेदारको आगमनबाट होइन, बरू देशले आफूलाई के र किन आवश्यक छ भन्ने कुराको गहन र ठोस तयारी गरेपछि मात्र हुन्छ।

जब कार्यक्रमहरू बाह्य रूपमा परिकल्पना गरिन्छ, यसले नागरिकहरूलाई उनीहरूको भविष्यको सक्रिय निर्माता मान्नुको साटो निष्क्रिय प्रापकका रूपमा हेर्छ, जसले गर्दा विकास कार्यक्रमहरू संरचनात्मक रूपमै सान्दर्भिक हुन सक्दैनन्। तीव्र वैज्ञानिक र प्राविधिक परिवर्तनको वर्तमान युगमा, केवल सक्रिय सहभागिता पर्याप्त छैन। आर्टिफिसियल इन्टेलिजेन्स (एआई), डिजिटल प्रणाली र तथ्यांकमा आधारित उपकरणहरूले समाजलाई जसरी पुनर्गठन गरिरहेका छन्, त्यसका लागि समुदाय र सरकारहरू थप अग्रसर हुन जरूरी छ। अर्थात्, सम्भावित परिवर्तनहरूको पूर्वानुमान गर्ने, समस्याहरू संस्थागत हुनुअघि नै समाधानको खाका कोर्ने र प्रविधिलाई आत्मसात गर्ने मात्र नभई नवप्रवर्तनको नेतृत्व गर्ने क्षमता हुनुपर्छ।

जुन नागरिक प्रतिक्रिया मात्र जनाउँछ, ऊ क्षमतावान भएर पनि दौडमा पछि परिसकेको हुन्छ। तसर्थ, स्थानीय ज्ञानमा आधारित, प्रविधिद्वारा सुसज्जित र वास्तविक राजनीतिक अपनत्व सहितको अग्रसरता नै अहिलेको अर्थपूर्ण विकासको न्यूनतम सर्त बनेको छ। बाहिरबाट थोपरिने यस्ता अभ्यासले दीर्घकालीन परनिर्भरता सिर्जना गर्दै प्रणालीगत विकृतिहरू जन्माउँछन्।

गैरसरकारी संस्थामार्फत सञ्चालित समानान्तर संयन्त्रहरूबाट वर्षौंसम्म कुनै समुदायको सेवा गर्नु कागजमा निकै उदात्त देखिए पनि, यसले अन्ततः स्थानीय आत्मनिर्भरतालाई कमजोर बनाउँछ र स्थानीय क्षमताको विकासलाई अवरूद्ध गर्छ।

यसबाहेक, बाह्य निकायहरूले प्रायः स्थानीय सरकारी संयन्त्रसँग प्रत्यक्ष प्रतिस्पर्धा गर्ने गरी समानान्तर प्रशासनिक संरचनाहरू खडा गर्छन्। यो प्रतिस्पर्धाले त्यसै पनि शिथिल सार्वजनिक संस्थाहरूलाई थप कमजोर र अनुत्तरदायी बनाउँछ, र ठूलो बजेट भएका समानान्तर संयन्त्रहरूले संस्थागत अक्षमता मात्र बढाउँछन्।

महत्त्वपूर्ण कुरा के छ भने, यस्ता विकृतिहरू अन्तर ाष्ट्रिय सहायतामा मात्र सीमित छैनन्; आन्तरिक रूपमा सुरू गरिएका कार्यक्रमहरूले पनि विद्यमान सरकारी प्रणालीलाई बाइपास गरेमा उस्तै समस्याहरू निम्त्याउन




AI Generated image

सक्छन्। नेपालको राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम यसको एउटा ज्वलन्त उदाहरण हो।

पहिल्यैदेखि निःशुल्क अत्यावश्यक औषधि, मातृ स्वास्थ्य सेवा र कडा रोगहरूको उपचारका लागि विशिष्टीकृत कार्यक्रमहरू उपलब्ध गराइरहेको जनस्वास्थ्य प्रणालीसँग एकीकृत गर्नुको साटो यसलाई एउटा छुट्टै समानान्तर कार्यक्रमका रूपमा ल्याइँदा यो दोहोरोपनको शिकार बन्यो र वित्तीय रूपमा बोझिलो हुन पुग्यो।

यसबाट स्पष्ट पाठ मिल्छ– विद्यमान सार्वजनिक सेवा सुदृढ गर्नुको साटो ल्याइने समानान्तर योजनाहरूले अन्ततः मूल प्रणालीलाई नै कमजोर बनाउँछन्। परिणाम स्वरूप, यसले राज्यको उत्तरदायित्व सार्ने काम गर्छ।

नागरिकका आधारभूत आवश्यकताहरू पूरा गर्नु सरकारको प्राथमिक संवैधानिक जिम्मेवारी हो, र बाह्य सहायताले यो राष्ट्रिय जबाफदेहितालाई बलियो बनाउनुपर्छ, न कि यसको स्थायी विकल्प बन्नुपर्छ।

सहायतामाथिको परनिर्भरताका संरचनात्मक परिणामहरू सन् २०२५ को सुरूआतमा स्पष्ट देखिए, जब नेपालका लागि विनियोजित ३२ करोड ९० लाख अमेरिकी डलरको युएसएआईडी (USAID) कोष अचानक बन्द भयो।

यसले देशभरका स्थानीय स्वास्थ्य, शिक्षा र सामाजिक संरक्षणका कार्यक्रमहरू ठप्प बनाइदियो। एकाउन्टेबिलिटी ल्याब नेपालको मार्च २०२६ को प्रतिवेदनले यस आकस्मिक बहिर्गमनबाट परेको तत्कालीन सञ्चालनगत असर मात्र नभई विकासको स्थापित ढाँचाभित्र लुकेका गहिरा संरचनात्मक कमजोरी पनि उजागर गरेको छ।

उक्त प्रतिवेदनमा सर्भेक्षण गरिएका नेपाली विज्ञ तथा अभ्यासकर्ताहरूका अनुसार हालका अनुगमन, मूल्यांकनन तथा सिकाइ सम्बन्धी ढाँचा 'तथ्यांक संकलन'ग र्ने माध्यम मात्र बनेका छन्। यिनले स्थानीय स्तरको आपसी सिकाइलाई भन्दा विदेशी दाताहरूको सर्त पालनालाई बढी प्राथमिकता दिन्छन्।

दाताहरूको झन्झटिलो प्रशासनिक प्रक्रिया पूरा गर्न सक्ने पहुँचवाला र सीमित संस्थाको घेराले मात्रै यस्ता परियोजना पाउँदा यसले 'एलिट क्याप्चर' (सीमित सम्भ्रान्त वर्गको कब्जा) को भावना बलियो बनाएको छ।

यो प्रक्रियामा स्थानीय सरोकारवालाहरू रणनीतिक नेतृत्व र तथ्यांकको अपनत्वबाट पूर्ण रूपमा वञ्चित गरिएका बारेमा लेखिएका छन्।

प्रतिवेदनको निष्कर्ष स्पष्ट छ– दिगो विकासका लागि योजनाको तर्जुमादेखि मूल्यांकनसम्मको वास्तविक निर्णय प्रक्रिया स्थानीयकै हातमा सुम्पिनुपर्छ। हामीले उत्तरदायित्वको दिशालाई दातातिर होइन, बरू तल समुदाय र स्थानीय सरकारतर्फ सोझ्याउनुपर्छ।

साथै, आयोजनाहरूलाई स्थानीय सरकारी प्रणालीमा एकीकृत गर्नु कुनै ऐच्छिक विषय नभई दिगोपनको गैर-वार्तालापयोग्य पूर्वसर्त हुनुपर्छ।

**अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम- व्यवहारमा अपनत्व**

अपनत्व र मागमा आधारित परिवर्तनका अमूर्त सिद्धान्तहरूलाई जब व्यवहारमा उतारिन्छ, तब मात्र तिनको स्पष्टता देखिन्छ।

कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय र त्यहाँका सबै १३७ वटा स्थानीय तहको पूर्ण अपनत्व र नेतृत्वमा सञ्चालित 'अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम' यसको उत्कृष्ट उदाहरण हो।

करूणा फाउन्डेसन नेपालसँगको साझेदारी र अपांगता भएका व्यक्तिहरूको राष्ट्रिय महासंघ नेपालको प्राविधिक अगुवाइमा सञ्चालित यो कार्यक्रम सरकारी स्वामित्व र दिगोपन केन्द्रित विकासको एउटा मूर्त नमूना हो।

यो जीवनचक्रमा आधारित कार्यक्रम हो, जसले गर्भधारण पूर्व र गर्भावस्थादेखि नै अपांगताको पहिचान, पुनर्स्थापना र पूर्ण आर्थिक तथा सामाजिक समावेशीकरणका क्षेत्रमा काम गर्छ।

यसले सिंगो पालिकालाई समेट्दै स्वास्थ्य, शिक्षा, जीविकोपार्जन र सामाजिक सबलीकरणलाई स्थानीय नेतृत्वको एउटै साझा संयन्त्रभित्र एकीकृत गरेको छ।

यो मोडललाई नेपाल सरकारको १६ औं आवधिक योजनामा समेत देशव्यापी विस्तारका लागि औपचारिक रूपमा समेटिएको छ।

**यो मोडलले कोशी प्रदेशमा पारेको प्रभावले नै यसको सान्दर्भिकता पुष्टि गर्छ ।**

यो कार्यक्रमले १४ जिल्लाका १३७ वटा स्थानीय तहमा सफलतापूर्वक पहुँच पुऱ्याउँदै ८० हजारभन्दा बढी अपांगता भएका व्यक्तिहरूलाई प्रत्यक्ष सहयोग गरेको छ। वार्षिक रूपमा १० हजार गर्भवती महिला र ८० हजार नवजात शिशुहरूसम्म सेवा पुऱ्याइरहेको छ।

सबभन्दा महत्त्वपूर्ण कुरा, यसमध्ये ७३ वटा स्थानीय तहहरूले संघ र प्रदेश सरकारहरूको सहयोगमा पूर्ण रूपमा अपनत्व गरिसकेका छन्। अर्थात् उनीहरू आन्तरिक स्रोतबाट यो कार्यक्रम सञ्चालन गरिरहेका छन् भने बाँकी ६४ पालिकाहरू पनि सोही मार्गमा अघि बढिरहेका छन्।

यो कार्यक्रम सबै हिसाबले पूर्ण नहोला तर स्थानीय तहहरुमा सीमान्तकृत जनसमुदायलाई मूल प्रवाहीकरणमा लैजाने सफल अभ्यास र सुरूआत हो।

यस कार्यक्रमलाई संरचनात्मक रूपमा विशिष्ट बनाउने तत्व यसको कार्यक्षेत्र मात्र नभई यसको वित्तीय व्यवस्थापन र बहिर्गमनको मोडल हो। यहाँ साझेदारीको पहिलो दिनदेखि नै स्थानीय स्वामित्वलाई संरचनाभित्रै बुनिएको हुन्छ, कार्यक्रमको अन्त्यमा जबर्जस्ती जोड्ने प्रयास गरिँदैन।

यो कार्यक्रम त्रिपक्षीय 'स्थानीय साझेदारी कोष' मार्फत सञ्चालन हुन्छ, जसमा स्थानीय सरकार, प्रदेश सरकार र साझेदार संस्था (करूणा फाउन्डेसन) ले कुल लागतको करिब एक तिहाइ हिस्सा योगदान गर्छन्।

सबैभन्दा महत्त्वपूर्ण कुरा, यो रकम कुनै गैरसरकारी संस्थाको समानान्तर खातामा होइन, बरू नेपाल सरकारको आधिकारिक बजेट प्रणाली – रातो किताब – भित्र सिधै स्थानीय तहको खातामा जम्मा हुन्छ।

यो सरल तर क्रान्तिकारी संरचनाले एकैसाथ धेरै काम गर्छ। रातो किताबमार्फत रकम परिचालन गर्दा कार्यक्रम पूर्ण रूपमा विद्यमान सरकारी वित्तीय र प्रशासनिक नियमहरू भित्र बाँधिन्छ, जसले समानान्तर प्रणालीको अन्त्य गर्छ।

यसले सरकारका हरेक तहलाई वित्तीय रूपमा जिम्मेवार बनाउँछ। सुरूदेखि नै स्थानीय सरकारले आफै रकम व्यवस्थापन गर्ने भएकाले, पछि संस्था पूर्ण रूपमा बाहिरिँदा पनि प्रणालीमा कुनै झट्का लाग्दैन, सानो प्रशासनिक समायोजन मात्रै गरे पुग्छ।

**अन्ततः यसले तल्लो तहप्रतिको जबाफदेहितालाई मजबुत बनाउछ ।**

परिणाम निस्किएन भने स्थानीय जनप्रतिनिधिहरूले कुनै दूरदराजको दातालाई होइन, आफ्नै मतदातालाई आफ्नै स्रोतसाधनको हिसाब दिनुपर्ने हुन्छ।

यस वित्तीय संरचनाका अतिरिक्त, प्रत्येक पालिकामा क्रियाशील 'अपांगता भएका व्यक्तिहरूको संस्थाहरू', 'मिलिजुली' समूह र लक्षित सहकारीहरूले नागरिकको माग पक्षलाई थप बलियो बनाएका छन्।

यिनीहरूले सेवा प्रवाहलाई बढी जनमुखी बनाउनुका साथै सही नीति निर्माण र पर्याप्त बजेट विनियोजनका लागि नीति निर्माताहरूलाई जबाफदेही बनाइराख्छन्।

देशव्यापी विस्तार र विश्वव्यापी रूपान्तरण

कुनै पनि विकासको मोडलको वास्तविक परीक्षा त्यसको मूल मर्म नमर्ने गरी विस्तार हुन सक्ने क्षमतामा निर्भर हुन्छ।

कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयको नेतृत्वमा कर्णालीमा भइरहेको यसको विस्तारले ठिक यही स्थापित संरचनालाई पछ्याएको छ, जहाँ स्थानीय गैरसरकारी संस्था 'हेड नेपाल' ले कार्यान्वयनमा साझेदारी गरिरहेको छ।

आज संघीय सरकारले समेत प्रदेश र स्थानीय सरकारसँगै यस कार्यक्रमका लागि आफ्नै बजेट विनियोजन गर्न थालेको छ। यो एउटा यस्तो कोशेढुंगा हो जसले यो कार्यक्रम कुनै दातृ निकायको परियोजना मात्र नभएर राज्यको स्थायी नागरिक अधिकारका रूपमा स्थापित हुँदै गएको संकेत गर्छ र आफै गर्न सक्छौं भन्ने मान्यताको विकास गर्छ।

अन्तर्राष्ट्रिय स्तरमा पनि यो सुशासनको ढाँचालाई प्रजातान्त्रिक गणतन्त्र कंगो, केन्या, र तान्जानियामा डिपिआरपी मोडलको रूपमा लागू गरिएको छ भने थप अफ्रिकी मुलुकहरू र बंगालादेश जस्ता देशहरूमा लागू गरिँदैछ।

यसलाई नेपाली गैरसरकारी संस्थाको विज्ञताको एउटा उपलब्धिपूर्ण प्रतिरूपका रूपमा निर्यात गरिएको होइन, बरू अपांगता-समावेशी विकासका लागि एउटा लचिलो र स्थानान्तरणयोग्य सुशासनको खाकाका रूपमा लगिएको हो, जहाँ स्थानीय संस्थाहरू पहिलो दिनदेखि नै आ-आफ्नो देशको सरकारी प्रणालीभित्र समाहित हुन्छन्।

यस मोडलले समग्र विकास क्षेत्रका लागि पाँच वटा महत्त्वपूर्ण पाठहरू सिकाउँछ।

पहिलो, विकासको माग कृत्रिम होइन, वास्तविक हुनुपर्छ। जबसम्म स्थानीय सरकारले औपचारिक रूपमा माग गर्दैन र आफ्नो बजेटको हिस्सा सुनिश्चित गर्दैन, तबसम्म यो कार्यक्रमले कुनै पनि पालिकामा प्रवेश गर्दैन, जसले सुरूमै आपूर्ति-केन्द्रित विकृति रोक्छ। दोस्रो, समानान्तर संरचनाहरू आवश्यकता होइनन्, बरू एक गलत छनोट हुन्। सरकारी वित्तीय प्रणालीबाटै सबै स्रोत परिचालन गरेर पनि कडा र पारदर्शी विकास कार्यक्रम सञ्चालन गर्न सकिन्छ भन्ने कुरा यसले प्रमाणित गर्छ।

# रक्तपात, अन्धकार र प्रशासनिक उदासीनताले “गिलगिट-बाल्टिस्तान” र पाकिस्तान अधिकृत कश्मीरमा गहिरिँदै गएको आर्थिकसंकट



● अनिल तिवारी

दक्षिण एसिया र मध्य एसियाको भू-राजनीतिक परिदृश्य अहिले तीव्र रूपमा परिवर्तन भइरहेको छ। लोकतान्त्रित चरित्र भन्दा पनि आतंकी केन्द्रको रुपमा पाकिस्तान उभिएको छ, जसको सुरक्षा नीति, अफगानिस्तान प्रतिको दृष्टिकोण, बलुचिस्तानमा बढ्दो विद्रोह र विभिन्न उग्रवादी समूहहरूसँगको साटघाटले सम्पूर्ण क्षेत्रलाई अस्थिर बनाउने खतरा बढाएको छ ।पाकिस्तानद्वारा प्रशासित क्षेत्रहरूमा लामो समयदेखि सुल्झिन नसकेको असन्तोष अन्ततः हिंसात्मक विस्फोटको बिन्दुमा पुगेको छ। पछिल्लो एक महिनामा गम्भीर आर्थिक संकट, राजनीतिक अधिकारबाट वञ्चित गरिने प्रणालीगत अभ्यास तथा राज्यद्वारा गरिएको कठोर दमनको संयोजनले “गिलगिट-बाल्टिस्तान” र पाकिस्तान अधिकृत कश्मीरलाई पछिल्ला दशकहकै सबैभन्दा गम्भीर मानवीय तथा राजनीतिक संकटतर्फ धकेलेको छापीओकेमा बढ्दो असन्तोषको घटना यो पहिलो पटक होइन, वर्षौंदेखि थुप्रिँदै आएको राजनीतिक, आर्थिक र सामाजिक असन्तुष्टिको परिणाम हो। स्थानीय जनताले आफ्नो पहिचान, अधिकार र स्रोतसाधनमाथि बढी नियन्त्रणको माग गर्दै आएका छन्। तर यस्ता मागलाई सम्बोधन गर्नुको सट्टा सरकारद्धारा बल प्रयोग गरिएको आरोप लाग्ने गरेको छ।

**संकटको सुरूआतस् आर्थिक शोषण र रावलाकोट रक्तपात**

पीओकेमा भएको पछिल्लो गोलीकाण्ड केवल सुरक्षा कारबाहीको विषय मात्र होइन, यो त्यहाँ बढ्दो राजनीतिक असन्तोष, अधिकारको माग र राज्यको प्रतिक्रिया बीचको गहिरो द्वन्द्वको प्रतिबिम्ब हो ।हालको क्षेत्रव्यापी आन्दोलनको तत्काल कारण संघीय सरकारले गहुँको पिठोमा दिँदै आएको अत्यावश्यक अनुदान अचानक हटाउनु र विद्युत् महसुलमा रातारात ठूलो वृद्धि गर्नु थियो। ऐतिहासिक रूपमा उच्च मुद्रास्फीतिको मार झेलिरहेका स्थानीय बासिन्दाका लागि यो निर्णय राज्यको संरचनागत निर्दयताको प्रतीक पनि रहेको आन्दोलनकारी पक्षको तर्क हो।

स्थानीयवासीका अनुसार लोकतान्त्रिक परिवेशमा पनि विडम्बना के छ भने, गिलगिट-बाल्टिस्तान तथा आसपासका क्षेत्रहरूमा विशाल जलविद्युत् परियोजनाहरू सञ्चालनमा छन्, जसमा निर्माणाधीन डायमर-भाषा बाँध पनि समावेश छ। तर त्यसक्षेत्रका प्राकृतिक जलस्रोतबाट उत्पादन भएको ऊर्जा पाकिस्तानको अन्यत्रका प्रान्तहरूलाई उपलब्ध गराइँदा पनि स्थानीय जनताले निरन्तर विद्युत् कटौती झेलनुका साथै चर्को बिजली महसुल तिर्दै आएका छन।

यसभेगका स्रोतबाट प्राप्त हुनुपर्ने रोयल्टीबाट स्थानियलाई वञ्चित समेत गराइएको छ।

आर्थिक न्यायको माग गर्दै जम्मू-कश्मीर संयुक्त आवामी एक्शन कमिटी  ले मुजफ्फराबादतर्फ विशाल तथा शान्तिपूर्ण “लङ मार्च” आयोजना गरेपछि स्थिति थप तनावपूर्ण बन्यो। नागरिक समाज र व्यापारीहरूको साझा मञ्चका रूपमा रहेको लाई इस्लामाबादले एकपक्षीय रूपमा आतंकवादसम्बन्धी कडा कानुन प्रयोग गरी प्रतिबन्धित घोषणा गऱ्यो। तनावको चरम अवस्था रावलाकोटमा देखियो, जहाँ पाकिस्तानी सुरक्षा बल तथा रेन्जर्सले निःशस्त्र प्रदर्शनकारीमाथि गोली चलाउनुका साथै व्यापक रूपमा अश्रुग्यास प्रयोग गरेको आरोप लगाइएको छ। आधिकारिक तथ्यांकअनुसार घटनामा ११ देखि २७ जनासम्मको मृत्यु भएको तथा २०० भन्दा बढी घाइते भएका छन्। तर स्थानीय पत्रकारहरूले वास्तविक मृतक र घाइतेको संख्या अझ धेरै रहेको दाबी गरेका छन्।




**सत्य दबाउने प्रयासका साथै अञ्चार अवरोध र सैन्य नियन्त्रण**

रावलाकोट घटनाबारे जानकारी अन्तर्राष्ट्रिय समुदायसम्म पुग्न नदिन प्रशासनले तुरुन्तै मोबाइल इन्टरनेट सेवा बन्द गर्नुका साथै कडा सञ्चार नियन्त्रण लागू गरेको आरोप छ। घटनाको रिपोर्टिङ गर्ने प्रयास गरेका स्थानीय पत्रकारहरू पनि निगरानी र दबाबको सामना गरिरहेका बताइन्छ। यसैबीच मुजफ्फराबाद नजिकै उडान भरेको केही समयपछि पाकिस्तान सेनाको उड्डयन शाखाको एमआई-१७ हेलिकोप्टर प्राविधिक समस्याका कारण दुर्घटनाग्रस्त भएको र त्यसमा सवार २२ सैनिकको मृत्यु भएको समाचार सार्वजनिक भएको छ। दुर्घटनाको कारण प्राविधिक त्रुटि बताइए पनि त्यसपछि सुरक्षा निकायहरूले क्षेत्रमा थप कडा सुरक्षा घेरा र सैन्य निगरानी लागू गरेको उल्लेख गरिएको छ, जसले स्थानीय जनतामा त्रासको वातावरण झनै बढाएको छ।

**संस्थागत अन्यायबीच राजनीतिक नाटक**

स्थानीय असन्तोषको जरा दशकौंदेखि जारी राजनीतिक अधिकारको अभावमा रहेको बताइन्छ। आलोचकहरूका अनुसार पाकिस्तानले कश्मीर विवादसँग सम्बन्धित संयुक्त राष्ट्रसंघीय जनमतसंग्रहको मुद्दालाई आधार बनाएर गिलगिट-बाल्टिस्तानलाई पूर्ण प्रान्तीय मान्यता दिन टार्दै आएको छ। यसका कारण त्यहाँका नागरिक राष्ट्रिय संसदमा प्रभावकारी प्रतिनिधित्वबाट वञ्चित भएका छन्।

राजनीतिक असन्तोष त्यतिबेला थप चर्कियो जब इस्लामाबादले गिलगिट-बाल्टिस्तान विधानसभा निर्वाचन अगाडि बढायो। आलोचकहरूले ती निर्वाचनलाई स्थानीय जनमतको वास्तविक अभिव्यक्ति नभई केन्द्र सरकारअनुकूल नेतृत्व स्थापित गर्ने प्रयासका रूपमा चित्रण गरेका छन्। स्थानीय बासिन्दाहरूको आरोप छ कि यस्ता राजनीतिक प्रक्रियाहरू स्रोतसाधनमाथिको नियन्त्रण कायम राख्न र स्थानीय आवाज कमजोर बनाउन प्रयोग गरिएका छन्।

यससँगै “१२ सिट विवाद” पनि लामो समयदेखि विवादको विषय बनेको छ। सन् १९४७ का शरणार्थीहरूका लागि आरक्षित भनिएका ती सिटहरू राजनीतिक सन्तुलन परिवर्तन गर्न तथा स्थानीय मताधिकारलाई कमजोर बनाउन प्रयोग गरिएको आरोप आलोचकहरूले लगाएका छन्।

**अधिकार र अस्तित्वको संघर्ष**

यस वर्ष मार्च महिनादेखि लागू भएका कर्फ्यु, सुरक्षा कारबाही तथा पछिल्ला हिंसात्मक घटनाहरूले स्थानीय जनताको आक्रोशलाई थप तीव्र बनाएको छ। आन्दोलनकारीहरूको भनाइमा उनीहरू अब आर्थिक शोषण, राजनीतिक बेवास्ता तथा अधिकारविहीन अवस्थालाई स्वीकार गर्न तयार छैनन्।

रोटी, विद्युत् र दैनिक जीवनसँग जोडिएका आधार भूत मागबाट सुरु भएको आन्दोलन अहिले अधिकार, आत्मनिर्णय, मानवअधिकार तथा अस्तित्वको संघर्षका रूपमा विकसित भएको दाबी आन्दोलनकारी पक्षले गरिरहेको छ।

# मधेश प्रदेशको आर्थिक वर्ष २०८३/८४....

चालक अनुमति पत्र, ब्लु बुक नवीकरण र सवारी साधन दर्ता प्रक्रियालाई पूर्ण रूपमा अनलाइन भुक्तानी र टोकन प्रणालीमा रूपान्तरण गरिनेछ।

७०. यातायात व्यवस्था कार्यालयका सेवाहरूलाई बिचौलियामुक्त बनाउन पूर्ण रूपमा अनलाइन प्रणालीमा रूपान्तरण गर्दै सार्वजनिक-निजी साझेदारीमा भेइकल फिटनेश टेष्टिङ्ग सेन्टर र अटोमेटेड ड्राइभिङ टेस्ट ट्र्याक (Automated Driving Test Track) सम्बन्धी व्यवस्था गरिनेछ।

७१. वातावरण प्रदूषण कम गर्न सार्वजनिक यातायातमा विद्युतीय सवारीलाई विशेष प्रोत्साहन गर्दै विद्युतीय बस सञ्चालन गर्नेलाई रुट परमिटमा छुट दिने र मुख्य राजमार्ग तथा सहरी क्षेत्रमा आधुनिक चार्जिङ स्टेसन निर्माण गरिनेछ। यातायात क्षेत्रमा विद्यमान सिन्डिकेट तोड्न, भाडदारलाई पारदर्शी बनाउन र नागरिकलाई सुरक्षित तथा सुलभ सार्वजनिक यातायात सेवाको प्रत्याभूति दिलाउन आवश्यक कानुन तर्जुमा गरिनेछ। पेट्रोलियममा आधारित सवारी साधनलाई विद्युतीय साधनमा परिवर्तन गर्न प्रोत्साहनको व्यवस्था मिलाएको छु।

७२. मधेश प्रदेशको स्थायी राजधानी जनकपुरधाममा प्रदेश सरकारको आफ्नै स्थायी प्रशासनिक संरचना निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा उच्च प्राथमिकता दिइनेछ। प्रदेश सभा भवन, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य मन्त्रालयहरू रहने गरी एकीकृत 'प्रादेशिक प्रशासनिक केन्द्र' (मधेश भवन) निर्माणको विस्तृत परियोजना प्रतिवेदन (DPR) अद्यावधिक गरी निर्माण कार्यको शीघ्र थालनी गरिनेछ। जग्गा प्राप्तिमा रहेका कानुनी तथा व्यवहारिक जटिलताहरूलाई सङ्घीय सरकार र स्थानीय तहसँगको उच्चस्तरीय समन्वयमा तत्काल समाधान गरिनेछ।

७३. बाढी, डुबान र आगलागी जस्ता विपद्का कारण क्षतिग्रस्त भएका सडक, पुल, विद्यालय तथा स्वास्थ्य चौकी लगायतका सार्वजनिक भौतिक संरचनाहरूको तत्काल मर्मत सम्भार तथा पुनर्निर्माण गर्न 'प्रादेशिक विपद् पुनर्निर्माण कोष' को स्थापना गर्न पर्याप्त बजेट विनियोजन गरेको छु।

७४. सडक सञ्जाल विस्तार, पक्की पुल निर्माण लगायत समग्र भौतिक पूर्वाधार क्षेत्रको विकासका लागि माथि उल्लिखित लगायत भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतबाट सञ्चालन हुने कार्यक्रमका लागि रु. १२ अर्ब ०१ करोड विनियोजन गरेको छु।

७५. नागरिकलाई स्वच्छ खानेपानी, कृषि योग्य भूमिमा भरपर्दो सिँचाइ सुविधा र ऊर्जाको पहुँच सुनिश्चित गर्न माथि उल्लिखित लगायत ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय अन्तर्गतबाट सञ्चालन हुने कार्यक्रमका लागि रु. ३ अर्ब ७७ करोड विनियोजन गरेको छु।

७६. प्रदेशमा श्रम क्षेत्रको व्यवस्थित विकास, सुरक्षित वैदेशिक रोजगारीको सहजीकरण र यातायात क्षेत्रको सुधार तथा सुदृढीकरणका लागि श्रम तथा यातायात मन्त्रालय अन्तर्गतबाट सञ्चालन हुने कार्यक्रमका लागि रु. ३३ करोड १० लाख विनियोजन गरेको छु।

### ज. पर्यटन, वन र वातावरण संरक्षण

७७. बाराको ऐतिहासिक सिम्रौनगढलाई खुला सङ्ग्रहालयको रूपमा विकास गर्न र चुरेको फेदीमा पर्या-पर्यटन प्रवर्द्धनका लागि 'मधेश ट्रेल' पदमार्गको पूर्वाधार निर्माण तथा ब्रान्डिङ गरिनेछ। जनकपुरधामको जानकी मन्दिर, बाराको गढीमाई, पर्साको पर्सा वन्यजन्तु आरक्षण, सप्तरीको छिन्नमस्ता, सिरहाको सलहेश फूलबारी, रौतहटको नुन थर, गोल्मेराजा बौद्ध विहार, महोत्तरीको रौजामजार र रौतहटको शिव नगर लगायतका ऐतिहासिक र धार्मिक शक्ति पीठहरूलाई जोडेर 'मधेश धार्मिक तथा सांस्कृतिक पर्यटन सर्किट' निर्माण गरिनेछ। यस सर्किटमा पर्यटकको सुविधाका लागि आरामदायी पर्यटक बस सेवा सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। साथै, लुम्बिनी, सुनसरीको राम धुनी र जनकपुरधामलाई भारतको अयोध्या र सीतामढीसँग जोड्न क्रस-बोर्डर टुरिजम प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

७८. "एक रुख विनाश, दश रुख विकास" सङ्कल्पलाई कडाइका साथ कार्यान्वयन गर्न प्रदेश सरकार मातहतका सबै पूर्वाधार आयोजनाहरूको लागत अनुमानमै काटिने रुखको दश वृक्षारोपण र ५ वर्षसम्मको संरक्षण खर्च अनिवार्य रूपमा समावेश गरिनेछ। चुरे क्षेत्रको जथाभाबी दोहन रोक्न र मधेशको निरन्तर घट्दो भूमिगत जल स्तरलाई सन्तुलनमा राख्न सङ्घ र स्थानीय तहको लागत साझेदारीमा 'चुरे संरक्षण तथा जल पुनर्भरण ड्याम निर्माण' कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ।

७९. वन क्षेत्रको अतिक्रमण रोक्न र सीमान्तकृत तथा वन पैदावारमा आश्रित समुदायको आयआर्जन बढाउन खाली वन क्षेत्र र नदी उकास जग्गामा 'कबुलियती वन र कृषि वन' कार्यक्रम सञ्चालन गरी जडीबुटी र फलफूल खेतीलाई प्रोत्साहन गरिनेछ।

८०. वातावरणीय सन्तुलन र स्थानीय आयआर्जन अभिवृद्धिका लागि सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता विकास तथा सशक्तीकरण गर्दै, सामुदायिक वनमा आधारित साना तथा घरेलु उद्यम सञ्चालन मार्फत 'हरित रोजगारी' सिर्जना गर्न प्रोत्साहन गरिनेछ।

८१. बढ्दो वातावरणीय प्रदूषण नियन्त्रण गर्न स्थानीय तहसँगको सहकार्यमा 'प्लास्टिक मुक्त मधेश' अभियान सञ्चालन गर्दै प्लास्टिकको विकल्पको रूपमा अल्लो, जुट, सुर्तीको डाँठ वा कागजका झोला उत्पादन गर्ने स्थानीय उद्योगहरूलाई मेसिनरी खरिदमा विशेष पुँजीगत अनुदान दिइनेछ।

८२. बढ्दो सहरीकरण, औद्योगिक प्रदूषण र तापक्रम वृद्धिलाई न्यूनीकरण गर्न हरेक नगरपालिकामा कम्तीमा एउटा 'स्मार्ट इको-पार्क' निर्माण गर्नुका साथै मुख्य राजमार्ग र सहरी सडक किनारमा छहारी दिने बिरुवा रोप्ने अभियान सञ्चालन गरिनेछ। सहरी क्षेत्रको फोहोर मैला व्यवस्थापनलाई दीर्घकालीन समाधान गर्दै आम्दानीसँग जोड्न जैविक फोहोरबाट कम्पोस्ट मल तथा बायो ग्यास उत्पादन गर्ने 'फोहोरबाट मोहोर' कार्यक्रम सञ्चालन गरिनेछ र विद्युतीय फोहोरको सुरक्षित व्यवस्थापन गरिनेछ।

८३. मधेश प्रदेशमा पानीको विकराल समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न 'मधेशको आधार पानी' भन्ने नाराका साथ चुरेमुनिको भूगोलमा बागमतीदेखि कोसीसम्मका नदीहरू जोड्ने 'आन्तरिक नहर (Inter–Basin River Canal) परियोजना' को सम्भाव्यता अध्ययन सुरु गरिनेछ। प्रदेशको 'जीवन रेखा' हुने यस आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाउन सङ्घीय सरकारसँग समन्वय गरिनेछ। भूमिगत पानी भण्डारणको दिगोपनका लागि ठुला क्षमताका व्यावसायिक बोरिङहरूमा 'पानी पुनर्भरण कर' लगाउने विषयमा कानुन निर्माण गरिनेछ र यसरी प्राप्त हुने रकम पानी संरक्षण परियोजनाहरूमा मात्र खर्च गरिनेछ।

८४. जलवायु परिवर्तनका विश्वव्यापी असरहरूबाट तराई-मधेशमा बढ्दै गएको बाढी, डुबान, खडेरी, आगलागी, शीत लहर र गर्मीयाममा चल्ने 'लू' जस्ता प्राकृतिक प्रकोपहरूको जोखिम न्यूनीकरण तथा पूर्वतयारीलाई उच्च प्राथमिकता दिइनेछ। विपद्को समयमा तत्काल उद्धार, राहत र प्रभावित नागरिकको पुनर्स्थापना कार्यलाई प्रभावकारी एवं शीघ्र बनाउन 'प्रादेशिक विपद् व्यवस्थापन कोष' स्थापना गरिनेछ। विपद् पूर्वतयारीका लागि स्थानीय तहसँगको सहकार्यमा पूर्व सूचना प्रणाली (Early Warning System) जडान र प्रतिकार्य योजना (Response Plan) कडाइका साथ लागू गरिनेछ।

८५. प्रदेशको मौलिक संस्कृति र परिकारलाई पर्यटनसँग जोड्न सम्भाव्य पर्यटकीय गन्तव्यहरूमा 'सामुदायिक होमस्टे' सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। स्थानीय मौलिक परिकारहरूको व्यवसायीकरण र ब्रान्डिङ गर्ने स्थानीय उद्यमीहरूलाई विशेष पुँजीगत अनुदानको व्यवस्था मिलाएको छु।

८६. स्वदेशी तथा प्रादेशिक उत्पादनलाई बजार सुनिश्चित गर्न, प्रदेश सरकार र अन्तर्गतका निकायहरूले सार्वजनिक खरिद गर्दा मधेश प्रदेशभित्रका साना तथा मझौला उद्योग (SMEs) का उत्पादनहरूलाई प्रचलित बजार मूल्यभन्दा निश्चित प्रतिशत महँगो भए पनि खरिद गर्नुपर्ने 'मूल्य प्राथमिकता' सम्बन्धी कानुनी व्यवस्था गरिनेछ।

८७. पर्यटन आगमन बढाउन आन्तरिक पर्यटन प्रवर्द्धनका साथै पि.पि.पि. (PPP) मोडलमा वेडिङ पार्क (वेडिङ डेस्टिनेसन प्रवर्द्धन), थिम पार्क, वाटर पार्क, होटेल र धर्मशाला निर्माण गर्न लगानीकर्तालाई आमन्त्रण गरी जग्गा लिजमा उपलब्ध गराउन समन्वय गरिनेछ। साथै, स्थानीय कला र संस्कृति झल्कने उत्पादनहरू जस्तैः स्वीट्स र प्याकेटमा मिथिला कला, धूपको काठको कलात्मक धनु, मिथिला माटोको राम-जानकी र हनुमानका मूर्तिहरू उत्पादन गर्न सामूहिक मोडल अपनाई प्रदेश सरकारबाट 'सर्टिफाइड सोभिनियर' का रूपमा ब्रान्डिङ गरिनेछ।

८८. वन, जैविक विविधता र वातावरण संरक्षणका लागि माथि उल्लिखित लगायत वन तथा वातावरण मन्त्रालय अन्तर्गतबाट सञ्चालन हुने कार्यक्रमका लागि रु. १ अर्ब ३३ करोड विनियोजन गरेको छु।

### झ. गृह, सञ्चार, कानुन तथा प्रदेश प्रशासन

८९. मधेश प्रदेशका मुख्य सहर, राजमार्ग र सीमा नाकाहरूमा हुने आपराधिक गतिविधि नियन्त्रण गर्न र नागरिक सुरक्षाको प्रत्याभूति दिलाउन 'एकीकृत स्मार्ट सिसिटिभी निगरानी प्रणाली' जडान गरिनेछ। यस प्रणालीलाई प्रदेश प्रहरीको केन्द्रीय कन्ट्रोल रुमसँग प्रत्यक्ष रूपमा जोडी समग्र सुरक्षा व्यवस्थालाई थप प्रविधिमैत्री, भरपर्दो र चुस्त बनाइनेछ।

९०. शान्ति सुरक्षालाई सुदृढ बनाउन मधेश प्रदेश प्रहरी ऐन कार्यान्वयनमा ल्याइनेछ। यसै आर्थिक वर्षदेखि नयाँ प्रदेश प्रहरीको भर्ना प्रक्रिया सुरु गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

९१. बाढी, आगलागी, सडक दुर्घटना लगायतका विपद्को समयमा तत्काल उद्धार तथा राहत कार्य सञ्चालन गर्न प्रदेशका ८ वटै जिल्लामा आधुनिक उद्धार उपकरण र तालिमप्राप्त जनशक्तिसहितको 'प्रादेशिक द्रुत उद्धार कार्यदल' (Rapid Response Team) गठन गरी जुनसुकै बेला तयारी अवस्थामा राखिनेछ।

९२. सूचना प्रविधिको बढ्दो प्रयोगसँगै यसको दुरुपयोगबाट हुने साइबर अपराध न्यूनीकरण गर्न प्रदेशभरि 'डिजिटल साक्षरता र साइबर सुरक्षा सचेतना अभियान' सञ्चालन गरिनेछ। प्रादेशिक आमसञ्चार प्रतिष्ठानमार्फत प्रदेशमा कार्यरत श्रमजीवी पत्रकारहरूको व्यावसायिक क्षमता अभिवृद्धि, स्वास्थ्य बीमा र फेलोसिपका कार्यक्रमहरू लागू गरिनेछ।

९३. प्रदेश सरकारको अधिकार सूचीभित्र पर्ने अत्यावश्यक कानुनहरू तर्जुमा गर्न र पुराना कानुनहरूको समयानुकूल परिमार्जन गर्न विज्ञ कार्यदल गठन गरिनेछ। प्रदेशका कानुनहरूलाई जनमुखी बनाउन कानुन तर्जुमा गर्दा 'ई-पोर्टल' मार्फत आम नागरिकको सुझाव र पृष्ठपोषण लिने प्रणालीलाई अनिवार्य गरिनेछ।

९४. प्रदेशको शान्ति सुरक्षा, सुशासन, सञ्चार प्रविधिको विकास र प्रभावकारी कानुन तर्जुमा तथा कार्यान्वयनका लागि माथि उल्लिखित लगायत गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गतबाट सञ्चालन हुने कार्यक्रमका लागि रु. ६८ करोड ३४ लाख विनियोजन गरेको छु।

### ञ. युवा तथा खेलकुद

९५. युवाहरूलाई खेलकुदप्रति आकर्षित गर्न र स्थानीय स्तरबाटै प्रतिभा पहिचान गर्न प्रत्येक स्थानीय तहमा 'एक पालिका, एक सुविधा सम्पन्न खेल मैदान' निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

९६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा पदक हासिल गर्ने प्रदेशका खेलाडीहरूको मनोबल उच्च राख्न 'प्रादेशिक खेलाडी प्रोत्साहन तथा जीवन निर्वाह भत्ता' उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

९७. प्रदेशको समग्र विकास र सामाजिक रूपान्तरणमा युवाहरूको ऊर्जालाई उपयोग गर्न 'मधेश युवा स्वयंसेवक तथा नेतृत्व विकास कार्यक्रम' सञ्चालन गरिनेछ। यस अन्तर्गत युवाहरूलाई विपद् व्यवस्थापन, वातावरण संरक्षण र सामाजिक चेतना अभियानमा परिचालन गरिनेछ। युवाहरूमा रहेको नवीन सोचलाई समेट्दै उत्कृष्ट व्यावसायिक योजना भएका नवउद्यमीहरूलाई प्रवर्द्धन गर्न 'मधेश स्टार्ट-अप फण्ड' तथा 'नवप्रवर्तन मधेश फन्ड' स्थापना गरिनेछ।यस फन्डमार्फत युवाहरूलाई व्यवसाय सञ्चालनका लागि बीउ पुँजी (Seed Capital), मेन्टरसिप र बिना धितो सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ।

९८. १८ देखि ३५ वर्षका बेरोजगार युवाहरूलाई लक्षित गरी पूर्वाधार निर्माण र विकास कार्यमा आबद्ध गर्ने गरी '१०० दिने युवा रोजगार ग्यारेन्टी' कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ। युवाहरूको प्राविधिक सीपलाई प्रत्यक्ष रोजगारसँग जोड्न व्यावसायिक प्रतिष्ठानहरूसँगको सहकार्यमा ६ महिने 'सशुल्क प्रशिक्षार्थी' कार्यक्रम सञ्चालन गरिनेछ।

९९. मधेश प्रदेशमा प्रस्तावित एघारौं राष्ट्रिय खेलकुदलाई सफलतापूर्वक सम्पन्न गर्न आवश्यक पर्ने खेल पूर्वाधार निर्माणका लागि सङ्घीय सरकारसँग स्रोत सुनिश्चितता गर्दै प्रभावकारी व्यवस्थापन गरिनेछ। रामजानकी बहुउद्देशीय अन्तर्राष्ट्रिय रंगशाला, नारायणी रंगशाला लगायतका रंगशाला निर्माण तथा स्तरोन्नतिका लागि यथोचित बजेट विनियोजन गरेको छु।

१००. प्रदेशमा खेलकुदको विकास, खेल पूर्वाधार निर्माण तथा समाजकल्याणका क्षेत्रमा माथि उल्लिखित लगायत खेलकुद तथा समाजकल्याण मन्त्रालय अन्तर्गतबाट सञ्चालन हुने कार्यक्रमका लागि रु. १ अर्ब ४० करोड विनियोजन गरेको छु।

### ट. सहकारी नियमन र वित्तीय सुशासन

१०१. सहकारी क्षेत्रमा देखिएको वित्तीय विचलन र बचतकर्ताको रकम हिनामिना गर्ने प्रवृत्तिलाई पूर्ण रूपमा नियन्त्रण गर्न शून्य सहनशीलता (Zero Tolerance) को नीति अख्तियार गरिनेछ। नागरिकको पसिनाको कमाइ अपचलन गर्ने सहकारीका सञ्चालक तथा पदाधिकारीहरूको सम्पत्ति तत्काल रोक्का तथा जफत गरी बचतकर्ताको रकम फिर्ता गराउन कानुनी र संरचनात्मक व्यवस्थालाई निर्मम रूपमा कार्यान्वयन गरिनेछ।

१०२. सहकारी संस्थाहरूको वित्तीय सुशासन, जबाफदेहिता र पारदर्शिता सुनिश्चित गर्न प्रदेशभित्रका सबै सहकारीलाई अनिवार्य रूपमा 'एकीकृत प्रादेशिक डिजिटल नियमन तथा अनुगमन प्रणाली' मा आबद्ध गरिनेछ। यस प्रणालीमार्फत सहकारीको कर्जा प्रवाह, तरलता अवस्था र वित्तीय जोखिमको रियल-टाइम (Real–Time) अनुगमन गरी सम्भावित सङ्कट आउनु पूर्व नै नियन्त्रण गर्ने संयन्त्र विकास गरिनेछ।

१०३. सहकारी संस्थाहरूलाई अनुत्पादक क्षेत्र, सेयर र घरजग्गा कारोबारमा लगानी गर्न पूर्णतः निरुत्साहित गर्दै कृषि, उद्यमशीलता र उत्पादनमूलक क्षेत्रमा मात्र पुँजी परिचालन गर्न अनिवार्य गरिनेछ।समस्याग्रस्त सहकारीहरूको व्यवस्थापन र समग्र सहकारी क्षेत्रको नियमनलाई प्रभावकारी बनाउन सङ्घ सरकारको सहकारी नियमन प्राधिकरण' सँग समन्वय र सहकार्य गरिनेछ।

### ठ. सुशासन, प्रदेश प्रशासन, सार्वजनिक खर्च व्यवस्थापन र बजेट कार्यान्वयन

१०४. प्रदेश सरकारको सेवा प्रवाहलाई चुस्त, पारदर्शी र गुनासोरहित बनाउन सबै मन्त्रालय र निकायहरूमा विद्युतीय सुशासन (E–office) प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ। सरकारी कामकाजमा हुने ढिलासुस्ती अन्त्य गर्न 'शून्य फाइल पेन्डिङ' नीति कडाइका साथ लागू गरिनेछ। कुनै कारणवश तोकिएको काम सम्पन्न हुन नसक्ने अवस्था आएमा सम्बन्धित कर्मचारीले सोको स्पष्ट कारण खुलाई अनिवार्य रूपमा लिखित जानकारी गराउनुपर्ने व्यवस्था मिलाइनेछ।

१०५. प्रदेशको समग्र सेवा प्रवाह, सुशासन र अर्थतन्त्रलाई प्रविधिमैत्री बनाउन 'डिजिटल मधेश अभियान' लागू गर्दै आगामी दशक (सन् २०२६-२०३६) लाई 'डिजिटल मधेश दशक' घोषणा गरिनेछ।

१०६. सार्वजनिक सेवा प्रवाहमा ढिलासुस्ती अन्त्य गर्न क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागू गर्दै सेवाग्राहीका गुनासो तत्काल सुन्न 'नमस्ते मधेश एप' र "Hello CM" पोर्टलको प्राविधिक स्तरोन्नति गरिनेछ। नागरिकका गुनासा २४ घण्टाभित्र सुन्न र सम्बोधन गर्न आर्टिफिसियल इन्टेलिजेन्स च्याट बोटसहितको परिमार्जित 'हेलो मुख्यमन्त्री टोल-फ्री कल सेन्टर' सञ्चालनमा ल्याइनेछ।

१०७. प्रदेश सरकारको प्रशासनिक तथा चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्न आगामी आर्थिक वर्षमा नयाँ सवारी साधन खरिदमा रोक लगाइएको छ। सवारी साधन अत्यावश्यक भएका निकायहरूमा बढी सवारी साधन उपलब्ध भएका निकायहरूबाट हस्तान्तरण गरी उपयोग गर्ने व्यवस्था मिलाइनेछ। अत्यावश्यक बाहेकका भ्रमण, गोष्ठी, सेमिनार,कार्यक्रम खर्च, इन्धन, सञ्चार र मसलन्द खर्चमा उल्लेख्य कटौती गरी सो रकम पुँजीगत निर्माणमा लगाइनेछ।

१०८. सार्वजनिक खर्चलाई थप मितव्ययी बनाउन प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरू लगायत सम्पूर्ण उच्च पदाधिकारीहरूले प्राप्त गर्दै आएको पारिश्रमिक, इन्धन, सवारी साधन र अन्य सेवा सुविधाहरूको वस्तुनिष्ठ पुनरावलोकन गरिनेछ। कानुनतः अयोग्य पदाधिकारी वा कर्मचारीले अतिरिक्त सुविधा उपभोग गरिरहेको पाइएमा तत्काल रोक्का गरिनेछ। प्रशासनिक खर्च न्यूनीकरण गर्न आगामी आर्थिक वर्षको साउनबाट कायम हुने गरी प्रदेश मन्त्रिपरिषद्को सङ्ख्या घटाई मुख्यमन्त्रीसहित नौ सदस्यीय मात्र कायम गरिनेछ।

१०९. प्रदेश प्रशासनलाई मितव्ययी र नतिजामुखी बनाउन सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी अनावश्यक र दोहोरोपना भएका संरचनाहरू खारेज गर्ने (Rightsizing) कार्य दुई महिना भित्र सम्पन्न गरिनेछ। सङ्घीय सरकारको असल अभ्यासलाई अनुसरण गर्दै दोहोरो कार्यक्षेत्र भएका, औचित्य समाप्त भएका विभिन्न समिति, बोर्ड, प्रतिष्ठान, निर्देशनालय, कार्यालय र आयोगहरूलाई भाद्र महिनाभित्र खारेज गर्ने वा गाभ्ने व्यवस्था मिलाइएको छ। मन्त्रालय र अन्तर्गतका निकायहरूको विद्यमान दरबन्दीको पुनरावलोकन गरी कम्तीमा १५ प्रतिशत दरबन्दी खारेज गरिनेछ। स्वास्थ्य विशेषज्ञ बाहेक (थप नगरी नहुने विशेष अवस्थामा मात्र) कुनै पनि पदको थप दरबन्दी चालु आर्थिक वर्षमा सिर्जना गरिने छैन।कर्मचारीको दरबन्दी पुनरावलोकन नहुन्जेलसम्म नयाँ पदपूर्ति र बढुवा पूर्ण रूपमा रोक्का गरिएको छ।

११०. खारेज वा मर्ज हुने मन्त्रालय तथा निकायका पुँजीगत कार्यक्रमहरू जिम्मेवारी प्राप्त गर्ने मन्त्रालयबाट कार्यान्वयन हुने, चालुतर्फ विनियोजित बजेट अर्थ मन्त्रालयको 'अर्थ विविध' शीर्षकमा स्वतः जम्मा हुने र त्यस्ता निकायमा कार्यरत करारका कर्मचारीहरू खारेजीकै दिनदेखि स्वतःअवकाश हुने व्यवस्था मिलाएको छु।

१११. प्रदेशमा कार्यरत कर्मचारीले हाल प्राप्त गरिरहेको महँगी भत्तालाई निरन्तरता दिँदै सुरु स्केलको आधार भूत तलबमा १० प्रतिशतले वृद्धि गरेको छु। सार्वजनिक सेवालाई नतिजामुखी बनाउन र कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणालीको सुरुवात गर्न, नयाँ तलबमानको अधिकतम १० प्रतिशतसम्म मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु। कर्मचारीले प्राप्त गर्ने उक्त प्रोत्साहन भत्तालाई निजको मासिक कार्यसम्पादनसँग प्रत्यक्ष रूपमा आबद्ध गरिनेछ। तोकिएको लक्ष्यको ७५ प्रतिशतभन्दा कम प्रगति हासिल गर्ने कर्मचारीलाई कुनै पनि प्रकारको प्रोत्साहन भत्ता उपलब्ध गराइने छैन। यसका अतिरिक्त, कर्मचारीहरूको लागि विगत वर्षहरूदेखि नै निरन्तर रूपमा प्रदान गरिँदै आएको आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु।

११२. सार्वजनिक प्रशासनलाई स्थिर बनाउन दुई वर्ष अवधि पूरा नभई कुनै पनि कर्मचारीको सरुवा गरिने छैन। नियमित सरुवा वर्षको एक पटक प्रदेश निजामति कानुन बमोजिम मात्र गरिनेछ भने विकास निर्माण प्रभावित नहोस् भन्नका लागि आयोजना प्रमुखको सरुवालाई पूर्ण रूपमा रोक लगाइएको छ। सार्वजनिक प्रशासनलाई स्थिर, अनुमानयोग्य र नतिजामुखी बनाउन कर्मचारी सरुवा प्रणालीलाई व्यवस्थित गर्न आवश्यक मापदण्ड बनाई २ महिना भित्रमा कार्यान्वयनमा ल्याइनेछ।

११३. परम्परागत बजेट विनियोजन प्रणालीलाई विस्थापित गर्दै हरेक मन्त्रालयको बजेटलाई सोझै उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणको लक्ष्यसँग आबद्ध गरिनेछ।

११४. विकास निर्माणका कार्यमा पारदर्शिता र स्वच्छता कायम गर्न आगामी आर्थिक वर्षका सम्पूर्ण विकास योजनाहरू अनिवार्य रूपमा खुला एवं प्रतिस्पर्धात्मक विधिबाट मात्र सञ्चालन गरिनेछ।

११५. विकास आयोजनाहरूको भौतिक तथा वित्तीय प्रगति प्रत्यक्ष रूपमा अनुगमन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अत्याधुनिक प्रविधियुक्त "मुख्यमन्त्री ड्यासबोर्ड" सञ्चालनमा ल्याइनेछ। मन्त्रालयका सचिव र आयोजना प्रमुखहरूसँग अनिवार्य रूपमा समयबद्ध लक्ष्यसहितको कार्यसम्पादन सम्झौता गरिनेछ। सम्झौता बमोजिम ९० प्रतिशतभन्दा कम प्रगति हासिल गर्ने पदाधिकारीलाई तत्काल जिम्मेवारीबाट हटाउने र उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गर्ने दण्ड र पुरस्कार प्रणाली लागू गरिनेछ।

११६. प्रदेश नीति तथा योजना आयोगलाई विषय विज्ञहरू सम्मिलित प्रादेशिक 'थिङ्क ट्याङ्क' को रूपमा पुनर्संरचना गर्दै आयोगको सिफारिस बिनाका कुनै पनि रणनीतिक आयोजनालाई बजेटमा समावेश नगर्ने व्यवस्था मिलाइने छ।बजेट अनुशासन कायम गर्न प्रादेशिक आयोजना बैङ्कमा प्रविष्ट नभएका, पूर्व तयारी नसकिएका र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार नभएका कुनै पनि नयाँ योजनामा बजेट विनियोजन गर्ने परिपाटीलाई आगामी आर्थिक वर्ष देखि पूर्णतः निषेध गर्ने व्यवस्था मिलाइने छ।

११७. मधेश प्रदेशको सीमित स्रोतसाधनको उच्चतम प्रतिफल प्राप्त हुने गरी विनियोजन गर्न तथा समग्र वित्तीय प्रणालीमा पारदर्शिता, जबाफदेहिता र सुशासन प्रवर्द्धन गर्न सार्वजनिक वित्तीय व्यवस्थापन (PFM) प्रणालीको सुदृढीकरणलाई मैले उच्च प्राथमिकतामा राखेको छु। प्रदेशको वित्तीय व्यवस्थापनको विद्यमान अवस्था, चुनौती र भावी सुधारका मार्गचित्र तय गर्न यसको विस्तृत अध्ययन कार्य सम्पन्न भइसकेको सन्दर्भमा, आगामी आर्थिक वर्षदेखि उक्त प्रतिवेदनका सिफारिसहरूलाई रणनीतिक कार्य योजनासहित कार्यान्वयनमा ल्याइनेछ। यसबाट बजेट तर्जुमादेखि स्रोतको परिचालन, खर्चको कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदन प्रणालीसम्मको सम्पूर्ण वित्तीय चक्र थप यथार्थपरक, नतिजामुखी र प्रविधिमैत्री बन्नुका साथै प्रदेशको समग्र वित्तीय जोखिम न्यूनीकरण हुने विश्वास लिएको छु।

११८. आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्वलाई प्रदेश सुशासनको मूल आधार मान्दै, विगतका वर्षहरूदेखि थुप्रिँदै गएको बेरुजु न्यूनीकरण र फछ्र्योट कार्यलाई आगामी आर्थिक वर्षमा विशेष अभियानकै रूपमा सञ्चालन गरिनेछ। प्रचलित आर्थिक तथा खरिद कानुनको पूर्ण परिपालना र आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउँदै आगामी दिनमा नवीन बेरुजु उत्पन्न हुन नदिने 'शून्य बेरुजु' को नीतिलाई कडाइका साथ लागू गरिनेछ। बेरुजु फछ्र्योट र सम्परीक्षणको प्रगतिलाई सम्बन्धित कार्यालय प्रमुख तथा लेखा उत्तरदायी अधिकृतको कार्यसम्पादन मूल्याङ्कनसँग प्रत्यक्ष रूपमा आबद्ध गर्दै, आर्थिक अनियमितता र जबाफदेहिताको अभावलाई कुनै पनि बहानामा छुट नदिने संस्थागत व्यवस्था मिलाएको छु।

११९. बजेट अनुशासन कायम गर्न प्रदेश सरकारलाई दीर्घकालीन दायित्व पर्ने खर्च सिर्जना गर्दा अर्थ मन्त्रालयको अनिवार्य सहमति लिनु पर्ने व्यवस्था कडाइका साथ अवलम्बन गरिनेछ।सार्वजनिक खरिद, विकास आयोजनाहरूको भौतिक प्रगति र भुक्तानी प्रक्रियालाई पारदर्शी बनाई नागरिकको प्रत्यक्ष निगरानीमा राख्न 'मधेश पारदर्शी बजेट ड्यासबोर्ड' सञ्चालनमा ल्याइनेछ।

१२०. पुँजीगत बजेट खर्चको न्यून दरलाई सम्बोधन गर्न र विकास आयोजनाहरूलाई गति दिन अर्थमन्त्रीको प्रत्यक्ष अध्यक्षतामा त्रैमासिक रूपमा बजेट खर्चको समीक्षा र अनुगमन गर्ने गरी 'बजेट कार्यान्वयन War Room' को स्थापना गरिनेछ।

१२१. प्रदेश सरकारको पुँजीगत खर्च गर्ने क्षमता बढाउन र आयोजनाहरूको द्रुत कार्यान्वयन सुनिश्चित गर्न विज्ञहरू सम्मिलित नयाँ 'डेलिभरी युनिट' स्थापना गरिनेछ। विकास निर्माण र सेवा प्रवाहलाई तथ्यपरक बनाउन सङ्घ र स्थानीय तहसँगको समन्वयमा शिक्षा, स्वास्थ्य र रोजगारीको अवस्था झल्कने गरी प्रदेशका हरेक नागरिकको विस्तृत तथ्याङ्क रहेको 'एकीकृत डाटाबेस' तयार गरी सञ्चालनमा ल्याइनेछ।

### ड. 'तीन तहबिचको समन्वय र सहकार्य'

१२२. सङ्घीय शासन प्रणालीको मर्मअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहबिचको अर्थपूर्ण समन्वय र सहकार्यबाट मात्र समग्र विकासको लक्ष्य हासिल गर्न सकिन्छ। सङ्घीयताको मर्मअनुरूप प्रदेश सरकारले सङ्घीय र स्थानीय सरकारसँगको आपसी समन्वय, सहकार्य र सहअस्तित्वको भावनालाई आत्मसात् गर्दै विकास निर्माण र नागरिक सेवाका कार्यहरू सञ्चालन गर्नेछ।

१२३. आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले तय गरेका राष्ट्रिय प्राथमिकतालाई प्रदेशको वस्तुस्थिति र आवश्यकतासँग तालमेल गर्दै मधेश प्रदेश सरकारले आफ्ना नीति तथा कार्यक्रमहरूलाई अघि बढाउनेछ।

१२४. सङ्घ, प्रदेश र स्थानीय तहबिचको बजेट तथा कार्यक्रममा हुने दोहोरोपन पूर्ण रूपमा अन्त्य गर्न प्रादेशिक समन्वय परिषद्लाई थप सक्रिय बनाउँदै स्थानीय तहसँगको समन्वयमा एकीकृत बजेट म्यापिङ प्रणाली लागू गरिनेछ। प्रतिफल बढी प्राप्त हुने जनचासोका कार्यक्रमहरू प्रदेश सरकारले सम्बन्धित स्थानीय तहमा नै सशर्त अनुदानको रूपमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको छ।

१२५. सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण, समपूरक, विशेष र सशर्त अनुदानका साथै राजस्व बाँडफाँटबाट प्राप्त हुने स्रोतलाई प्रदेशको सर्वाङ्गीण विकासमा अधिकतम उपयोग गर्दै वित्तीय अनुशासन कायम गर्न प्रदेश सरकार कटिबद्ध छ। स्थानीय तहले राजस्व बाँडफाँड बापत प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गर्नु पर्ने रकम जम्मा नगरेमा प्रदेशबाट प्रदान हुने अनुदान रकम रोक्का तथा कट्टा हुने व्यवस्था गरेको छु।

१२६. कृषि र उद्योगलाई अर्थतन्त्रको मूल आधार बनाउन सङ्घीय सरकारको सुनकोसी-मरिन डाइभर्सन आयोजनाबाट सिञ्चित हुने करिब १ लाख २२ हजार हेक्टर कमान्ड क्षेत्रलाई हामी अधिकतम सदुपयोग गर्नेछौं। हुलाकी र पूर्व-पश्चिम राजमार्ग विस्तारसँगै यस क्षेत्रलाई 'मध्य-मधेश चतुर्भुज' का रूपमा विकास गर्न प्रदेश सरकारले सङ्घ र स्थानीय तहसँगको सहकार्यलाई घनीभूत बनाउनेछ। यसका साथै, सतह सिँचाइको पहुँच नपुगेका तराई-मधेशका थप करिब ३ हजार ९ सय ८० हेक्टर खेतीयोग्य जमिनमा भूमिगत, मझौला, साना र सतही सिँचाइ सुविधा विस्तार गरिनेछ।

१२७. चुरे तथा तराई-मधेश क्षेत्रको जल चक्रलाई दिगो बनाउन पानीका स्रोत संरक्षण, पोखरी निर्माण र तटबन्ध निर्माण जस्ता कार्यक्रमहरू सङ्घ र स्थानीय तहसँगको समन्वयमा सञ्चालन गरिनेछ। प्रदेशभित्र सुख्खा याममा देखिने खानेपानीको चरम अभावलाई दिगो रूपमा समाधान गर्न तीनै तहको सहकार्य आवश्यक छ। यसका लागि समुदाय स्तरमा डिप बोरिङसहितको खानेपानी प्रणाली विकास गर्दै 'आर्सेनिकमुक्त तराई अभियान' सञ्चालन गर्न र अधुरा रहेका २८० वटा खानेपानी आयोजना सम्पन्न गर्न सङ्घीय सरकारसँग लागत साझेदारी गरिनेछ।

१२८. मधेश प्रदेशको आर्थिक रूपान्तरण, दिगो पूर्वाधार विकास र समग्र समृद्धिका संवाहकका रूपमा रहेका तर हाल सङ्घीय सरकारको कार्यक्षेत्रभित्र परी लामो समयदेखि अधुरो तथा सुस्त अवस्थामा रहेका रणनीतिक महत्त्वका राष्ट्रिय गौरवका आयोजनाहरू– कमला पुल, बर्दिबास मेडिकल कलेज, हुलाकी राजमार्ग र सुनकोसी मरिन सिँचाइ आयोजना लगायतका बृहत् पूर्वाधारहरूको कार्यान्वयनमा देखिएका अड्चनहरू फुकाउँदै निर्माण कार्यलाई द्रुत गतिमा अगाडि बढाई शीघ्र सम्पन्न गराउन सङ्घीय सरकारसँग उच्च स्तरीय राजनीतिक तथा प्रशासनिक तवरबाट घनिभूत समन्वय, सहजीकरण र परिणाममुखी पहल गरिनेछ।

१२९. पर्यावरणीय सन्तुलनमा हाम्रो साझा प्रयास रहनेछ। सङ्घीय सरकार र स्थानीय तहसँगको सहकार्यमा वित्तीय प्रोत्साहनसहित जनघनत्व बढी भएका शहरहरूमा खुला क्षेत्रको संरक्षण र विस्तार गरिनेछ। सुशासन, राजस्व परिचालन र वित्तीय सङ्घीयताको सुदृढीकरणका लागि प्रदेश सरकारले स्पष्ट नीति अख्तियार गर्नेछ। प्रदेश र स्थानीय तहका कर भुक्तानी गर्दा स्थायी लेखा नम्बर खुलाउनुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्ने र तीन तहबिच विद्यमान दोहोरो करको विवाद कानुनी सुधारमार्फत समाधान गर्न सङ्घीय सरकारसँग सहकार्य गरिनेछ।

१३०. स्थानीय तहहरूको सबलीकरण र वित्तीय सङ्घीयताको व्यावहारिक कार्यान्वयनलाई थप सुदृढ बनाउन प्रदेशभित्रका स्थानीय तहहरूलाई वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान हस्तान्तरणतर्फ कुल रु. २ अर्ब १० करोड ४ लाख विनियोजन गरेको छु। विगतका वर्षहरूमा अनुदान अन्तर्गतका विकास आयोजना तथा कार्यक्रमहरूको छनोट र कार्यान्वयनमा देखिने गरेका नीतिगत एवं प्रक्रियागत जटिलता र ढिलासुस्तीलाई अन्त्य गर्न, चालु आर्थिक वर्षदेखि नै स्थानीय तहलाई दिइने सशर्त, विशेष र समपूरक अनुदानबाट सञ्चालन हुने कार्यक्रम र योजनाहरू विनियोजन विधेयकसँगै पेश हुने व्यवस्था मिलाएको छु। यस प्रबन्धले आगामी आर्थिक वर्षको सुरुआतबाटै द्रुत गतिमा कार्यान्वयन प्रक्रिया अगाडि बढाउन मद्दत पुग्नेछ भने आवश्यक अख्तियारी हस्तान्तरण, कार्यविधि परिमार्जन र वित्तीय फुकुवाको प्रक्रियालाई सुरुदेखि नै चुस्त दुरुस्त बनाउने व्यवस्था समेत मिलाएको छु।

### ढ. राजस्व नीति र करका प्रस्तावहरू

१३१. प्रदेशको आन्तरिक राजस्व वृद्धि गर्न करको दर बढाउनुको सट्टा दायरा विस्तार गरिनेछ। कर सङ्कलनलाई पारदर्शी बनाउन डिजिटल कर भुक्तानी प्रणालीलाई अनिवार्य गर्दै तोकिएको समयमै अनलाइनबाट कर तिर्नेलाई विशेष करदाता सम्मान योजना ल्याइनेछ।

१३२. प्रदेशको आन्तरिक राजस्व वृद्धि गर्न सवारीसाधन कर, मनोरञ्जन कर र घरजग्गा रजिस्ट्रेसन शुल्कको दरलाई समयानुकूल परिमार्जन गरिएको छ।

१३३. करको दायरा विस्तार गर्न र कर सङ्कलन प्रणालीलाई प्रविधिमैत्री बनाउन सबै कर सङ्कलन केन्द्रहरूमा अनलाइन भुक्तानी प्रणाली अनिवार्य गरिनेछ।

१३४. २०८२ भाद्रको जे.एन.जि. आन्दोलनमा क्षति भई सञ्चालन अयोग्य भएका सवारी साधनको दर्ता खारेज (Scrap) गर्न २०८३ असोज मसान्तभित्र आधिकारिक प्रमाणसहित निवेदन दिएमा आ.व. २०८२/०८३ को सवारी साधन कर पूर्ण रूपमा मिनाहा गर्ने व्यवस्था मिलाएको छु।

१३५. वन पैदावारको व्यावसायिक उपयोगलाई व्यवस्थित गर्दै प्रदेशको राजस्व वृद्धि गर्न सामुदायिक वनबाट उपभोक्ताभन्दा बाहिर व्यावसायिक रूपमा बिक्री गरिने काठ र दाउराको कुल रकमको १५ प्रतिशत सेवा शुल्क प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था मिलाएको छु; साथै, निजी आबादीको रुख कटान गरी व्यावसायिक प्रयोजनका लागि बिक्री वितरण गर्दा लाग्ने सेवा शुल्कबापत काठ प्रति क्युबिक फिट रु. ५ र दाउरा प्रति चट्टा रु. १०० का दरले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था प्रस्ताव गरेको छु।

१३६. वातावरण संरक्षण र औद्योगिक प्रदूषण नियन्त्रणलाई थप व्यवस्थित बनाउन विगतको इट्टा उद्योगको शुल्क प्रणालीमा परिमार्जन गरेको छु। अब उप्रान्त प्रदेशभित्र सञ्चालित इट्टा उद्योगहरूबाट प्रति चिम्नी वार्षिक रु. पचहत्तर हजारका दरले वातावरण तथा औद्योगिकीकरण व्यवस्थापन दस्तुर लगाई असुल गर्ने व्यवस्था मिलाएको छु।

१३७. प्रदेश सरकार मातहत सञ्चालित विभिन्न प्रयोगशालाहरूबाट सेवा प्रवाह गरेबापत सङ्कलन हुने सेवा शुल्कलाई प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाएको छु।

### बजेटको आकार र स्रोत व्यवस्थापन

**माननीय सभामुख महोदय,**

अब म माथि उल्लिखित नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष २०८३/८४ को लागि विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छुः

१३८. सङ्घीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट सञ्चालित हुने कार्यक्रमहरू बाहेक आगामी आर्थिक वर्षका लागि कुल रु. ४१ अर्ब १३ करोड ८६ लाख विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रु. १४ अर्ब ६६ करोड ३२ लाख २९ हजार अर्थात् ३५.६४ प्रतिशत र पुँजीगततर्फ रु. २६ अर्ब ४७ करोड ५३ लाख ७१ हजार अर्थात् ६४.३६ प्रतिशत रहेको छ।

१३९. आगामी आर्थिक वर्षको अनुमानित खर्च बेहोर्ने स्रोततर्फ, आन्तरिक राजस्व तथा विविध प्राप्तिबाट रु. ११ अर्ब २२ करोड ७५ लाख सङ्कलन हुने र सङ्घीय सरकारबाट राजस्व बाँडफाँट बापत रु. १२ अर्ब ८३ करोड प्राप्त हुने अनुमान गरेको छु।त्यस्तै, सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय अनुदानबाट रु. ९ अर्ब ४९ करोड ५९ लाख र चालु आर्थिक वर्षको बाँकी नगद मौज्दातबाट रु. ६ अर्ब ८ करोड ५२ लाख बेहोरिनेछ। उल्लिखित स्रोतहरूबाट खर्च बेहोर्दा न्यून हुने रु. १ अर्ब ५० करोड रकम आन्तरिक ऋणबाट पूर्ति गरिने व्यवस्था मिलाएको छु।

१४०. आगामी आर्थिक वर्षमा सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानतर्फ वित्तीय समानीकरण अनुदान बापत रु. ७ अर्ब ८४ करोड ८५ लाख, सशर्त अनुदान बापत रु. ८ अर्ब १० करोड २८ लाख, समपूरक अनुदान बापत रु. ९४ करोड ७४ लाख र विशेष अनुदान बापत रु. ७० करोड गरी जम्मा रु. १७ अर्ब ५९ करोड ८७ लाख प्राप्त हुने अनुमान गरेको छु। त्यस्तै, सङ्घीय राजस्व बाँडफाँट बापत रु. १२ अर्ब ८३ करोड प्राप्त हुने अनुमान छ।

१४१. आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेटलाई निर्धारित समयमै सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्न बजेट कार्यान्वयन प्रणालीलाई चुस्त र अनुमानयोग्य बनाइनेछ। यसका लागि सबै मन्त्रालय तथा निकायहरूले नयाँ आर्थिक वर्ष सुरु भएको एक महिनाभित्र आ-आफ्नो मन्त्रालय र अन्तर्गतका निकायको विस्तृत 'कार्यान्वयन कार्य योजना' (Implementation Action Plan) तयार गरी अनिवार्य रूपमा लागू गर्नुपर्ने व्यवस्था मिलाएको छु। सो कार्य योजनामा स्पष्ट समय सीमा, माइल स्टोन र जिम्मेवार अधिकारी तोकिनेछ र सोही कार्य योजनामा उल्लेखित लक्ष्यका आधारमा सम्बन्धित मन्त्रालयका सचिव र आयोजना प्रमुखको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।


**माननीय सभामुख महोदय,**

१४२. आर्थिक वर्ष २०८१/८२ को यथार्थ खर्च, आर्थिक वर्ष २०८२/८३ को संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय र व्ययको विस्तृत विवरण अनुसूचीहरूमा उल्लेख गरेको छु।

१४३. विगतमा देशको अन्न भण्डारका रूपमा योगदान दिएको मधेशलाई आगामी बजेटमार्फत स्वस्थ, शिक्षित, दक्ष र उत्पादक पुस्ता निर्माण गर्ने 'नयाँ मधेश' का रूपमा रूपान्तरण गर्नु यस सरकारको प्रथम प्राथमिकता रहनेछ। यस ऐतिहासिक अभिभारालाई पूरा गर्न मैले आगामी आर्थिक वर्षको बजेटलाई 'मधेश उठ्छः जब शिशु स्वस्थ हुन्छ, छोरी पढ्छे, किसान कमाउँछ र सुशासन देखिन्छ' भन्ने मूल सङ्कल्पका साथ अगाडि बढाएको छु। यो बजेट केवल अङ्कहरूको सँगालो मात्र नभई, मधेशका आम नागरिकको उज्यालो भविष्य निर्माण गर्ने रणनीतिक मार्गचित्र हो। अन्त्यमा, प्रविधिमैत्री र समृद्ध मधेश निर्माणको यो बजेट कार्यान्वयनमा सम्पूर्ण सरोकारवाला निकाय, राजनीतिक दल, निजी क्षेत्र र आम नागरिकको सक्रिय सहयोग रहने पूर्ण विश्वास लिएको छु।

*धन्यवाद।*

# हर्मुज क्षेत्रमा कर नउठाउन इरानलाई राष्ट्रपति म्याक्रोँको सुझाब



रासस/एएफपी । फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोँले सोमबार स्ट्रेट अफ हर्मुज हुँदै ढुवानी हुने जहाजमा कर नलगाउन इरानलाई चेतावनी दिनुभएको छ।

इरानको फार्स समाचार एजेन्सीले जनाएअनुसार तेहरानले आफ्नो घोषणाको केही समय अघि मध्यपूर्व युद्ध अन्त्य गर्न संयुक्त राज्य अमेरिकासँगको प्रस्तावित सम्झौतामा समुद्री सेवा शुल्क लगाउने प्रावधान थपेको छ ।

फ्रान्समा हुन लागेको जी-७ शिखर सम्मेलनको पूर्वसन्ध्यामा राष्ट्रपति म्याक्रोँले भन्नुभयो, “हामी अन्तर्राष्ट्रिय कानुनको प्रतिरक्षा गर्छौं र हामी कुनै अमूल्य असरको प्रत्याभूति गर्न सक्ने सबै प्रयास गर्नेछौं ।”

सम्झौताको विस्तृत विवरण सार्वजनिक गरिएको छैन । म्याक्रोँले सम्झौतामा ‘विद्युतीय माध्यमबाट’ हस्ताक्षर भइसकेको र आगामी शुक्रबार सम्झौतालाई ‘अन्तिम’ रूप दिइने बताउनुभएको छ।

“म सबै विवरण प्रवेश गर्न चाहन्न तर हर्मुजमा कर लाग्ने कुराको अन्त्य गरिनुपर्छ,” उहाँले भन्नुभयो ।

म्याक्रोँले भन्नुभयो, “स्ट्रेट खोल्नका लागि फ्रान्स र बेलायतको संयुक्त अभियान ‘ तत्काल’ तैनाथ गर्न तयार छ,” फ्रान्सेली प्रमुख विमानवाहक युद्धपोत चार्ल्स डी गाल ‘दुई देखि तीन दिनको समयावधिमा’ यस क्षेत्रमा तैनाथ हुन तयार छन् ।”

म्याक्रोँले भन्नुभयो, “हामी सबै कुरा गर्छौं ताकि यो सम्झौता वास्तविकरूपमा कार्यान्वयमा ल्याउन र हर्मुज फेरि खोल्न सकियोस् ।” युरोपेली देशहरू ऊर्जा र अन्य वस्तुहरूको मूल्य घटाउन स्ट्रेट पुनः खुल्ने प्रतीक्षामा छन् ।

म्याक्रोँले यो सम्झौता तेहरानको विजय भएको अस्वीकार गर्दै भन्नुभयो, “म यसलाई हेर्न धैर्य र विवेकी हुनेछु ।”

इरानविरुद्धको अमेरिका-इजरायल युद्धतर्फ सङ्केत गर्दै उहाँले भन्नुभयो, “तपाईंलाई थाहै छ, हामीले उक्त आक्रमणमा भाग लिएका थिएनौं ।”उहाँले भन्नुभयो, “त्यसैले अब हाम्रो उद्देश्य स्ट्रेट अफ हर्मुजलाई पुनः खोल्नु हो र वास्तवमा, त्यहाँ कुनै कर उठाइनु हुँदैन । यसले शक्तिमा भएकाहरूलाई समृद्ध बनाउँनेछ र कमजोरलाई थप कमजोर बनाउनेछ ।”

उहाँले थप्नुभयो, “इरानसँग रहेको संवर्धित युरेनियमको भण्डारलाई निष्प्रभावी पार्नु पर्छ र संयुक्त राष्ट्रसङ्घ आणविक निगरानी संस्थाको निगरानीमा राख्नु पर्छ ।”

म्याक्रोँले भन्नुभयो, “हामी यो सुनिश्चित गर्नेछौं, युरेनियमको संवर्धित क्षमता राम्रोसँग निष्प्रभावी हुनेछ ।”

म्याक्रोँले भन्नुभयो, “संवेदनशील युरेनियमको भण्डारणलाई या त बाहिर निकाल्नु पर्छ वा पातलो पार्नु पर्छ र त्यसपछि अन्तर र्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) ले हेरचाह गर्नुपर्छ ।”

## सम्झौताका बाबजुद पनि अमेरिकाप्रति ‘गहिरो अविश्वास’ कायमैः इरान



रासस/एएफपी । युद्ध अन्त्य गर्ने उद्देश्यका साथ सहमति भए पनि तेहरानले अमेरिकाप्रति ‘गहिरो अविश्वास’ राखेको इरानको विदेश मन्त्रालयले सोमबार जनाएको छ ।

“दुर्भाग्यवस, यो स्वीकार गर्नुपर्दछ कि संयुक्त राज्य अमेरिकाप्रति इरानको गहिरो अविश्वास अमेरिकी नेताहरूको लामो इतिहासको गलत कामका कारण उत्पन्न भएको हो,” इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले साप्ताहिकरूपमा गरिने पत्रकारहरूसँगको भेटमा भन्नुभयो ।

“अमेरिकाले इरानी जनताको विश्वास जित्न अझै लामो यात्रा बाँकी छ”, उहाँले भन्नुभयो, “फेब्रुअरीको अन्त्यमा सुरु भएको युद्ध रोक्ने पहलका लागि तयार पारिएको यो प्रस्तावको ढाँचा ‘ तनाव कम गर्ने र युद्ध अन्त्य गर्ने दिशामा एक कदम मात्र हो’।”

# विश्वकपः जर्मनी विजयी




काठमाण्डु । फिफा विश्वकप फुटबल प्रतियोगिता २०२६ अन्तर्गत आज भएको खेलमा चार पटकको विश्वकप विजेता जर्मनीले कुरासाओलाई पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको छ ।

अमेरिकाको ह्युस्टन स्टेडियममा भरखरै सम्पन्न समूह इ को खेलमा जर्मनीले क्यारेबियन राष्ट्र कुरासाओलाई ७-१ गोलअन्तरले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको हो । जर्मनीले पहिलो हाफमा तीन गोल गर्‍यो भने खेलको दोस्रो हाफमा चार गोल थप्यो । जर्मनीका लागि काई हाभाट्र्जले दुई तथा फेलिक्स एनमेचा, निको स्लोटरबेक, जमाल मुसिएला, नाथनियल ब्राउन र डेनिज उन्डाभले समान एक-एक गोल गरे ।

एनमेचाले खेलको छैटौं मिनेटमै गोल गर्दै जर्मनीलाई सुरुआती अग्रता दिलाए । त्यसपछि खेलको २१ औं मिनेटमा कुरासाओका लिभानो कोमेनेन्सियाले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए । त्यसपछि जर्मनीका निको स्लोटरबेकले खेलको ३८औं मिनेटमा गोल गर्दै खेललाई २-१ को अग्रता बनाए ।

त्यसपछि खेलको पहिलो हाफको अत्तिरिक्त समयमा हाभाट्र्जले पेनाल्टीमार्फत गोल गर्दै खेललाई ३-१ को अग्रता दिलाए । त्यसैगरी मुसिएलाले खेलको ४७औं मिनेटमा गोल गर्दा ब्राउनले खेलको ६८औं मिनेटमा अर्को गोल थपे । त्यस्तै खेलको ७८ औं मिनेटमा उन्डाभले गोल गरे भने काई हाभाट्र्जले खेलको ८८ औं मिनेटमा अर्को गोल थपे । यस जितसँगै जर्मनीले शीर्ष तीन अङ्क जोडेको छ । रासस

# चीन-म्यान्मा सम्बन्धमा नयाँ कूटनीतिक पहल




रासस/एएफपी । व्यापार तथा रणनीतिक सम्बन्धलाई प्रवर्द्धन गर्ने उद्देश्यसहित म्यान्माका राष्ट्रपति मिन आङ ह्लाइङ सोमबार चीन आइपुग्नुभएको छ। उहाँको यो भ्रमण चीनका राष्ट्रपति सी जिनपिङसँगको उच्चस्तरीय वार्तासहित द्विपक्षीय सहयोग विस्तार गर्ने केन्द्रित रहेको बताइएको छ ।

अप्रिलमा नागरिक राष्ट्रपतिको पदभार सम्हालेपछि यो उहाँको दोस्रो विदेश भ्रमण हो । यसअघि उहाँ भारत भ्रमणमा जानुभएको थियो । सन् २०२१ को सैन्य कूले आङ सान सुकीको निर्वाचित सरकारलाई हटाएपछि म्यान्मा लामो समयदेखि कूटनीतिक रूपमा टाढिँदै आएको छ।

म्यान्माका सञ्चारमाध्यमहरूले सार्वजनिक गरेका तस्बिरहरूमा राष्ट्रपति मिन आङ ह्लाइङ बेइजिङ प्रस्थानका क्रममा विमानमा चढ्दै हात हल्लाइरहेको देखाइएको छ । चिनियाँ राज्य सञ्चारमाध्यमले उहाँको आगमनको औपचारिक जानकारी दिँदै भ्रमणलाई उच्च प्राथमिकताका साथ प्रस्तुत गरेको छ।

यस भ्रमणका क्रममा उहाँले राष्ट्रपति सी जिनपिङसँगै चिनियाँ प्रधानमन्त्री ली किआङ र राष्ट्रिय विधायिका प्रमुख झाओ लेजीसँग पनि भेटवार्ता गर्ने कार्यक्रम रहेको चीनको विदेश मन्त्रालयले जनाएको छ। यो भ्रमण शुक्रबारसम्म चल्नेछ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानका अनुसार चीनले यो भ्रमणलाई म्यान्मासँगको मैत्री सम्बन्ध पुनः सुदृढ गर्न र ‘ व्यापक रणनीतिक सहकार्य’ विस्तार गर्ने अवसरका रूपमा लिएको छ । उहाँका अनुसार दुवै देशबीच आर्थिक, राजनीतिक तथा विकास-सहयोगका क्षेत्रलाई थप मजबुत बनाउने लक्ष्य रहेको छ ।

म्यान्माका राष्ट्रपतिले भ्रमणका क्रममा चीनका उच्च प्रविधि उद्योगहरूको अवलोकन गर्ने तथा एक आर्थिक सम्मेलनमा सहभागी हुने कार्यक्रम पनि तय भएको म्यान्माको राज्य सञ्चारमाध्यमले जनाएको छ ।

यसैबीच, म्यान्मा-चीन सम्बन्धमा ध्यान खिच्ने गरी एक अमेरिकी नागरिकको पक्राउले पनि चर्चा पाएको छ । म्यान्मा केन्द्रित अनुसन्धान गर्ने एक थिङ्क ट्याङ्कका संस्थापक मिन जिनलाई चीनमा ‘जासुसी गतिविधिमा संलग्न भएको आशङ्कामा’ हिरासतमा राखिएको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ ।

चिनियाँ प्रवक्ता लिनका अनुसार उहाँमाथि राष्ट्रिय सुरक्षालाई जोखिममा पार्ने गतिविधिमा संलग्न भएको आरोपमा कानूनी प्रक्रिया अघि बढाइएको छ । सम्बन्धित थिङ्क ट्याङ्कले म्यान्माको राजनीतिक अवस्था, स्रोत साधन र द्वन्द्वगत परि स्थितिबारे अनुसन्धान गर्दै आएको थियो ।

# रुसी आक्रमणमा खार्किभमा पाँच उद्धारकर्मीको मृत्यु, किएभको ऐतिहासिक धार्मिक स्थलमा आगलागी



रासस/एएफपी । युक्रेनमाथि रुसले सोमबार गरेको व्यापक हवाई आक्रमणमा पूर्वी सहर खार्किभमा पाँच उद्धारकर्मीको मृत्यु भएको छ भने राजधानी किएभमा कम्तीमा २० जना घाइते भएका छन् । आक्रमणका कारण आवासीय भवनहरूमा आगलागी हुनुका साथै देशको महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक सम्पदामध्ये एकमा पनि क्षति पुगेको छ ।

युक्रेनका गृहमन्त्री इहोर क्लाइमेन्कोका अनुसार खार्किभमा पहिलो आक्रमणबाट लागेको आगो निभाउने क्रममा पुगेका उद्धारकर्मीहरू दोस्रो रुसी आक्रमणको निशानामा परेका थिए। घटनामा कम्तीमा पाँच अन्य आपतकालीन सेवाकर्मी घाइते भएका छन् ।

राजधानी किएभमा रातभर शक्तिशाली विस्फोटहरूको आवाज सुनिएको थियो । ब्यालिस्टिक क्षेप्यास्त्र र शाहेद ड्रोनमार्फत गरिएको आक्रमणका कारण धेरै बासिन्दाले भूमिगत आश्रयस्थलमा शरण लिएका थिए । अधिकारीहरूले सर्वसाधारणलाई सुरक्षित स्थानमा बस्न आग्रह गरेका थिए ।

“किएभ मुख्य निशानामा परेको छ । नागरिक पूर्वाधारमा ठूलो क्षति पुगेको छ”, गृहमन्त्री क्लाइमेन्कोले भन्नुभयो ।

किएभ सहर सैन्य प्रशासनका प्रमुख टिमुर तकाचेन्कोका अनुसार एक बालकसहित कम्तीमा २० जनाले उपचारका लागि स्वास्थ्य सेवा लिएका छन् । उहाँले शेभचेन्किभ्स्की जिल्लामा ३० मिनेटभन्दा कम समयमा पाँचवटा आक्रमण भएको जानकारी दिनुभयो ।

प्रभावित संरचनामध्ये २५ तले आवासीय भवन, एक बजार र एक किराना पसल रहेका छन् । ओबोलोन्स्की जिल्लामा भने नौ तले आवासीय भवनमा प्रत्यक्ष प्रहार भएको बताइएको छ ।

तकाचेन्कोले रुसले जानाजानी आवासीय भवनहरूलाई निशाना बनाएको आरोप लगाउनुभयो । “यो उनीहरूको सचेत निर्णय हो”, उहाँले भन्नुभयो ।

आक्रमणबाट किएभ-पेचेर्स्क लाभ्रा मठ परिसरमा पनि ठूलो क्षति पुगेको छ। उक्त परिसरमा आगलागी भएको तकाचेन्कोले जानकारी दिँदै रुसले ‘विश्वकै प्रमुख क्रिश्चियन तीर्थस्थलमध्ये एकको केन्द्रमा प्रहार गरेको’ आरोप लगाउनुभयो । युक्रेनको अर्थोडक्स चर्चका प्रमुख मेट्रोपोलिटन एपिफेनियसका अनुसार रातभरको आक्रमणका क्रममा डोर्मिशन क्याथेड्रलको छानामा आगलागी भएको थियो । उहाँले यस घटनालाई ‘मानवता, इतिहास र ईसाई धर्मविरुद्धको अर्को रुसी अपराध’ भन्दै निन्दा गर्नुभयो ।

‘गुफाहरूको मठ’ पनि भनिने किएभ-पेचेर्स्क लाभ्रा ११औं देखि १९औं शताब्दीसम्म निर्माण गरिएका मठ, चर्च र भूमिगत गुफाहरूको विशाल धार्मिक परिसर हो । यो युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत स्थल हो ।

डनिप्रो नदीको दायाँ किनारमा अवस्थित यो ऐतिहासिक धार्मिक स्थल शताब्दीयौँ देखि तीर्थयात्रीहरूको प्रमुख गन्तव्यका रूपमा परिचित छ ।

# विश्वकप फुटबल : ट्युनिसियामाथि स्वीडेनको जित




काठमाण्डु । फिफा विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत समूह ‘एफ’को खेलमा स्वीडेनले ट्युनिसियामाथि जित निकालेको छ ।

मेक्सिकोको मोन्टेरे रङ्गशालामासोमबारभएकोखेलमा स्वीडेनले ट्युनिसियामाथि ५-१ गोलको जित निकालेको हो । स्वीडेनका लागि यासिन अयारीले दुई गोल गर्दा अलेज्यान्डर इसाक, भिक्टोर ग्योकेरेस र माथिएस स्भानवर्गले समान एक/एक गोल गरे । ट्युनिसियाका लागि ओमार रेकिकले एक गोल फर्काए ।

खेल सुरुआती सातौं मिनेटमा यासिन अयारीले गोल गर्दै स्वीडेनलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ३० औं मिनेटमा अलेज्यान्डरले गोल गर्दै स्वीडेनको अग्रता दोब्बर पारे । खेलको पहिलो हाफको ४३ औं मिनेटमा ट्युनिसियाका ओमारले एक गोल फर्काए ।

यसैगरी खेलको ५९औं मिनेटमा भिक्टोरले स्वीडेनका लागि तेस्रो गोल गरे । खेलको ८६औं मिनेटमा स्वीडेनका लागि माथिइस स्भानवर्गले एक गोल थपे । त्यसपछि खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा यासिनले व्यक्तिगत दोस्रो तथा टोलीको लागि पाँचौं गोल गरेपछि स्वीडेनले ट्युनिसियमाथि ५-१ गोलको जित निकाल्यो ।

जितपछि स्वीडेनले शीर्ष तीन अङ्क जोडेको छ । समूहको पहिलो खेलमा नेदरल्यान्ड्स र जापानले २-२ को बराबरी खेल्दै समान एक/एक अङ्क बाँडेका थिए । रासस

## श्री किशोरी जनता माध्यमिक (०-१२)विद्यालय

(प्राविधिक तथा व्यावसायिक शिक्षा)

भंगहा नगरपालिका-९, हरिहरपुर हरिनमरी, महोत्तरी, मधेश प्रदेश

### कड़हर्वा पोखरीको माछा पालन ठेक्का बन्दोबस्त सम्बन्धी खुला /डाक बढाबढ प्रक्रियाका लागि आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/०२**

उपरोक्त सम्बन्धमा यस विद्यालयको अधिनमा रहेकों कड़हर्वा पोखरीको माछा पालन ठेक्का आगामी ५ वर्षको लागि निम्न लिखित शर्तहरुको अधिनमा रही मिति २०८३/०३/०८ गते दिउँसो १:०० जबे विद्यालयको प्राङ्गणमा खुल्ला डाक बडाबडबाट ठेक्का लगाउनु पर्ने भएकोले सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. खुल्ला डाक बडाबड प्रकृयाका लागि आव्हान गरिएको सुचना तालिका अनुसार श्री किशोरी जनता माध्यमिक विद्यालयको प्रांगनमा खुल्ला डाक बढाबढ प्रकृया अगाडी बढनेछ ।
२. खुल्ला डाक बढाबढ प्रकृयामा समावेश हुन चाहने व्यक्ति नेपाली नागरिक हुनुपर्ने तथा आफूले कबोल गरेको रकमको ५ (पाँच प्रतिशत )धरौटी रकम नगद जम्मा गर्नु पर्ने छ ।बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ दिन भित्र सम्झौता गर्न आउनु पर्ने छ। नआएमा राखिएको ५ प्रतिशत धरौटी रकम जफत हुनेछ।
३. ठेक्का वापत नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने सबै कर ठेकदारले नै तिर्नु बुझाउनु पर्नेछ ।
४. न्यून्तम ठेक्का रकम भन्दा सबै भन्दा बढी ठेक्का रकम कबोल गर्नेलाई स्वीकृत गर्नेछ ।न्युन्तम ठेक्का रकम रु ६,९९,५००।- (छ लाख उन्नासय हजार पाँच सय) बाट बोल कबोल प्रकृया सुरु हुनेछ ।
५. ठेक्काको सम्झौता गर्ने बखत ठेकदारले पहिलो किस्ता बराबरको रकम विद्यालयको खातामा जम्मा गर्नुपर्नेछ ।
६. ठेक्का लागे पश्चात सो को संरक्षण, रेखदेख, व्यवस्थापन, नाफा, नोक्सान ठेकदार स्वयंले गर्नुपर्नेछ ।
७. कुनै कारण देखाई वा नदेखाई डाक बढाबढ प्रकृयाबाट हुने ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विद्यालयमा निहित हुनेछ ।
८. डाक बढाबढको अन्तर न्यून्तम १० (दश )हजार रकमको फरकमा मात्र दोस्रो प्रतिष्पर्धीले बोल्नु पर्ने छ ।

**नोट** : यस सुचनामा उल्लेख नभएको विषय नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रधानाध्यापक**
**सम्पर्क नं. ९८५४०५१०५२**

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि.शाखा कार्यालय नगराईन को २१ दिने सूचना

यस बैंकबाट तपशिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघि निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेदा गर्दा पनि आलटाल गरि बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनको लागि यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, कृषि विकास बै.क लि.को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपरगरिने व्यहोरा समेत जानकारी गराउँदछौ। साथै तपशिल बमोजिका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिने मन्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**कार्यालयको नामः श्री कृषि विकास बैंक लि. शाखा कार्यालय नगराईन**

| क्र. सं. | ग्राहक नं. | ऋणीको नाम | ठेगाना | बाबु/पतीको नाम | बाजे/ससुराको नाम | मिसिल नं. | उदेश्य | सावां | मिति २०८३।०२।३१ गते सम्मको भा. ना. ब्याज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १५७९५९६ | चाँदनी भेनियर उघोग (प्रोरामनन्दन सहनी) | मुखियापट्टी मुसहरनीया वार्ड नं.०२ | बहादुर सहनी | झौली मलाह | ५३८६ | उघोग संचालन कर्जा | १०,००,०००।०० | १,१६,७३५।७७ |
| २ | १६६६८०३ | दिपेश कुखुरा फर्म ( प्रो.सविता देवी) | न.पा. नगराईन वार्ड नं.०९,घोडघास | कमेश्वर ठाकुर | कुलेश्वर ठाकुर | ५१०८ | सहुलियत कर्जा | ६३६,७७३।२७ | ८८२७।२५ |
| ३ | १७४५५४३ | केशव कुखुरा पालन फर्म (प्रो.महेश्वर राय भुमिहार) | मुखियापट्टी मुसहरनीया वार्ड नं.०३ | शत्रुधन राय भुमिहार | जगदेव राय भुमिहार | ५१४६ | सहुलियत कर्जा | २७,९७,३२७।१९ | ४७७५३।१७ |
| ४ | ९९०९३८ | गणेश जेनरल सप्लायर्स ( प्रो.गणेश कुमार चौधरी) | न.पा. नगराईन वार्ड नं.०२ | विन्देश्वर चौधरी | गंगा किशोर चौधरी | ४३८२ | व्यापार कर्जा | २४,९९,१९५।५२ | ८३३५८।७८ |
| ५ | ९९०४९७ | आरती वस्त्रालय (प्रो. श्याम सुन्दर पंडित) | न.पा. नगराईन वार्ड नं.०३ | बौएलाल पंडित | मुसन पंडित | ४८९५ | व्यापार कर्जा | ८,००,०००।०० | ३५४९८।४६ |
| ६ | ५१४९५२२ | पर्वत बहुउदेश्य कुखुरा पालन फार्म (प्रो.अवधेश कुमार यादव) | न.पा. नगराईन वार्ड नं.०१ | नाथु यादव | सहदेव यादव | ५२८२ | सहुलियत कर्जा | ८,७०,०००।०० | ४३४३६।८० |
| ७ | ९९०९६७ | जय माँ अटो ट्रेडिङ्ग (प्रो.मनोज कुमार यादव) | जनकपुर-०८ हाल बहेडावेला -०७ | सहदेव यादव | राम चरण यादव | ४८३१ | व्यापार कर्जा | २५,००,०००।०० | ९४७५२।९१ |
| ८ | १७६७८८१ | गेट अप स्टोस (प्रो.मदिना खातुन) | न.पा. नगराईन वार्ड नं.०६ | युवरानी कवारी | हनिफ कवारी | ५१५९ | व्यापार कर्जा | ८,५०,००० | ४३६४८।११ |
| ९ | ५३६९३८१ | तेज नारायण यादव | न.पा. नगराईन वार्ड नं.०२ | विश्वनाथ यादव | निर्मल यादव | ५२९३ | सरल कृषि कर्जा | ३५०००० | ६१५७।३५ |
| १० | ६९५३०३ | शिव कुमार मंडल केवट | बहुअर्वा वार्ड नं.०४ | गंगा प्रसाद मंडल | अनुप मण्डल | ५३०२ | प्रोसनल ओ.डी कर्जा | १६,००,००० | ७६५६८।०९ |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कायालय, जनकपुर

# नेपालको आँखा स्वास्थ्य सेवामा फड्को: 'गुणस्तर सुनिश्चित प्रणाली कार्यान्वयन' गरिँदै

काठमाण्डु । नेपालमा आँखा स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न गुणस्तर सुनिश्चित प्रणाली कार्यान्वयनमा ल्याइने भएको छ। सम्भवतः पहिलोपटक आँखा स्वास्थ्य सेवा क्षेत्रमा लागू गर्न लागिएको सो प्रणालीले नेपालमा आँखा स्वास्थ्य सेवालाई अन्तरराष्ट्रिय क्षेत्रमा प्रवर्द्धन गरी छिमेकी देशसहित अन्य देशका आँखाका बिरामीलाई नेपालमा उपचार गर्न आउन थप आकर्षित गर्न यसले कोसेढुङ्गाको काम गर्ने जनाइएको छ ।



नेपाल नेत्रज्योति सङ्घले आफूअन्तर्गत सञ्चालित अस्पताल, उपचार केन्द्र, बाह्य कार्यक्रममा समेत सो प्रणालीलाई कार्यान्वयनमा ल्याउने नीतिलाई सार्वजनिक गरेको छ । सङ्घका महासचिव भरतबहादुर चन्दले भन्नुभयो, "आँखा स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न गुणस्तर सुनिश्चित प्रणाली कार्यान्वयनको तयारी गरिरहेका छौँ । यसबाट नेपालको आँखा स्वास्थ्य सेवाको गुणस्तरीयतालाई अन्तरराष्ट्रिय क्षेत्रमा थप पहिचान गराउन सहयोग पुग्नेछ ।"

हाल सङ्घअन्तर्गत हाल २८ आँखा अस्पताल, २२६ आँखा उपचार केन्द्र तथा बाह्य कार्यक्रम सञ्चालित छ । सङ्घअन्तर्गत सञ्चालित ती सञ्जालबाट सन् २०२५ मा मात्र ३३ लाख ७८ हजार ४२ जना आँखाका बिरामीको आँखा परीक्षण एवं दुई लाख ६६ हजार ४०१ जनाको शल्यक्रिया गरिएको थियो ।

यसैगरी चार लाख ५४ हजार ९४२ बिरामीको निःशुल्क उपचार एवं २५ हजार ५६५ जनाको निःशुल्क शल्यक्रिया गरिएको थियो । सोही वर्ष ती सञ्जालमार्फत नौ लाख ११ हजार ९८० जना अन्य देशका नागरिकको आँखा उपचार गरिएको सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले जानकारी दिनुभयो । तीमध्ये एक लाख ५३ हजार ८६ बिरामीको शल्यक्रिया गरिएको थियो । यसमा अधिकांश भारतीय नागरिक थिए । आँखा स्वास्थ्य सेवा अब्बल भएकै कारण छिमेकी मुलुक भारत, बङ्गलादेश र भुटानलगायत मुलुकका नागरिक नेपालमा आँखा उपचार सेवा लिन आकर्षित भइराखेका छन् ।

**'ग्रिन आइ केयर सेन्टर'**

सङ्घले पहिलोपटक आँखा स्वास्थ्य सेवामा पनि 'ग्रिन आइ केयर सेन्टर' को अवधारणालाई कार्यान्वयनमा ल्याउन लागेको छ । सङ्घका महासचिव चन्दले भन्नुभयो, "प्रत्येक अस्पतालअन्तर्गत कम्तीमा एक आँखा उपचार केन्द्रलाई ' ग्रिन आइ केयर सेन्टर' का रुपमा विकसित गरिने छ। प्रत्येक प्रदेशमा एउटा अस्पताललाई क्रमशः 'ग्रिन आइ हस्पिटल'का रुपमा विकसित गरिने छ।"

उहाँका अनुसार सङ्घले अस्पताल प्रणालीलाई विद्युतीय प्रणालीमा रुपान्तरण गरी कागजविहीन बनाइने, केही हिमाली तथा पहाडी जिल्लाम ' भिजन अन हिल' र तराईमा ' भिजन अन हवेल' कार्यक्रामार्फत आँखा उपचार सेवाबाट वञ्चित समुदायलाई सेवा प्रवाह गरिने नीति अवलम्बन गर्न तयारी गरेको छ।

साथै जिल्लास्तरका आँखा उपचार केन्द्रलाई क्रमशः 'सर्जिकल सेन्टर'का रुपमा विकसित गरी शल्यक्रिया सेवा विस्तार गर्ने र कर्णाली प्रदेशका जिल्ला सदरमुकाममा रहेका आँखा उपचार केन्द्रलाई 'सर्जिकल सेन्टर'का रुपमा स्तरोन्नति गरिने, मोबाइल हेल्थ, टेलिमेडिसियन, एआइलगायत नवीन प्रविधिको प्रयोगमार्फत आँखा सेवा थप आधुनिक र प्रभावकरी बनाइने नीति सङ्घले लिएको छ।

सङ्घले फण्डुस क्यामरामार्फत 'डाइबेटिक रेटिनोप्याथि स्क्रिनिङ्' कार्यक्रम सञ्चालनको तयारी गरेको छ। सङ्घका अध्यक्ष प्रा डा चेतराज पन्तले भन्नुभयो, "यसबाट मधुमेहबाट आँखामा पार्न सक्ने जोखिम समयमै पहिचान गर्न सकिन्छ र अन्धोपन हुनबाट जोगाउन सकिन्छ।"

सङ्घका सहयोगमा केही नगरपालिकामा फण्ड्स क्यामरामार्फत 'डाइबेटिक रेटिनोप्याथि स्क्रिनिङ' सुरुआत भइसकेको जनाइएको छ। नेपालमा औषत आयु बढ्दै जाँदा आँखाका बिरामी पनि त्यतिकै बढिरहेका छन् । प्रा डा देवनारायण साहका अनुसार नेपालमा पछिल्लो समय रक्तचाप तथा मधुमेहबाट आँखामा हुने बिरामी अत्यधिक वृद्धि भइराखेको छ । उहाँले भन्नुभयो, "औषत आयु बढ्दै जाँदा आँखाको बिरामी पनि त्यतिकै वृद्धि भइराखेका छन् । रासस

# कर्णाली प्रदेशसभाः ३५ अर्ब ३९ करोड बजेट प्रस्तुत

कर्णाली । कर्णाली प्रदेश सरकारले राजस्व र व्ययको वार्षिक अनुमानसहितको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गरेको छ। प्रदेशसभाको सोमबार बसेको बैठकमा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले आगामी आवका लागि रु ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार बजेट प्रस्तुत गर्नुभएको हो।

प्रस्तुत बजेट अनुसार पुँजीगततर्फ रु २० अर्ब ७४ करोड ६७ लाख १२ हजार र चालुतर्फ रु आठ अर्ब ६० करोड ४५ लाख ५६ हजार विनियोजन गरिएको उहाँले बताउनुभयो । यो बजेट चालु आर्थिक वर्षको तुलनामा सात दशमलव २८ प्रतिशतले वृद्धि भएको हो।

योजनामन्त्री शाहका अनुसार वित्तीय व्यवस्थापनतर्फ रु ५० करोड, स्थानीय तहमा वित्तीय हस्तारणतर्फ रु पाँच अर्ब ५४ करोड ७२ लाख ८० हजार रकम विनियोजन गरिएको छ। रासस


## भूमिसुधार तथा मालपोत कार्यालय धनुषा

### हकभोग तथा हकदार सम्बन्धी ३५ पैतिस दिने सार्वजनिक सुचना

यसमा जिल्ला धनुषा गा.वि.स. यज्ञभूमि वडा नं. ८ हाल धनुषाधाम न.पा.वडा नं.८ मा बस्ने हिताई यादवको आफ्नो कालगतिले मिति २०४५/०४/१६ गतेमा मृत्यु भै निजको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गाको हकखाने निज ज.ध. को श्रीमती सुमित्रा यादव रहेकोमा निजले आफ्नो इच्छाले पोइले गइ सकेको र छोराको जायजन्म नभई निज दम्पत्तिबाट छोरी १ मात्र देवलास देवी यादव रहेकोमा छोरी देवलास देवीले माँग गरेको नामसारी मिसिलमा आमाले यस कार्यालयमा उपस्थित भै मन्जुरी सनाखत गरि सकेकोले निज मृतकको हकखाने छोरी देवलास देवी यादव भै जग्गा धनी मृतक हिताई यादवको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गा हीताई यादवको मृत्यु पश्चात निजको नाममा दर्ता कायम रहेको जग्गाको हकखाने सबभन्दा नजिकको हकदार छोरी नाता पर्ने देवलास देवी यादवको नाममा एकलौटी नामसारी गरी पाउँ भनि माँग निवेदन र सोही अनुसारको धनुषधाम न.पा.९ नं. वडाको कार्यालय धारापानी धनुषाको च.नं.११२१ मिति २०८३/०१/१७ गतेको वडा मुचुल्का सहितको किटानी सिफारिस भै आएको ।

यसमा हिताई यादवको मृत्यु पश्चात निजको नाममा दर्ता कायम रहेको जग्गाको हकभोग तथा हकदार यि निवेदक वाहेक अन्य कोही हकखाने हकदार भएको भए वा यि निवेदकको नाममा एकलौटी नामसारी हुनु नपर्ने कुनै कारण भए यो सुचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफू सँग भएको सबुत प्रमाण लिई यस कार्यालयमा दावी उजुरी गर्न आउनु होला म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भए पछि कानुन बमोजिम भै जाने व्यहोरा सबैमा यसै सुचना द्वारा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | गा.पा /न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|---|
| धनुषा | यज्ञभूमि | ८ग | ३१४ | ०-१-३-० | हीताई यादव |

## भुमि प्रशासन कार्यालय गौर, रौतहट

### दा.खा सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साविक गाविस पिप्राभगवानपुर वार्ड न. १ हाल राजपुर नपा १ मा बस्ने खहेरु राय यादवको छोरा विगन राय यादवले आफ्नो भूमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट मुद्रा दर्ता नं. १०२३१ मिति २०८०/११/०६ गतेको मोही वाडफाँड मुद्रामा मिति २०८१/०५/१८ गतेको फैसला यस कार्यालयको निर्णय दा.खा.सम्बन्धि निर्णय मिती २०८३/०२/२१ गतेको निर्णय साथै भूमि प्रशासन कार्यलालय गौरको चलानी गतेको नं. ५६५८ मिति २०८३/०२/२२ गतेको दा.खा.जनाउँ पत्राअनुसार जिल्ला रौतहट साविक गाविस पिप्राभगवानपुर वार्ड नं. १ किता नं.३०२ को ज.वि.०-३-४ मध्ये पश्चिम तर्फवाट आधि जग्गा राजिनामा मोठ भिडेको कट्टा गरी मोहीको भाग फैसला बमोजिम दा.खा. गरी पाउँ भनी द.नं.१५०४४ मिती २०८३/०२/२२ गतेको माँग निवेदन आएकोमा मोठ भिडान हुदाँ ज.ध. रामबाबु प्रसाद साहको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको साथै उल्लेखित किता नं. ३०२ मा राजीनामा लिखत मिति २०८०/०६/२४ गतेमा मोठ भिडेको भनी मोठ फाँटवाट लेखिआएको सो जग्गामा मिति २०८०/०६/२४ गतेमा राजीनामा लिखत भिडेको समबन्धि हकदावी वारे सम्बन्धी ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति २०८३/०२/२८ गतेको आदेशा बमोजिम सोको हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए असर पर्ने भए वा दा.खा. हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम राजिनामा मोठ भिडेको कट्टा भई भै मोहीको भाग माँग बमोजिम दा.खा.भै जाने छ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | पिप्राभगवानपुर | १ | ३०२ | ०-३-४ | नाम रामबाबु प्रसाद साह<br>गाविस पिप्राभगवानपुर १<br>बाबुः हरिहर प्रसाद साह<br>बाजे : राजाराम साह |

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८३/०३/०२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : नजरेआलम किराना पसल**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय/विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी<br>दर्ता नं. : ६०९९/५२९/०७६/०७७, दर्ता मिति : २०७६/१०/०६<br>ठेगाना : बलबा - ११, महोत्तरी, **संचालक/शेयरधनी : महोमदिन सेख**<br>**शाखा कार्यालय : लोहारपट्टी** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : महोमदिन सेख**<br>बाबुको नाम : हफिजुल सेख<br>बाजेको नाम : नसुरुदिन सेख<br>ठेगाना : धमौरा अध्यानपुर - १, महोत्तरी<br>हाल : बलबा - ११, महोत्तरी<br>ना.प्र.प.नं. : २५७१३४९५<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४६/०२/१९ | **२. नाम : संगुरी खातुन**<br>पतिको नाम : मो. नजरे आलम शेष<br>ससुराको नाम : महोमदिन सेख<br>ठेगाना : बलबा - ९, महोत्तरी<br>हाल : बलबा - ११, महोत्तरी<br>ना.प्र.प.नं. : १८-०१-८२-०१९४०<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०८२/०२/२९ |
| | **३. नाम : रुबैदा खातुन**<br>पतिको नाम : महोमदिन सेख<br>ससुराको नाम : रफिजुल सेख<br>ठेगाना : बलबा - ११, महोत्तरी<br>ना.प्र.प.नं. : १४३७/०५८/५९<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५९/०३/२४ | **४. नाम : सोगरा खातुन**<br>पतिको नाम : नुर आलम शेष<br>ससुराको नाम : महोमदिन सेख<br>ठेगाना : बलबा - ९, महोत्तरी<br>हाल : बलबा - ११, महोत्तरी<br>ना.प्र.प.नं. : १८-०१-७८-०५५८३<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७८/०६/१३ |
| | **५. नाम : जविसुल खातुन**<br>पतिको नाम : नुर महमद शेष<br>ससुराको नाम : महोमदिन सेख<br>ठेगाना : बलबा - ९, महोत्तरी<br>हाल : बलबा - ११, महोत्तरी<br>ना.प्र.प.नं. : १८-०१-७६-१०२७६<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७६/१०/१५ | **६. नाम : मो. नजरे आलम शेष**<br>बाबुको नाम : महोमदिन शेख<br>बाजेको नाम : रफिजुल सेख<br>ठेगाना : धमौरा - १, महोत्तरी<br>हाल : बलबा - ११, महोत्तरी<br>ना.प्र.प.नं. : १८-०१-७३-००२७७<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७३/०१/१० |
| | **धितोको विवरण** | |
| | महोमदिन सेखको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता रहेको धमौरा -८/ग, महोत्तरी स्थित कित्ता नं. २४५ को क्षेत्रफल ०-०-५-० (विगाहा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ। लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८३ आषाढ २२ गते सोमबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८३ आषाढ २३ गते मंगलबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि. Lumbini Bikas Bank Ltd. निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालयः सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०३/०२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| रामदेव पासमानको बुहारी, राम बाबु पासमानको पत्नी, धनुषा जिल्ला, साविक पचहर्वा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ५ बस्ने **रागनी देवी पासमान** (ना.प्र.नं. १७३०३८/१४०, जारी मिति २०६३/१२/०८, जि.प्र.का. धनुषा) । | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. सिटहा पासमानको नाति, राम देव पासमानको छोरा, धनुषा जिल्ला, साविक पचहर्वा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, शहिदनगर न.पा./गा.पा. वडा नं. ५ बस्ने **राम बाबु पासमान** (ना.प्र.नं. ६४७९१७१९, जारी मिति २०५६/०८/०८, जि.प्र.का. धनुषा) । | २. सुरतिया पासमानको नाति, सिटहा पासमानको छोरा, धनुषा जिल्ला, साविक पचहर्वा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, शहिदनगर न.पा./गा.पा. वडा नं. ५ बस्ने **राम देव पासमान** (ना.प्र.नं. ६७४८००५८, जारी मिति २०३६/१०/०४, जि.प्र.का. धनुषा) । |
| ३. सिटहा पासमानको बुहारी, राम देव पासमानको पत्नी, धनुषा जिल्ला, साविक पचहर्वा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, शहिदनगर न.पा./गा.पा. वडा नं. ५ बस्ने **राम सखि देबी दुसाधिन** (ना.प्र.नं. ६७४८००५९, जारी मिति २०४२/०९/२५, जि.प्र.का. धनुषा) । | |
| **धितोको विवरण** | |
| रागनी देवी पासमान (ना.प्र.नं. १७३०३८/१४०, जारी मिति २०६३/१२/०८, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, साविक सारीभारी गा.वि.स. वडा नं. ३ नक्सा सिट नं. ३ स्थित कि.नं. ७१४ को क्षेत्रफल ०-०-६-० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank
शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीहरु तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकासित मिति २०८३/०३/०२ गते मंगलबारको जनकपुर टुडे)**

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि) का तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ताभुक्तान गर्ने मिति समाप्त भई सक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ताफछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ताफछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, मलंगवा सर्लाही**मा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०४/१२ गते मंगलबार(सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय, मलंगवा सर्लाही**मा दिनको ठीक ३ :०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिमअसुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क. ऋणी, जमानतकर्ता तथा धितोको विवरण : | |
|---|---|
| **ऋणीः** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७९/०५/२२ गते प्रा.फ.र.नं. १२५२२/०७९/०८ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर, कर दाता सेवा कार्यालय मलंगवाबाट मिति २०७९/०५/२३ (मूं.अ.क. दर्ता मिति २०७९/०५/२३) मा करदाताको नाम **लालु प्रसाद यादव** कारोवारको नाम दुर्गा ट्रेडर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१८७१०८५८ को प्रमाणपत्र प्राप्त **दुर्गा ट्रेडर्स ।**<br>ठेगानाः सर्लाही जिल्ला चक्रघट्टा गा.पा. वडा न. ९ । | **प्रोप्राइटर तथा जमानतकर्ताः लालु प्रसाद यादव** (ना.प्र.नं. १९१०६७/२२६, जारी मिति २०७०/०१/१२, प्रतिलिपि जारी मिति २०७६/०३/१५, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।<br>**ठेगानाः** जिल्ला सर्लाही चक्रघट्टा गा.पा. वडा नं. ९ (साविक खोरिया गा.वि.स. वडा नं १) ।<br>**बाबुः** दिनेश राय ।<br>**बाजेः** रामचन्द्र राय यादव । |
| **जमानतकर्ता कः सिया कुमारी देवी** (ना.प्र.नं.१९३०६७/२४५, जारी मिति २०६३/११/०३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।<br>**ठेगानाः** जिल्ला सर्लाही खोरिया गा.वि.स. वडा नं ०१ ।<br>**बाबुः** हरि नारायण राय । **पतिः** दिनेश राय ।<br>**ससुराः** रामचन्द्र राय । | **जमानतकर्ताः फुल कुमारी यादव** (ना.प्र.नं. ४८७२०११८, जारी मिति २०४५।०१।०४, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । **ठेगानाः** जिल्ला सर्लाही चक्रघट्टा गा.पा. वडा नं. ९ (साविक खोरिया गा.वि.स. वडा नं १) ।<br>**बाबुः** ज्ञानचन राय । **पतिः** रामचन्द्र राय यादव ।<br>**ससुराः** राम धारी राय । |

**धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. फुल कुमारी यादवको नाममा मालपोत कार्यालय सर्लाही, मलंगवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला खोरिया भगवानपुर गा.वि.स. वडा नं १, नक्सा सिट नं ०७६२२० स्थित कित्ता नं. २, ३ र ४ को क्षेत्रफल १९१.६०, २२९.४० र १८४.४० (वर्ग मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .......... १
२. ऋणी **दुर्गा ट्रेडर्स**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा **शाखा कार्यालय, मलंगवा सर्लाही**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, मलंगवा सर्लाहीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

# मृत्युको मुखबाट फर्काइए १८ दिने शिशु

**टुडे समाचारदाता**

जनकपुरधाम, । धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-१, सोहनी गाउँमा संकटमा ज्यान परेका एक १८ दिने नवजात शिशुको ज्यान जोगिएको छ । समयमै चिकित्सकीय हस्तक्षेप भएपछि मृत्युको मुखमा पुगेको शिशुको ज्यान जोगिएको हो ।

स्थानीय २४ वर्षीया रीता देवी मण्डलले राति करिब १२ बजेतिर ओछ्यानमै सुतेर आफ्ना १८ दिने शिशुलाई स्तनपान गराइरहेकी बेला शिशुको नाकबाट सिँगानजस्तै दूध निस्किन थालेको र शरीर निलो हुँदै गएपछि घरपरिवारमा रुवाबासी मच्चिएको थियो ।

आत्तिएका शिशुका पिता चन्दे मण्डलले गाउँमै रहेका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. सतिन्द्र रायलाई खबर गरेका थिए । सूचना पाएलगत्तै शिशुको घर पुगेका डा. रायले परीक्षण गर्दा अक्सिजनको कमीका कारण शिशुको शरीर निलो भएको र 'अस्पाइरेशन अफ मिल्क' (दूध श्वासनलीमा पस्ने अवस्था) का कारण ज्यान जोखिममा परेको पत्ता लगाए ।



डा. रायका अनुसार शिशुको अवस्था अत्यन्तै नाजुक थियो । प्रारम्भिक उपचारपछि उनले आफ्नै निगरानीमा सिपिआर दिँदै रातिको समयमा सवारीसाधनको अभावबीच जनकपुरधामस्थित नेपाल अपोलो अस्पताल पुऱ्याएका थिए ।

अस्पतालमा बालरोग विशेषज्ञसहितको स्वास्थ्यकर्मी टोलीले नवजातलाई एनआइसीयु भेन्टिलेटरमा राखेर उपचार सुरु गरेको थियो । करिब एक सातासम्मको उपचारपछि शिशुको स्वास्थ्यमा सुधार आएको र सकुशल घर फर्किएको अस्पताल स्रोतले जनाएको छ ।

यसअघि यस्तै प्रकृतिका सात वटा नवजात मृत्युका घटना देखिसकेका डा. रायले यस घटनालाई निकै चुनौतीपूर्ण रहेको बताए ।

उनले नवजात शिशुलाई स्तनपान गराउने सही तरिकाबारे पनि अभिभावकलाई सचेत हुन आग्रह गरेका छन ।

## बजेट रकममा अन्यौतता

# परम्परागत अभ्यासलाई तोडिएको प्रतिपक्षीको आरोप

**सुभाष कर्ण**

जनकपुरधाम । मधेश प्रदेश सरकारले आगामी वर्ष २०८३/०८४ का लागि ल्याएको बजेट चालु आ.व. भन्दा घटेर आएको टिप्पणी भइरहेको बजेट घटेर होइन बढेर नै आएको तथ्य सार्वजनिक भएको छ ।



सोमवार प्रदेश अर्थमन्त्री युवराज भट्टराईले प्रदेश सभामा ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाको बजेट गरे । जुन चालु आ.ब. भन्दा ५ अर्ब ८४ करोड ४७ लाख ५१ हजार बजेट आगामी आर्थिक वर्षभन्दा कम रहेको भन्ने टिप्पणी भइरहेको थियो । चालु आ.व.मा ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजारको बजेट ल्याइएको हो ।

मन्त्री भट्टराईले सर्शत अनुदान बाहेक ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाको बजेट ल्याइएको घोषणा गरेका हुन् । बजेट वक्तव्यमा पनि सोही कुरा उल्लेख छन् । तर सोही बजेट वक्तव्यको ३८ नम्बर पृष्टको मन्त्रालयगत व्यय अनुमान (वित्तिय व्यवस्था सहित) भन्ने अनुसुची ४ मा ४९ अर्ब २४ करोड १४ लाख उल्लेख गरिएको छ। वजेट व्यक्तिको वाचन पृष्टहरुमा मन्त्रालयहरुको उल्लेखित रकमभन्दा ती पृष्टमा संघीय सरकारबाट सशर्त अनुदान रकम जोडेर बढी देखाइएको छ । संघीय सरकारबाट मधेश सरकारले आगामी आर्थिक वर्षका लाग ८ अर्ब १० करोड बजेट पाएको हो ।

बजेट वक्तव्यमा भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ३ अर्ब ७७ करोड भनिएको छ तर मन्त्रालयगत विवरणमा ४ अर्ब २ करोड ६४ लाख, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयको २ अर्ब ४४ करोड उल्लेख छ तर मन्त्रालयगत विवरणमा २ अर्ब ४७ करोड, शिक्षा तथा संस्कृति कल्याण मन्त्रालयको २ अर्ब ९० करोड भनिएको छ तर मन्त्रालयगत विवरणमा ३ अर्ब ५० करोड देखाइएको छ ।

यस्तै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ५ अर्ब ९५ करोड भनिएको तर मन्त्रालयगत विवरणमा ६ अर्ब ७० करोड ८८ लाख देखाइएको छ भने भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि १२ अर्ब एक करोड भनिएकोमा मन्त्रालयगत विवरणमा १५ अर्ब २० करोड ६९ लाख र उर्जा, सिचाई तथा खानेपानी मन्त्रालयको ३ अर्ब ७७ करोड देखाइएकोमा ६ अर्ब ३६ करोड ६९ लाख उल्लेख गरेको छ । यो उदाहरण मात्र हो, हरेक मन्त्रालयको यही अवस्था हो ।

बजेट रकममा देखाइएको फरकपना बारे जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद एवं पूर्व अर्थमन्त्री संजय यादवले संघीय सरकारबाट प्राप्त सशर्त रकम जोडेर कूल विनियोजित प्रस्तुत गरिने अहिलेसम्मको परम्परागत अभ्यास छ, अन्य प्रदेशले पनि सोही अनुसार गर्दै आएको छ र आगामी आर्थिक वर्षका लागि गरेको छ । तर मधेश सरकारका अर्थमन्त्री कुन आधारले त्यो रकम वक्तव्यमा छोडेको हो बुझ्न सकिएन भने ।

उनले भने सशर्त अनुदानको रकम जोडने हो भने बजेट घटेर होइन बढेर नै आएको हो । संघीय सरकारबाट प्राप्त अनुदान रकम यसै प्रदेशको कामका लागि प्रयोग भएको हुनाले प्रदेशकै बजेटमा जोडिनु पर्ने हो । ती रकमलाई छोडेर बजेट प्रस्तुत गर्नु भनेको मन्त्री र कर्मचारीको अपरिपक्वता वा परम्परागत अभ्यासलाई तोड्ने कार्य हो ।

यादवले थप्दै भने 'यदि यो बजेट पास भयो भने सशर्त अनुदानको रकम कार्यान्वयनमा समस्या आउने निश्चित छ। यसले के देखाउंछ अर्थमन्त्रीले बिना अध्ययन र सल्लाह सुझावको बजेट प्रस्तुत गरेका हो ।'

यस्तै अर्का प्रतिपक्षी दलका सांसद एवं पूर्व अर्थमन्त्री महेश यादवले पनि बजेट रकममा देखिएको हेरफेरले अर्थमन्त्री अपरिक्व र अयोग्य रहेको देखिन्छ भने ।

उनले भने 'देशका अन्य प्रदेश र मधेश प्रदेशको पनि विगतदेखि संघीय सरकारबाट प्राप्त सशर्त अनुदान जोडेर बजेट रकम तोकिने गरिन्छ । तर यस पटक चाहिं त्यो रकम छोडेर प्रस्तुत गरिनु भनेको संसदबाट जस्ताको त्यस्तै पारित भयो भने भोलीको दिनमा ती अनुदान रकम संसदबाट पारित नहुँदा योजना संचालनमा समस्या आउन सक्नेछ ।'

त्यस्तै अर्थ विज्ञ एवं नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा. भोगेन्द्र झाले वास्तवमा भन्ने हो भने बजेटको कूल रकम संघीय सशर्त अनुदान जोडेर आएको रकम नै ४९ अर्ब १३ करोड हो । उनले भने सौद्धान्तिक रुपले यो ठिक्कै हो । यहाँ अर्थसचिवले चलाखी गर्न खोजेको हो । तर व्यवहारिक र संसदीय परम्परागत अभ्यास विपरित र अनुचित हो ।

यता अर्थमन्त्री युवराज भट्टराईले सशर्त अनुदानको रकम संघीय सरकारले पारित गरिसकेको हुनाले एउटै शिर्षकको बजेट पटक पटक पारित गर्नु उचित नभएकाले बजेट कुल रकममा नजोडिएको प्रतिक्रिया दिएका छन् । उनले भने संसदबाट यो शिर्षक पारित नहुनु कुरै आउँदैन सशर्त अनुदान बाहेक भनिसकेपछि त्यसमा जोडनु नै पर्ने औचित्य नरहेको छैन ।

# गाँजा ओसारपसार गर्ने दुई पक्राउ



**टुडे समाचारदाता**

रौतहट । मोटरसाइकलमा गाँजा बोकेर ओसारपसार गर्दै गरेका दुई युवालाई रौतहट प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेकाहरूको साथबाट ५ किलो ५५ ग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटको टोलीले विशेष सूचनाको आधारमा गौर नगरपालिका-४ गढवामा चेकजाँच गर्ने क्रममा स्थानीय २६ वर्षीय राकेश कुमार कुशवाहा र २४ वर्षीय सुनिल कुमार बैठालाई नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार उनीहरू सवार बीआर ०५ एस ६६० ९ नम्बरको सुपर स्प्लेन्डर मोटरसाइकल खानतलासी गर्दा गाँजा फेला परेको थियो। साथै, एक थान मोबाइल फोन र उक्त मोटरसाइकलसमेत प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार पक्राउ परेका दुवै जनामाथि लागुऔषध सम्बन्धी कसुरमा अनुसन्धान अगाडि बढाइएको छ ।

यस प्रकरणमा थप अनुसन्धानका लागि रौतहट जिल्ला अदालतबाट सात दिनको म्याद अनुमति प्राप्त गरी आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

# वन अतिक्रमण हटाउने सूचनामा आपति जनाउने पक्राउ

**टुडे समाचारदाता**

बारा । डिभिजन वन कार्यालय बाराले वनको अतिक्रमण हटाउने सम्बन्धमा सार्वजनिक गरेको सूचनामा सामाजिक सञ्जालमार्फत उत्तेजक तथा आपत्तिजनक टिप्पणी गर्ने एक व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।




डिभिजन वन कार्यालय बाराले केही दिनअघि निजगढ नगरपालिका वडा नं. २ स्थित बनदेवी सामुदायिक वन क्षेत्रभित्र रहेको अतिक्रमित जग्गा खाली गर्न सात दिने सूचना आफ्नो आधिकारिक फेसबुक पेजमार्फत सार्वजनिक गरेको थियो ।

उक्त सूचनामाथि प्रतिक्रिया जनाउँदै निजगढ नगरपालिका वडा नं. ९ निवासी करिब ४६ वर्षीय बद्री प्रसाद बडालले "जसले गरिब जनता उठाउन आउँछ, त्यहाँको जनता एक भएर त्यसको घाँटी छिनाउनुपर्छ" भन्ने आशयको टिप्पणी गरेका थिए। वन कार्यालयले उक्त टिप्पणीलाई सरकारी निकायका कर्मचारी तथा सुरक्षाकर्मीलाई लक्षित गर्दै हिंसा भड्काउने र सार्वजनिक शान्ति सुरक्षामा असर पार्ने खालको अभिव्यक्ति भएको ठहर गर्दै आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय सिमरामा निवेदन दिएको थियो ।

प्रहरीले निवेदन प्राप्त भएपछि अनुसन्धान अगाडि बढाउँदै बडाललाई जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. ३ बजनी क्षेत्रबाट नियन्त्रणमा लिएको जनाएको छ ।

पक्राउपछि गरिएको सोधपुछका क्रममा बडालले आफ्नो टिप्पणीप्रति खेद व्यक्त गर्दै भविष्यमा यस्ता गतिविधि दोहोऱ्याउने नगर्ने प्रतिबद्धता जनाएको प्रहरी स्रोतले जानकारी दिएको छ। इलाका प्रहरी कार्यालय सिमराका अनुसार सामाजिक सञ्जालमा हिंसा भड्काउने, कानून हातमा लिन उक्साउने तथा सार्वजनिक निकायका कर्मचारीलाई धम्की दिने अभिव्यक्ति स्वीकार्य नहुने भन्दै बडाललाई कडा चेतावनी दिइएको छ ।

उनले लिखित रूपमा माफी मागेको र आगामी दिनमा यस्ता गतिविधि नगर्ने प्रतिबद्धता जनाएकाले चेतावनीसहित छाडिएको प्रहरीले जनाएको छ । डिभिजन वन कार्यालय बाराले वन अतिक्रमण नियन्त्रण तथा वन क्षेत्र संरक्षणका लागि कानुनी प्रक्रिया अनुसार अभियान सञ्चालन भइरहेको भन्दै सामाजिक सञ्जालमा जिम्मेवार अभिव्यक्ति दिन सबैलाई आग्रह गरेको बाराका डिभिजनल बन अधिकृत सुजित कुमार झाले जानकारी दिए ।


कार्यालयले सरकारी कामकारबाहीमा अवरोध पुऱ्याउने, कर्मचारी तथा सुरक्षाकर्मीलाई धम्की दिने वा हिंसात्मक गतिविधि उक्साउने कार्य कानूनविपरीत हुने उल्लेख गर्दै यस्ता घटनामा आवश्यक कानुनी कारबाही गरिने बताएका छन् ।वन संरक्षण अभियन्ताहरूले पनि सामाजिक सञ्जालको प्रयोग गर्दा संयमता अपनाउन तथा असहमति भए कानुनी र सभ्य माध्यमबाट आफ्नो धारणा राख्न आग्रह गरेका छन् ।

वन अतिक्रमण हटाउने विषयलाई लिएर विभिन्न स्थानमा बहस भइरहेका बेला सामाजिक सद्भाव र कानुनी शासन कायम राख्न सबै पक्ष जिम्मेवार बन्नुपर्ने सरोकारवालाहरूको भनाइ छ ।

# आफू पढेको निजी विद्यालयमा १५ करोड थप अनुदान

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सरकारका एक मन्त्रीले आफू पढेका एक नीजि स्कूललाई १५करोड रुपैया अनुदान दिएको रहस्य खुलेको छ । प्राप्त जानकारी अनुसार अर्थमन्त्री स्वर्णिम वाग्लेले बूढानीलकण्ठ स्कुललाई १५ करोड रुपियाँ अनुदान दिएको खुलेको छ ।



बजेटमा अनियमितिता भएको चर्चा चलिरहेको बेला मन्त्री वाग्लेले आफैँले पढेको विद्यालयलाई १५ करोड रुपियाँ अनुदान दिएका छन् । मन्त्रीले नियमित अनुदानबाहेक थप १५ करोड ५० लाख रुपियाँ अनुदान रकम विनियोजन गरेको बजेटमा उल्लेख छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयको बजेटमा बूढानीलण्ठ स्कुललाई छात्रवृत्ति अनुदानबापत ६ करोड र थप १५ करोड ५० लाख रुपियाँ उपलब्ध गराउने निर्णय गरेको हो । मन्त्रालय स्रोतका अनुसार मन्त्री वाग्लेले पूर्वविद्यार्थी संगठन र आफू निकट कर्मचारीलाई खुशी पार्न छात्रवृति बाहेक थप १५ करोड रुपियाँ अनुदान स्वरुप उपलब्ध गराएका हुन् ।

आफ्नो हात जगन्नाथ भनेझैं अर्थमन्त्री वाग्लेले आफू पढेकै विद्यालयलाई औचित्यबिना यति धेरै अनुदान दिएको विषयको सर्वत्र आलोचना भइरहेको छ । बजेटमा गण्डकी आवासीय माध्यमिक विद्यालयलाई छात्रवृत्ति अनुदानबापत २ करोड, स्वर्गद्वारी आश्रमलाई ५ लाख, काशी हिन्दु विश्व विद्यालयमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने नेपाली चेयरको सुविधाबापत ६० लाख रुपियाँ बजेट व्यवस्था गरिएको छ ।

मन्त्री वाग्लेले नियम विपरित बूढा निलकण्ठमा आफूअनुकूल मनपरी बजेट व्यवस्था गरेको आरोप लागि रहेको छ । बजेट छलफलका क्रममा मन्त्री वाग्लेले संसद्मा मनपरी बोलेको आरोप पनि लागेको थियो ।

बजेटमा बुटबल र बर्दिबास मेडिकल कलेज पूर्वाधार विकास आयोजना मन्त्रीका लागि ससर्त पुँजीगत अनुदानबापत २५-२५ करोड, सुर्खेत मेडिकल कलेज पूर्वाधार विकास आयोजनाका लागि ३ करोड रुपियाँ विनियोजना गरिएको छ । शिक्षा मन्त्रालयको बजेटमा राष्ट्रिय एन्टिडोपिङ कार्यालय स्थापना गर्न ३४ लाख ५० हजार रुपियाँ उल्लेख छ । साउन १ गतेबाट लागू हुने आर्थिक वर्ष २०८३/०८४ बजेटमा इलेक्ट्रिक थर्मसदेखि हिटर, थर्मस, प्रिन्टरलगायत दर्जन बढी शीर्षकमा बजेट विनियोजन गरिएको छ ।

'अरू सबै विषय सामान्य हो, मन्त्री वाग्ले आफैँले मन्त्रालयमा दबाब दिएर पूर्वविद्यार्थीको हैसियतमा बूढानीलकण्ठ स्कुललाई १५ करोड अनुदान दिनु गम्भीर विषय हो । यो विषयमा सरकार आफैँले सोच्नुपर्ने प्रतिपक्षी दलका नेताहरुको भनाई छ ।

आमागी आर्थिक वर्षको बजेटमार्फत शिक्षा क्षेत्रमा २ खर्ब १८ अर्ब ३० करोड विनियोजन गरिएको छ । विद्यालय तथा उच्च शिक्षाको सुदृढीकरण, शिक्षामा पहुँच विस्तार, गुणस्तर अभिवृद्धि, नवप्रवर्तन तथा सीप विकासको प्रवर्द्धन र शैक्षिक पूर्वाधार सुधारका लागि विभिन्न कार्यक्रम तथा नीतिहरू घोषणा गरिएको छ ।

# इँटाभट्टाको खाल्डोमा डुबेर बालकको मृत्यु



**टुडे समाचारदाता**

रौतहट । रौतहटको बौधीमाई नगरपालिका-६ मा रहेको बलवान इँटा उद्योग नजिकको पानी भरिएको खाडलमा डुबेर एक १० वर्षीय बालकको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार सोमबार दिउँसो करिब १२:४५ बजे स्थानीय दीपेन्द्र राय यादवका छोरा सुप्रित यादव खाडलमा डुबेको अवस्थामा मृत फेला परेका हुन् ।

घटनाको सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय कोपवा पिपरियाबाट प्रहरी टोली घटनास्थल पुगेर आवश्यक सुरक्षा तथा प्रारम्भिक अनुसन्धान सुरु गरेको थियो। उक्त स्थान प्रहरी कार्यालयबाट करिब तीन किलोमिटर पश्चिममा पर्छ ।

पछि जिल्ला प्रहरी कार्यालय रौतहटबाट इन्स्पेक्टर विश्वनाथ यादवको नेतृत्वमा सोको टोली (अनुसन्धान) टोली घटनास्थल पुगेको थियो। टोलीले मुचुल्का उठाउने तथा घटनाको विस्तृत अनुसन्धान गर्ने काम गरिरहेको प्रहरीले जनाएको छ ।

मुचुल्का गरी शव लाई पोष्टमार्टम का लागि प्रादेशिक अस्पताल गौर पठाएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार बालक कसरी खाडलमा पुगे र डुबेर मृत्यु हुन पुग्यो भन्ने विषयमा अनुसन्धान जारी छ ।

स्थानीयवासीका अनुसार इँटाभट्टाका लागि माटो निकाल्न खनिएका खाडलहरू काम सकिएपछि नपुरिँदा वर्षायाममा पानी भरिने गर्छ। यस्ता खुला र असुरक्षित खाडल बालबालिकाका लागि जोखिमपूर्ण बन्दै गएका छन्। पछिल्ला वर्षहरूमा यस्तै खाडलमा डुबेर हुने दुर्घटनाका घटना पनि दोहोरिने गरेका छन्।

स्थानीयहरूले यस्ता खाडल तत्काल पुर्न वा सुरक्षा व्यवस्था गर्न सम्बन्धित निकाय र इँटाभट्टा सञ्चालकहरूको ध्यानाकर्षण गराएका छन् ।

## योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फतरोगप्रतिरोधात्मकक्षमताअभिवृद्धिगरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सर्पदंशको बिरामी बढ्दै

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको जलेश्वरस्थित प्रादेशिक अस्पतालमा सर्पदंश बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । अत्यधिक गर्मीसँगै सर्पको सक्रियता बढेपछि अस्पतालमा दैनिक औसत पाँच जनासम्म बिरामी उपचारका लागि आउने गरेको जनाइएको छ ।

अस्पतालको आकस्मिक कक्षमा कार्यरत स्वास्थ्यकर्मी रामउदित यादवका अनुसार हालका दिनमा विषरहित तथा विषालु दुवै प्रकारका सर्पले डसेका बिरामीहरू उपचारका लागि अस्पताल आउने गरेका छन् । खेतबारी तथा खुला क्षेत्रमा काम गर्ने क्रममा सर्पदंशका घटना बढी देखिएको उनले बताए ।

उनका अनुसार जिल्लामा विषरहित ढोरिया र हरहरा तथा विषालु करेत र गोमन सर्प बढी पाइने गरेका छन्। अधिकांश बिरामी विषरहित सर्पदंशका भए पनि केही गम्भीर




अवस्थाका विषालु सर्पदंशका केसहरू पनि आउने गरेका छन् । अस्पतालको तथ्याङ्कअनुसार गत वैशाखमा २३ जना सर्पदंशका बिरामी उपचारका लागि आएका थिए भने जेठ महिनामा यो संख्या बढेर ५६ पुगेको छ । महोत्तरीका १० नगरपालिका र ५ गाउँपालिकामा गर्मीयामसँगै सर्पदंशको जोखिम उच्च रहने गरेको स्वास्थ्यकर्मीहरूको भनाइ छ । साथै सीमापारी भारतका विभिन्न क्षेत्रबाट समेत बिरामी उपचारका लागि आउने गरेको अस्पतालले जनाएको छ । अस्पताल प्रशासनका अनुसार सर्पदंश उपचारका लागि आवश्यक एन्टिभेनम (विषरोधक औषधि) पर्याप्त मात्रामा उपलब्ध भएकाले उपचारमा समस्या छैन । तर, आइसियु कक्षको अभावका कारण गम्भीर अवस्थाका बिरामीलाई अन्य अस्पतालमा रेफर गर्नुपर्ने बाध्यता रहेको छ ।

स्वास्थ्यकर्मीहरूले गर्मीयाममा विशेष सतर्कता अपनाउन, खेतबारी तथा झाडी क्षेत्रमा काम गर्दा सावधानी अपनाउन र सर्पदंश भएमा ढिलो नगरी अस्पताल पुग्न सर्वसाधारणलाई आग्रह गरेका छन् ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८